मनास्लु ८,१८६ मि.

# आवर्तन
















## हरि सांस्कृतिक केन्द्र, गोरखा

२०४६

# राजेश्वर देवकोटाको साहित्यिक र दार्शनिक व्यक्तित्व

Media:
bandipurnews88.80
Gorkha Radio
Radio Himalaya
Face Book Live
enepalese.com



आयोजक:
नर्थ क्यारोलाइना
नेपाली साहित्य समाज
र
हरि सांस्कृतिक केन्द्र
गोरखा

## विचार गोष्ठी

**Sunday, October 31, 7 PM (Nepal Time) or 9:15 AM (EST)**



केदारनाथ खनाल
- समग्र साहित्य र संस्थामा

बक्ताहरु



विजय राज न्यौपाने
- भिन्न व्यक्तित्व र विशेषता



प्रा डा नारायण प्रसाद खनाल
- कवितामा



डा. टीकाराम आचार्य
- उपन्यासमा दर्शन पक्ष

ZOOM
Meeting ID:
823 5547 7445
Passcode: 694611



डा. ऋषि बस्ताकोटी
सहजकर्ता

ईश्वर देवकोटा
पिताजी प्रति श्रद्धा सुमन



# राजेश्वर देवकोटाका उपन्यासहरू खोजी–खोजी पढौँ




























गणतन्त्रात्मक नेपालको संविधान २०७२ लागु भएपश्चात गण्डकी प्रदेश अन्तर्गत गोरखा जिल्लामा साविक २ न.पा. र ६४ गा.वि.स.को सट्टा २ न.पा., ९ गा.पा. समेत ११ स्थानीय तह

१. गोरखा न.पा.
२. पालुङ्टार न.पा.
३. सुलिकोट गा.पा.
४. अजिरकोट गा.पा.
५ सिरानचोक गा.पा.
६. आरूघाट गा.पा.
७. गण्डकी गा.पा.
८. चुम्नुब्री गा.पा.
९. धार्चे गा.पा.
१०. भिमसेन गा.पा.
११. शहीदलखन गा.पा.

# हरि सांस्कृतिक केन्द्र, गोरखाको

## मुखपत्र : आवर्तन

वर्ष : १० | २०७९ | पाइलो तीन

संस्थापक संरक्षक :

**स्व. राजेश्वर देवकोटा**

सल्लाहकार :

**प्रा.डा. वासुदेव त्रिपाठी**

प्रधान सम्पादक :

**केदारनाथ खनाल**

सम्पादकहरू :

**डा. प्रभा कैनी**

**विजयराज न्यौपाने**

**सुनील अर्याल**

**गीता रेग्मी**

व्यवस्थापकहरू :

**दिलीप देवकोटा**

**विष्णुप्रसाद पोखरेल**

कम्प्युटर :

**जीवननाथ ढुङ्गाना, ९८४५०४६७४४**

मुद्रक :

**क्वालिटी प्रेस**

**भरतपुर–९, बसपार्क, चितवन**

**फोन : ०५६–५९४२०१**

**प्रकाशक:**

**हरि सांस्कृतिक केन्द्र, गोरखा**

**गोरखा नगरपालिकाका–६, शक्तिमार्ग**

सम्पर्क : ९८४५०४५९२८, ९८४६०८९०३३, ९८४६०८८२२५



# शुभ–कामना

इ. ईश्वरचन्द्र देवकोटा

'हरि सांस्कृतिक केन्द्र गोरखा' द्वारा सञ्चालित कुनै पनि कार्यमा केही मन्तव्य प्रकट गर्नुपूर्व परमपूज्य पिता राजेश्वर देवकोटाज्यू र परमपूज्य पितामह हरिभक्त देवकोटाज्यूमा श्रद्धाभक्ति अपर्ण गर्दछु। आफ्ना मान्यजनहरूको महिमागान गर्नु त्यति शोभनीय नहोला तथापि पूज्य माता मायादेवी देवकोटाजीको 'हरि सांस्कृतिक केन्द्र गोरखा'को भौतिक उत्थान र केन्द्र दिगो तथा दरिलो होस् भन्ने सदिच्छा तीव्र थियो भन्ने कुरा उल्लेख गर्नु मनासिब ठान्दछु।

वि.सं. २०४६ सालमा स्थापना भएदेखि यस केन्द्रले हाम्रो ऐतिहासिक एवं गौरवमय जिल्ला गोरखासँग सम्बन्धित स्रस्टाहरूका साहित्यिक रचनाहरू प्रकाशन गर्नुका साथै २०४८ सालदेखि नै अविछिन्नरूपमा 'हरि उत्कृष्ठ प्रतिभा पुरस्कार' प्रदान गर्दै आएको हो । गोरखा जिल्लाका अन्तर मा.वि. स्तरका विद्यार्थी माझ निबन्ध, कथा, कविता, वक्तृत्वकला आदि साहित्यिक प्रतियोगिताहरूको पनि आयोजना गराउँदै आएको हो । विश्व नै कोरोना महामारीको चपेटामा परेको कारण नियमित रूपमा सञ्चालित कार्यक्रमहरू अवरुद्ध हुन पुगेकामा दुःख लागेको छ।

वि.सं. २०७१ देखि २०७४ सालसम्म चार वर्षका 'हरि उत्कृष्ट प्रतिभा' का पुरस्कृत कृतिहरू **हिमाल पारी** महाकाव्य, **आँधी** कवितासङ्ग्रह, **कङ्गो र इथोपियाको सेरोफेरो** र **माल्भा** नियात्रासङ्ग्रह र **आरोहण** महाकाव्य हुन्। भाषा र साहित्यमा सेवामा योगदान पुऱ्याउनु हुने सम्मानित साहित्यकारहरू डा. फणीन्द्रराज देवकोटा 'श्रमजीवी यात्री' ज्यू, श्री सीताराम अधिकारीज्यू, श्री नगेन्द्र न्यौपानेज्यू, श्री राजेन्द्रप्रसाद अर्यालज्यू एवं कवि त्रयोदशलाई पुनः बधाई ज्ञापन गर्दछु।

'हरि सांस्कृतिक केन्द्र गोरखा' का अध्यक्ष श्री केदारनाथ खनालज्यूले रचना गर्नुभएको काव्य **ताक्लुङको मधुरिमा** पिताजीको ९२औँ जन्मजयन्ती २०७७।०६।२३ का अवसरमा यस केन्द्रबाट प्रकाशन भएकोमा हृदयतः प्रशंसा गर्दछु।

२०७८ साल माघ २३ गते श्रीपञ्चमीको पावन अवसरमा कृति विमोचन तथा पुरस्कार प्रदान गर्ने निर्णय भए पनि कोरोनाको कारण स्थगित गरिएको २०७५, २०७६, २०७७ र २०७८ सालको 'हरि उत्कृष्ट प्रतिभा पुरस्कार' कृति लोकार्पण

सहित २०७९ जेष्ठ २८ गते केन्द्रको आफ्नै भवन गोरखामा अर्पण गरिने व्यहोरा समेत अवगत गराउँदै सम्मानित हुनुहुने सबै स्रष्टाहरूलाई बधाई तथा शुभकामना ज्ञापन गर्दछु।

डा. टीकाराम आचार्य 'आरुणि' को **राजेश्वर देवकोटाको उपन्यासमा साङ्ख्यदर्शन (शोधपरक समालोचना)** र प्रा.डा. नारायणप्रसाद खनालद्वारा संस्कृत भाषामा संरचित **राजेश्वर काव्यम् (जीवनी सम्बलितम्)** का साथै 'हरि सांस्कृतिक केन्द्र गोरखा' का अध्यक्ष एवं प्रधान सम्पादक श्री केदारनाथ खनालज्यू समेतले सम्पादन गर्नु भएको **राजेश्वर देवकोटा स्मृतिग्रन्थ** र केन्द्रको मुखपत्र **आवर्तन** तेस्रो पाइलो समेत लोकार्पण हुन लागेकोमा हर्ष व्यक्त गर्दै सम्बन्धित स्रष्टाहरू सबैलाई हार्दिक बधाई ज्ञापन गर्दछु। मलाई लाग्छ यी कृतिहरू वहाँहरूका अथक मेहनतबाट सिर्जित विशिष्ट बौद्धिक सम्पति हुन्। अध्यक्षज्यूको निरन्तर लगाव मैले प्रत्यक्ष मनन गरेको छु। वहाँलाई हृदयदेखि धन्यवाद ज्ञापन गर्दछु।

हरि सांस्कृतिक केन्द्र परिवारका सम्पूर्ण सदस्यहरूसहित यस केन्द्रलाई शैशवकालदेखि नै निरन्तर स्नेह, संरक्षण प्रदान गर्नुहुने आदरणीय प्रा.डा. वासुदेव त्रिपाठीज्यूप्रति कृतज्ञता ज्ञापन गर्दछु। संस्थाको उत्तरोत्तर प्रगतिको निम्ति मङ्गलमय कामना व्यक्त गर्दछु।

●●●

# हार्दिक श्रद्धाञ्जली

**जन्म :**
**सन् १९५३, जुलाई २३**



**स्वर्गारोहण :**
**सन् २०२२, मई १**

समाजसेवी एवं साहित्यानुरागी **हरि सांस्कृतिक केन्द्र, गोरखा**का कार्यसमितिका सदस्य **श्री ईश्वरीप्रसाद मरहट्टा**ज्यूको असामयिक निधनले सिङ्गो संस्था स्तब्ध एवं मर्माहत भएको छ। दुःखको यस घडीमा शोकसंतप्त परिवारजनमा **हार्दिक समवेदना** व्यक्त गर्दै दिवङ्गत आत्माको चिरशान्तिका निम्ति **भावपूर्ण श्रद्धाञ्जली** अर्पण गर्दछौं।

**हरि सांस्कृतिक केन्द्र-गोरखा, परिवार**

२०७८ वैशाख २९

# प्रकाशकीय/सम्पादकीय

- महामारीको रूपमा विश्वव्यापी फैलिएको 'कोभिड-१९' को कहरले प्रत्यक्ष वा परोक्षरूपमा सबैलाई गाँज्यो, कसैलाई छोडेन । हालसम्म नेपालबाट मात्रै करिव बाह्रहजार आत्मीयजनलाई हामीबाट निर्दयतापूर्वक खोसेर लगिसकेको छ । अब फेरि स्वरूप बदलेर तेस्रो भेरियन्ट 'ओमिक्रोन' मुख बाएर आउँदैछ भन्ने त्रासदीपूर्ण कटुवालीले मानवजगत् भयभीत छ । कतिबेला कोको, केके हुने हो ? सबै त्राहिमाम् छौँ । लकडाउन, पसल, चोक, गल्ली, सडक, आवागमन सब बन्द हुँदा मुलुक निस्प्राणझैँ भयो । भेला, गोष्ठी, सभा, सेमिनार गर्न निषेधको चपेटाबाट उम्कन हरि सांस्कृतिक केन्द्र पनि सकेन । परिणामतः विगत तीन-चार वर्षदेखि केन्द्रको नियमित साहित्यिक गतिविधिहरू हुन नसकेकोमा दुःखी छौँ ।
- संस्थापक संरक्षक श्री राजेश्वर देवकोटाले २०७२ साल साउन २५ गते नश्वर चोला त्याग्नुभयो भने त्यसको वर्ष दिन पुग्न नपाउँदै संस्थापक अध्यक्ष श्री मोहननारायण श्रेष्ठले पनि २०७३ साल असार २१ गते हामीलाई छोडेर महाप्रस्थान गर्नुभयो । अभिभावकविहीन विचलित अवस्थाका हामीलाई सम्बल प्रदान गर्न, संस्थालाई जीवन्तता दिन उत्तराधिकारी संरक्षकहरू डा. जगदीश्वर देवकोटा, इ. ईश्वरचन्द्र देवकोटा र श्री सलिल देवकोटाको समुपस्थितिमा २०७४ साल फागुन १० गते कार्यसमिति पुनर्गठन भएको छ । बेलाबेला, समय सन्दर्भमा कार्यसमितिको बैठक हुँदै आएको छ र संस्थाको लेखापरीक्षाण, वार्षिक रूपमा नवीकरण गर्नेजस्ता नियमित औपचारिक कार्यहरू सम्पन्न हुँदै आएका छन् । संस्थाको विधान समयसापेक्ष संशोधन (अद्यावधिक) गर्ने कार्य भैरहेको छ ।
- वर्षैभरि गतिविधि शिथिल भएको अवस्थालाई दृष्टिगत गरी यस केन्द्रका संस्थापकको ९२औँ जन्मजयन्तीको अवसर (२०७७ साल असोज २३ गते) मा अध्यक्ष केदारनाथ खनालको **ताक्लुङको मधुरिमा** काव्यकृति प्रकाशन गरेर श्रद्धासुमन अर्पण गरियो ।
- गत ३१ अक्टोबर २०२१ (१४ कार्तिक २०७८) का दिन अमेरिकास्थित नर्थक्यारोलाइना नेपाली साहित्य समाजको आयोजनामा र हरि सांस्कृतिक

केन्द्र गोरखाको सह-आयोजनामा जूम प्रविधिबाट **'राजेश्वर देवकोटाको साहित्यिक र दार्शनिक व्यक्तित्व'** शीर्षकमा अन्तर्राष्ट्रियस्तरको गोष्ठी सम्पन्न भयो । करिव चार घण्टा चलेको सो गोष्ठीमा अमेरिकाका विभिन्न राज्यहरू र क्यानाडा, फ्रान्स, बेलायतका साथै नेपालका काठमाडौँ, पोखरा, गोरखा, चितवनका विशिष्ट साहित्यकारहरूको सहभागितामा सम्पन्न भएको थियो । सो गोष्ठीमा देवकोटाको साहित्यिक र दार्शनिक व्यक्तित्वका साथै उहाँको व्यक्तित्वका विविध पाटामा प्रकाश पारिएको थियो ।


- श्रीपञ्चमी-२०७८ को अवसरमा डा. टीकाराम आचार्य 'आरुणि' ले 'राजेश्वर देवकोटाको उपन्यासमा साङ्ख्यदर्शन' शीर्षकमा विद्यावारिधि गर्नुभएको शोधपरक समालाचना कृति यस केन्द्रको सातौँ मालाको रूपमा प्रकाशन गर्ने निर्णय गर्नुका साथै पूर्व योजनाअनुसार प्रकाशनाधीन बहुप्रतीक्षित **राजेश्वर स्मृतिग्रन्थ**समेत प्रकाशन गरी केन्द्रका संस्थापकमा समर्पण एवं भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्ने निर्णय भए पनि कोरोना कहरका कारण सो मितिमा स्थगित भएका कार्यक्रम संस्थापक संरक्षकका उत्तराधिकारी इ. ईश्वरचन्द्र देवकोटाको समुपस्थितिमा २०७९ जेष्ठ २९ गते संस्थाको आफ्नै भवन, गोरखामा सम्पन्न गर्ने सोच बनाएका छौँ ।
- सोही समारोहमा हरिप्रसाद सोडारीको सम्पादनमा प्रकाशित **अनेकौँका दृष्टिमा राष्ट्र निर्माता** ग्रन्थ र मुना धितालको **आत्म सलिल** महाकाव्यलाई २०७५/२०७६ सालको तथा गौरी देवकोटा दाहालको **प्रतिरोध** कवितासङ्ग्रहलाई २०७७ साल र डा. टीकाराम आचार्य 'आरुणि'को **राजेश्वर देवकोटाका उपन्यासमा साङ्ख्य दर्शन** (शोधपरक समालोचना) लाई हरि उत्कृष्ट प्रतिभा पुरस्कार-२०७८ द्वारा सम्मान गरिने निर्णय भएको छ ।
- पालुङ्टार नगरपालिकाले आफ्नो क्षेत्रका आधारभूत विद्यालयका कक्षा ७ को **स्थानीय पाठ्यक्रममा 'हरि सांस्कृतिक केन्द्र गोरखा'** लाई समावेश गरेकोमा सहर्ष आभार प्रकट गर्दछौँ ।
- आ-आफ्नो लेख, रचना उपलब्ध गराई **आवर्तन**को तेस्रो पाइलो यो कलेवरमा प्रस्तुत गर्न सहयोग गर्नुहुने सबैप्रति आभार प्रकट गर्दछौँ । कोरोना कहरका कारण पौष्टिक आहारविना ख्याउटे भएको छ यो अङ्क, कमी-कमजोरी र त्रुटिप्रति क्षमायाचना गर्दै सकारात्मक सुझावको अपेक्षा गर्दछौँ ।

●●●

# यसभित्र......

**प्रकाशकीय/सम्पादकीय**
**स्वागत एवं कार्यक्रममाथि सङ्क्षिप्त प्रकाश**
केदारनाथ खनाल **१**
**आलोकका स्रोत हुन्**
सीताराम अधिकारी **५**
**पुरस्कृत प्रतिभाको मन्तव्य**
डा. फणीन्द्रराज देवकोटा **६**
**ठूलाघरका ठूला बाबु : राजेश्वर देवकोटा र अन्तिम उद्गार**
विजयराज न्यौपाने **८**
**'हिमालपारि' महाकाव्यको सङ्क्षिप्त काव्यिक विशेषता**
प्रा. कपिल अज्ञात **१३**
**पुरस्कृत कृतिका बारेमा**
गीता रेग्मी **१७**
**राजेश्वर देवकोटाप्रति श्रद्धाञ्जली**
प्रा.डा. ऋषिराम पोखरेल **२०**
**एक नजर गोरखा वाङ्मयको संयुक्ताङ्कमाथि**
प्रा.डा. नारायणप्रसाद खनाल **२१**
**राजेश्वरका उपन्यासमा साङ्ख्यदर्शन किन खोजें ?**
डा. टीकाराम आचार्य 'आरुणि' **२५**
**राजेश्वर देवकोटाको साहित्यिक र दार्शनिक व्यक्तित्वमाथि परिचर्चा**
जूम गोष्ठी **२९**
**मैले चिनेका राजेश्वर देवकोटा**
तुलसीप्रसाद न्यौपाने **३५**
**स्थानीय पाठ्यक्रममा 'हरि सांस्कृतिक केन्द्रको प्रविष्टि'**
भरत निरौला **३७**
**जूम गोष्ठीमा वाचन गरिएका ...**
उमा शर्मा **३८**
**हरि सांस्कृतिक केन्द्र विगत र वर्तमान**
सुनील अर्याल **४३**
**मदन पुरस्कार विजेता दुई गोरखाली ...**
नारायणप्रसाद खनाल **४६**
**गोर्खाली स्रष्टा सुरेश भट्टका एकैपटक पाँच पुस्तक**
हिरण्यगर्भः **४८**

# स्वागत मन्तव्य एवं कार्यक्रममाथि सङ्क्षिप्त प्रकाश



श्रीपञ्चमी, २०७४

– *केदारनाथ खनाल*
अध्यक्ष

स्रष्टा सम्मान एवं पुरस्कार समर्पण समारोहमा हरि सांस्कृतिक केन्द्रको निमन्त्रणामा पाल्नु भएका आदरणीय अतिथिगण, सम्मानित हुनुहुने प्रतिभाहरू, पत्रकार बन्धुहरू, समुपस्थित यहाँहरू सबैलाई हार्दिक स्वागत अभिवादन गर्दछु, हरि सांस्कृतिक केन्द्र गोरखाको तर्फबाट।

यो संस्था राष्ट्रभक्त, भाषा–संस्कृतिभक्त, पितृभक्त, विशिष्ट चिन्तक, साहित्यकार एवं राजनीतिज्ञ राजेश्वर देवकोटाले आफ्ना पिता पं. हरिभक्त देवकोटाको पुण्यस्मृतिमा २०४६ सालमा स्थापना गर्नु भएको हो । पं. हरिभक्त देवकोटा (१९६६–२०११) गुरुकुलीय विद्वान्, पौराणिक गुरु र शारदाकालीन कवि हुनुहुन्थ्यो। राजेश्वरजीले आफ्नो उपन्यास कृति **उत्सर्ग प्रेम**का लागि २०४४ सालमा पाएको मदन पुरस्कारको राशि रु. ५०,०००।– र **पूर्वकथा** उपन्यासका लागि साझा पुरस्कार (२०४३) बाट प्राप्त रकमका साथै अन्य रकमसमेत थपेर अक्षयकोष राखी जिल्ला प्रशासन कार्यालय गोरखामा संस्था दर्ता भएको हो । संस्थालाई जीवन्तता दिन उहाँकी श्रीमती मायादेवी, भाइ भुवनेश्वर, भतिजा सलिल देवकोटा, छोरा ईश्वरचन्द्र देवकोटाहरूसमेत परिवारजनको महत्त्वपूर्ण योगदान हुँदै आएको छ। गोरखा नगरपालिका–६, शक्तिमार्गस्थित संस्थाको यो भवन श्रीमती मायादेवी देवकोटाले आफ्नै जग्गामा निर्माण गरिदिनु भएको हो। तला थपेर पुस्तकालय, अध्ययन केन्द्र सञ्चालन गर्ने योजना छ।

गोरखाली स्रष्टा वा गोरखाको बारेमा लेखिएका कृतिलाई यो संस्थाबाट २०४८ सालदेखि नियमित रूपमा पुरस्कार प्रदान गर्ने, स्रष्टा सम्मान गर्ने, पाण्डुलिपि प्रकाशन गर्ने कार्य हुँदै आएको छ । धर्मपत्नी मायादेवी ब्रह्मलीन हुनुभएपश्चात् २०६७ साल फागुन २० देखि विधुर जीवन बिताइरहनु भएका संस्थापक राजेश्वरजी जनै खटिराको निहुँले अचानक २०७२ साउन २५ गते ब्रह्मलीन हुनुभयो। संस्थापक अध्यक्ष मोहननारायण श्रेष्ठ पनि २०७३ असार २१ गते बित्नुभयो। यस्तै–यस्तै दुःखद परिस्थिति र विविध प्राविधिक कारणवश २०७१ देखि २०७४ सालसम्मको रोकिएको पुरस्कार आज २०७४ साल श्रीपञ्चमीको पावन दिनको अवसरमा प्रदान गरिँदै छ।

गत मिति २०७४।११।१० गते संस्थाको कार्यसमिति पुनर्गठन भएको छ । पुनर्गठित कार्यसमिति निम्नानुसार रहेको छ :

| | |
|---|---|
| अध्यक्ष | : श्री केदारनाथ खनाल |
| उपाध्यक्ष | : डा. प्रभा कैनी |
| उपाध्यक्ष | : श्री दिलीप देवकोटा |
| सचिव | : श्री सुनील अर्याल |
| कोषाध्यक्ष | : श्री सलिल देवकोटा |
| सदस्यहरू | : श्री विजयराज न्यौपाने |
| | : श्री गीता रेग्मी |
| | : श्री ईश्वरीप्रसाद मरहट्टा |
| | : श्री विष्णुप्रसाद पोखेल |

यस संस्थाबाट संस्थापक **राजेश्वर देवकोटा स्मृति ग्रन्थ** प्रकाशन गर्न हामी जुटेका छौँ। यहाँहरूबाट उहाँका व्यक्तित्व र कृतित्वसम्बन्धमा लेख–रचना उपलब्ध गराइदिनुहुन समेत अनुरोध गर्दछु।

यस संस्थाका सल्लाहकार प्रा.डा. वासुदेव त्रिपाठी प्रमुख अतिथि हुनुहुन्छ। उहाँ ढिलो आइपुग्ने सम्भावना भएकाले र समयमैं कार्यक्रम सकेर काठमाडौँ, चितवन जानुपर्ने भएको हुँदा पहिलो सत्रको कार्यक्रम अब हामी सुरु गर्दैछौँ।

श्री राजेश्वर देवकोटाले २०१२ सालमा **शारदा** पत्रिकामा **रम्घातिर** निबन्ध प्रकाशन गरेर साहित्यिक यात्रा सुरु गर्नु भएको र २०१४ सालमा **शाही भोज** (निबन्धसङ्ग्रह) प्रकाशन गरेर नेपाली साहित्यमा दह्रो पाइला चाल्नुभएको हो । सुरुमा उहाँले जनकलाल शर्मासँगको सहलेखनमा पाठ्यपुस्तकहरू : **नेपाली साहित्य** (भाग १ देखि ८ सम्म) लेख्नुभयो। **नेपाली व्याकरण** (२०१७ र २०१९) र **नेपाली निबन्धावली** (२०१९) आदि रहेका छन् भने आठवटा उपन्यास, निबन्ध, कथा, कविता, जीवनी, आत्मकथा, व्याकरण समेत विविध विधाका साहित्यिक र साहित्येतर गरी दुई दर्जनजति कृति प्रकाशित छन्।

उहाँले त्रिशक्तिपट्ट प्रथम, भानुभक्त पुरस्कार, मदन पुरस्कार, साझा पुरस्कार, बालचन्द्र पुरस्कारलगायत थुप्रै विभूषण, पुरस्कार, सम्मानहरू प्राप्त गर्नुभएको थियो।

आज यस संस्थाबाट प्रदान गर्न लागिएका पुरस्कारहरू निम्नानुसार रहेका छन् :

**(१) हरि उत्कृष्ठ प्रतिभा पुरस्कार २०७१ का लागि**

डा. फणीन्द्रराज देवकोटाको **हिमालपारि** महाकाव्य
(स्रष्टाको जन्म : वि.सं. २०२५ असार १५ गते, हाल कुन्दुरटार, गोरखा)
ठेगाना : लिगलिग, राउतेपानी
योग्यता : एम.एस्सी. कृषि र एम.ए.आर.डि, पि.एचडी. ग्रामीण विकास, त्रि.वि. २०६९)

पुरस्कृत कृति **हिमालपारि** पर्यटकीय दृष्टिले अत्यन्त महत्त्वपूर्ण; गण्डकी, धवलागिरी अञ्चलका उच्च पहाडी भूभाग मनाङ, मुस्ताङको पहाडी सौन्दर्य–प्राकृतिक वर्णन, महत्त्वपूर्ण जडीबुटी, वनस्पति, बुद्धदर्शनसँग सम्बन्धित – त्रिरत्नसिद्धि दर्शन, पञ्चशीलसिद्धि दर्शन, हिमाली भेगका गुम्बा, गुफा, मानेघर, आनी–ढावा, भिक्षुक आदि वर्णन छन्।

मनाङ जिल्लालाई केन्द्रविन्दु बनाएर रचिएको यो भीमकाय ग्रन्थमा त्यस क्षेत्रको सचित्र, भूगोल, इतिहास, धर्म, संस्कृति, रहन–सहन, कृषि, पर्यटन, वाणिज्य, व्यवसाय, सामाजिक विशेषता, प्राकृतिक सौन्दर्य, जीवनको जटिलता समेटिएको छ । संसारकै सर्वोच्च शिखर सगरमाथा मात्र हैन विश्वकै सर्वोच्च शिखरमा अवस्थित तिलिचो ताल, थोराङला पासको रोमाञ्चक वर्णन र मुख्यधाम मुक्तिनाथ, कागवेनीको वर्णन छ। २७ सर्ग र १४२० श्लोक भएको यस महाकाव्यमा लोकलय, शार्दूलविक्रीडित, शिखरिणी, मालिनी, शालिनी, भुजङ्गप्रयात, मन्दाक्रान्ता, अनुष्टुप, स्रग्विणी, शशिवदना, इन्द्रवज्रा, मणिमाला आदि शास्त्रीय छन्दमा यो काव्य संरचित छ।

**(२) हरि उत्कृष्ठ प्रतिभा पुरस्कार २०७२ का लागि**

श्री सीताराम अधिकारी (२००२), हंसपुर–१, गोरखा

**आँधी** (कवितासङ्ग्रह) समेत

**कृतिकार र कृति** : अङ्ग्रेजी साहित्यका प्राध्यापक श्री अधिकारी २०३३ सालदेखि २०४७ सालसम्म २० वटा कृतिका रचयिता हुनुहुन्छ। **अङ्ग्रेजी–नेपाली शब्दकोष**, **व्याकरण लेखन** र आठवटा अनूदित कृतिका साथै नेपाली भाषामा निबन्ध, उपन्यासलगायत दर्जनौँ छन्देली काव्य–कृतिका सर्जक सीतारामजीका **आँधी** (कवितासङ्ग्रह) मा ४६ वटा कविताहरू सङ्कलित छन्। कविले यस सङ्ग्रहमा आफ्नै जिल्लाका प्रसिद्ध तीर्थस्थल **मनकामना**, **अखण्ड गोरखा**, **छहरो**, **सौदामिनी**, **होली**, **धर्ती**, **मान्छेको खोजी**, **कवि**, **बृद्धा**, **नयाँसडक**, **बेखबर**, **कहाँ छ युवा खै**?, **आँधी** आदि छन्देली कविताका माध्यमबाट देशप्रेम, राष्ट्रभाव, प्रकृतिचित्रण, मानवता, वृद्धवृद्धाप्रति र भानुभक्त, बी.पी., महाकवि देवकोटाप्रति श्रद्धाभाव व्यक्त छ।

**(३) हरि उत्कृष्ठ प्रतिभा पुरस्कार २०७३ का लागि**

(क) श्री राजेन्द्रप्रसाद अर्यालको **माल्भा** (नियात्रासङ्ग्रह) पोखरीथोक बजार र गोरखा नगरपालिका

(ख) श्री नगेन्द्र न्यौपानेको **कङ्गो र इथियोपियाको सेरोफेरो** (यात्रासंस्मरण), लुइँटेल, गोरखा

दुवै कृतिलाई संयुक्त रूपमा पुरस्कृत गरिने छ।

**कृतिकार र कृति** : श्री न्यौपानेजीको औपन्यासिक प्रकृतिको यात्रा संस्मरणमा कङ्गोसम्बन्धी १७ वटा र इथियोपियाका २१ वटा चाखिला, सुन्दर र महत्त्वपूर्ण यात्रासंस्मरण छन् । यी दुवै अफ्रिकी मुलुकको भ्रमणको अनुभवले नेपालको द्वन्द्व व्यवस्थापनपछिको मुलुकको अवस्थालाई महत्त्वपूर्ण उपलब्धि हुनेछ।

**(४) हरि उत्कृष्ठ पुरस्कार २०७४ का लागि**

कवि त्रयोदशको **आरोहण** (महाकाव्य) प्रा. गोपीकृष्ण शर्मा, प्रा. राजेन्द्र सुवेदी, श्री भुवनहरि सिग्देल, श्री ठाकुर शर्मा भण्डारी, श्री श्रीहरि फुयाँल, श्री प्रकाश चापागाईँ, श्री जीवन अधिकारी, श्री नारायणप्रसाद पोखरेल, डा. रामप्रसाद ज्ञवाली, डा. लेखप्रसाद निरौला, डा. देवी नेपाल, श्री रमेश शुभेच्छुक, श्री नारायण निरासीसमेत आ–आफ्ना क्षेत्रमा ख्यातिप्राप्त तेह्रजना कवि–साहित्यकारहरूद्वारा २० सर्ग र २०सै छन्दमा संरचित संयुक्त महाकाव्य **आरोहण** गोरखा र खासगरी मसेलको भूपरिवेशलाई आधारविन्दु बनाएर तयार पारिएको सामूहिक प्रयासको नवीनतम बेजोड प्रस्तुति हो। मसेलका द्वितीय विश्वयुद्धका लडाकु जसवीर एउटा खुट्टा विदेशका लागि विदेशको भूमिमा गुमाएर स्वदेश फर्केका, छोरा गणेश जन्मेको र उसको जयन्त छोरा–छोरी उषा हुन्छन् । जयन्तले कृषि पढेका र उषा नर्स बनेका छन् । जयन्तले पारुकासँग विवाह गरेका छन् । यो महाकाव्य जयन्त र पारुकाको पौरखको कहानी हो साथै २०७२ सालमा गोरखाको वारपाकलाई केन्द्रविन्दु बनाएर गएको महाभूकम्पले पारेको तहस–नहस, वारपाक, लाप्राक, मसेल क्षेत्रको महाविनाशको कहालीलाग्दो कारुणिक कथा हो। प्रकृतिले विनाश गरे पनि मानिसले हार खानु हुँदैन, ऊसँगै लडेर, भिडेर, जितेर, सङ्घर्ष गरेर जीवन जिउनु पर्छ, आशावादी हुनुपर्छ, सङ्घर्षशील मान्छेले अद्यावधि जीवन बिताइरहेका छन् भन्ने सन्देश छ। यसमा २०७२ सालको भूकम्पले पारेको त्यहाँको प्राकृतिक विपतको एउटा ज्वलन्त चित्रण छ। भूकम्पको असरलाई हामी सबै नेपालीले आ–आफ्नो क्षमताअनुसार भोगेका/झेलेका छौँ। गोरखालीहरूले अझ बढी झेले, जो मानवीय क्षमताभन्दा माथिको प्राकृतिक विपद हो। यसैलाई मुख्य प्रतिपाद्य विषय बनाएर रचित नेपाली महाकाव्य जगत्‌मा नवीनतम र अनुपम उपलब्धि हो – **आरोहण** महाकाव्य।

बाँकी गीता रेग्मीबाट (पृ. १७) मा।

अन्त्यमा, हाम्रो आमन्त्रणलाई स्वीकारी पाल्नुभएका प्रमुख अतिथिज्यू, सम्मानित कवि, साहित्यकारज्यूहरू, पुरस्कृत भाइबहिनीहरू एवं आमन्त्रित अतिथि सबैमा यथोचित नमन एवं हार्दिक स्वागत अभिवादन।

●●●

# आलोकका स्रोत हुन्



–सीताराम अधिकारी

विद्वान् सर्जक देशका मणिहरू आलोकका स्रोत हुन्
प्यूँदै ज्ञान-रसादि निर्झरसरि स्वाधीन ती बग्दछन् ।
कालो बादल होस् परोस् कि असिना निर्भीक हुन्छन् सधैँ
यात्रा सर्जनको निरन्तर गरी आनन्द लिन्छन् तिनै ।।१।।

हार्दैनन् कहिल्यै प्रशस्ति तिनको गाइन्छ ताली दिँदै
तालीमा पनि हुन्छ तृप्ति मनको पाइन्न गाली कतै ।
मीठा लेख र काव्यका रचयिता हुन् प्राण ती विश्वकै
छन् जीवन्त तिनै वसन्त-वनमा सङ्गीत बर्साउँदै ।।२।।

गर्जेला निठुरी निरङ्कुश बली त्यो हिट्लरी तालमा
भाग्दैनन् कहिल्यै यी सर्जकहरू लड्छन् डटी युद्धमा ।
रोप्छन् अक्षरका अजम्मर बिउ स्वाधीन उम्री तिनै
झाङ्गिन्छन् लहरा वसन्त ऋतुमा ढाकेर सारा वनै ।।३।।

लिन्छन् ती मधु-मक्षिका मह बनी सत्फूल रोजी चुसी
गर्छन् सञ्चय घारमा अथक ती पारेर रानी खुसी ।
मीठो औषधीको महत्त्व छ अहं खोजिन्छ चारैतिर
मेधावी मनले निरन्तर पिई हुन्छन् तिनै निर्जर ।।४।।

छन् ती लेखक काव्यकार कृतिमा जीवन्त शब्दार्थले
गर्नेछन् पछि सम्झना युगयुगौँ सन्तानले प्राज्ञले ।
भेटिन्नन् पिँजरा जरा सुकिसक्यो आत्मा बने अक्षर
ती राजेश्वर पूर्ण ब्राह्मणहरू हुन् ग्रन्थका निर्झर ।।५।।

●●●

# पुरस्कृत प्रतिभाको मन्तव्य



–डा. फणीन्द्रराज देवकोटा

यस गरिमामय समारोहकाश्रद्धेय सभापति एवं हरि सांस्कृतिक केन्द्रका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अन्य अतिथिज्यूहरू, आदरणीय गुरुहरू, केन्द्रका सदस्यज्यूहरू, साहित्य, कला, संस्कृति, पत्रकारिता, समाजसेवा, राष्ट्रसेवा, अध्यापन, अध्ययन, अनुसन्धानलगायत विविध क्षेत्रका साधक तथा श्रद्धेय महानुभावहरू सम्पूर्णमा म सादर हार्दिक नमन गर्दछु।

यस गरिमामय समारोहबाट **हिमालपारि महाकाव्य** पुरस्कृत हुँदा, लागिरहेछ – यो धर्तीको विराट् प्रतिमा, हिमालय पर्वत सम्मानित भइरहेछ। हामीलाई जीवन दिने माटो–पानी र समस्त प्राकृतिक–सांस्कृतिक सम्पदा सम्मानित भएका छन्। अनि, हिमवत् यात्राका अनुरागीहरू पुरस्कृत भएका छन्। मैले त यात्राका केही दृश्य र परिवेशलाई संयोजनमात्र गरेको हुँ। तसर्थ, म यसको निमित्त पात्र मात्र हुँ।

एउटी माताले सन्तान पर हुँदा पनि हृदयमा सन्तानको अविच्छिन्न स्नेह सँगालेकी हुन्छिन्। त्यस्तै अहिले मलाई आफू जन्मे–हुर्केकै माटोमा, अगाध मातृस्नेह प्राप्तिको आभास भैरहेछ। यो पुरस्कारका माध्यमबाट मभित्र प्रायः सुसुप्त रहने 'म' तत्त्वलाई घच्घच्याएर उठाइएको मात्र छैन, जिम्मेवार भएर कर्मपथमा अघि बढ्न ऊर्जा प्रदान भएको छ।

यतिखेर मैले सम्झिरहेछु – बुवाले जीवनका उकाली–ओरालीहरूसँग सङ्घर्ष गर्दै, नीति श्लोकका कविता–काव्यहरू मिष्ट छन्दलयमा गाउँदै, अक्षरहरू लेख्न–पढ्न सिकाउनुभएको। श्रद्धेय गुरुहरूद्वारा माटोको महिमा पढाइएको, सिकाइएको अनि सम्झन्छु सानै उमेरमा पितृवियोगको पीडा र विह्वल आमाबाट हामी अनाथ सन्तानलाई नै आफ्नो जीवनभन्दा मूल्यवान् सम्झेर नदीका भेलहरूसँग जुझ्दै अमृतधारा पिलाएर हुर्काइएको, जीवनगतिमा अघि बढाइएको। साँच्चै, कति ऋणी हुन्छौँ हामी माता र माटोप्रति ! आज यस्तै जिम्मेवारी र कर्तव्यबोधको अनुभूति भैरहेको छ।

पेसाले म एक कृषि प्राविधिक हुँ। साहित्य मेरो अनुरागको विषयमात्रै हो, विज्ञताको क्षेत्र होइन। यथार्थमा भन्दा लहडी यात्राको उपज र छन्दमा लेख्ने प्रथम प्रयास हो – **हिमालपारि**। कुनै पनि सिर्जनामा विज्ञ पाठकहरूबाट स्नेहप्राप्तिको अपेक्षा त हुन्छ नै। तर, यसमा पुरस्कृत हुने अभिलासा थिएन। त्यस्तो हैसियतको आभास र यत्न पनि थिएन। तथापि, यो कृति पुरस्कृत हुनु मेरो अहोभाग्य हो भने, ममतापूर्वक पुरस्कृत गर्ने प्रेरक संस्था तथा अग्रज साहित्यकारहरूको अहोभाव ! यस अमूल्य प्रेरणाका लागि म हार्दिक कृतज्ञता अर्पण गर्दछु। यो सिर्जना जे–जस्तो छ, यहाँहरूकै सामु छ। यसबारे धेरै उल्लेख गरिरहन आवश्यक ठानिन। आगामी सुधारको अपेक्षा र प्रण गर्दै विज्ञ अग्रजहरूबाट अमूल्य सुझावहरूका लागि सादर हार्दिक निवेदन गर्दछु।

अन्त्यमा, हरि सांस्कृतिक केन्द्र सदा उदीयमान सर्जकहरूको प्रेरणाको स्रोत बन्न सकोस् ! यो केन्द्र नेपाली कला, संस्कृति र साहित्यको श्रीबृद्धि गर्ने कार्यमा अग्रणी भूमिका निर्वाह गर्न सर्वदा सफल रहोस् !

यही हार्दिक शुभकामना प्रकट गर्दछु !

●●●

**निजी खर्चमा सांस्कृतिक केन्द्रको स्थापना**

गोरखा जेठ १२ गते। राष्ट्रिय पंचायतका सदस्य साहित्यकार राजेश्वर देवकोटाले आफ्ना स्वर्गीय पिता हरिभक्त देवकोटाको स्मृतिमा यहाँ हरि सांस्कृतिक केन्द्र स्थापना गर्नु भएको छ।

साहित्य, कला र संगीतको विकास गर्ने उद्देश्यले स्थापित उक्त केन्द्रको संचालनार्थ उहाँले हालै आफूले पाएको पुरस्कार रकमबाट समेत रु. ५८,०००।– (अन्ठाउन्न हजार)को एउटा अक्षयकोष पनि स्थापना गरिदिनु भएको छ।

प्रमुख संस्थापक श्री देवकोटा रहनु भएको उक्त केन्द्रको प्रबन्ध समितिको अध्यक्ष्यमा क्याम्पस प्रमुख मोहन नारायण श्रेष्ठ, सचिवमा कृष्ण प्रसाद देवकोटा, कोषाध्यक्षमा लक्ष्मी प्रसाद शर्मा तथा सदस्यहरूमा टंक न्यौपाने, रामचन्द्र न्यौपाने र प्रमुख जिल्ला अधिकारी पदेन सदस्य हुनुहुन्छ। रासस

गोरखापत्र, जेठ १३

मधुपर्क – २०४९ वैशाख

**सांस्कृतिक केन्द्रको स्थापना**

साहित्यकार एवं राष्ट्रिय पञ्चायतका सदस्य राजेश्वर देवकोटाले आफ्ना स्व. पिता हरिभक्त देवकोटाको स्मृतिमा आफ्नो जिल्ला गोरखामा 'हरि सांस्कृतिक केन्द्र' को स्थापना गर्नुभएको छ। उक्त केन्द्रको उद्देश्य साहित्य, सङ्गीत र कलाको विकास गर्नु रहेको छ र हाल यसको कार्यक्षेत्र गोरखा र गोरखावासी हुने कुरा जनाइएको छ। उक्त केन्द्रले स्व. हरिभक्त स्मृतिमा साहित्यका विविध फाँटमा वर्षेनी हरिपुरस्कार प्रदान गर्ने भएको छ। केन्द्रको सञ्चालन र पुरस्कारको लागि रू. ५८ हजारको कोष केन्द्रलाई प्रदान गरिनाको साथै राजेश्वर देवकोटाले आजीवन लेखनबाट गर्ने आम्दानी सोही केन्द्रलाई प्रदान गरिने पनि ज्ञा भएको छ।

# ठूलाघरका ठूला बाबु : राजेश्वर देवकोटा र अन्तिम उद्गार



–विजयराज न्यौपाने

कतिश्रद्धा, ममतायुक्त बोल - 'ठूलो बाबु' । कति स्नेह र प्यार सिञ्चित शब्दोच्चारण - 'ठूलो बाबु' । मेरो पिताजी (ब. तीर्थराज, बोराङ, लमजुङ) ले उच्चारण गरेको शब्द बोल मेरो दिलमा ऐलेसम्म पनि घन्किरहेको छ । यो शब्द - नादभित्र म राजेश्वर देवकोटा (राजु) को मुहार झल्ल देखिरहेछु । सानामा सुनेको, कति प्रेमले उच्चारित शब्दले खोजेको मुहार र मुहारको प्रभावको अनुभूति गर्न मैले अठार वर्षको उमेर कुर्नुपरेको थियो । हुन त गोरखा, लिगलिग ठूलाघरमा सप्ताह यज्ञ हुँदा छ-सात वर्षे उमेरमा देखेको थिएँ राजेश्वर दाइलाई । पछि एकचोटि पिताजीसँग साहिलीटार लमजुङमा पनि उहाँलाई देखेको थिएँ तर कुनै त्यस्तो विशेष स्मरण छैन । "को अरे ?" । "ए फलाना", सकियो । जब काठमाडौँमा रहेर स्नातक तह पढ्ने तयारीमा थिएँ त्यसपछि भने मैले उहाँलाई चिन्न थालेँ । यसरी चिन्न थालेको भण्डै पचास वर्षअघिदेखि यताको हो । अझै पूर्णरूपमा चिन्न त कति सकूँला ? अहिले म उहाँलाई सम्झँदा - एक स्वाभिमानी सचेत देशप्रेमी, राष्ट्रवादी नेता, महान् साहित्यकार, आफ्नै मौलिक गरिमामा रमाउने र गोता लगाउने अन्वेषकको रूपमा सम्झन्छु । थोरै बोल्ने, धेरै सुन्ने, ओजपूर्ण मुहार र मुस्कानयुक्त प्यार दिन सक्ने महान् व्यक्तित्वको रूपमा म उहाँलाई सम्झन्छु ।श्रद्धाले शिर नुहाउँछु र आदरयुक्त भाव फल वर्षाउँछु ।

म बुढो मामालीको नाताले भाइ थिएँ उहाँको । मेरा पिता तीर्थराज र राजेश्वर दाइका पिता मामाचेला र फुपूचेला थिए । अर्थात् मेरा पिता भानिजभाइ र राजेश्वरका पिता मामाली दाइ ! हेर्दा काटीकुटी दुवै उस्तै हुनुहुन्थ्यो रे । कोचाहिँ बहिदार तीर्थराज र कोचाहिँ पण्डित हरिभक्त छुट्याउन गाह्रो पर्ने । यसै सन्दर्भमा ईश्वरी सापकोटा (वर्ष ८४, लिगलिग) भन्छन्, "एकचोटि गाउँमा शुभकार्य हुँदा पण्डित हरिभक्त (पढाउन गएको ठाउँबाट) गाउँमा आएका छन्, 'मैले देखेको भनेर गाउँलेसँग कुरा गरेछन् तर वास्तवमा आएका बहिदार बाहुन बा पो रहेछन् ।' दुवैले जुँगा पाल्दा, सुरूवाल र कोट लगाउँदा हरिभक्त र तीर्थराज उस्तै देखिन्थे । कतै जानु पर्दा प्रायः दुवै सँगै हुन्थे भन्ने सुनिन्छ ।" यसै सन्दर्भमा दीननाथ न्यौपाने (वर्ष ८५,

धारापानी, दुराडाँडा) भन्छन्, "कहिले पोखरातिरबाट त कहिले तार्कुघाट, बरेटार हुँदै दुवै दाजुहरू (हरि-तीर्थ) सँगै दुराडाँडा झुल्किन्थे" यस्ता भनाइले अनुपम घनिष्टता, प्रेम र एकता 'हरि-तीर्थ'मा रहेको पुष्टि गर्दछ । तर अपसोच हरिभक्तको निधन छिट्टै (४५ वर्षको उमेरमा) हुन गयो । आफ्ना दिलदार दाइको निधनपछि त झन् पिताजीको ठूलो बाबुप्रतिको स्नेह, सद्भाव र प्रेम दईगुना बृद्धि हुन पुग्यो । मैले थाहा पाउँदा पनि वर्षको एक कन्टर घ्यू, कुराउनी पिताजीले राजेश्वर दाइकहाँ पठाउने गरेको याद छ । आफूले सापट लिएको पैसाको ब्याजको रूपमा हो वा प्रेमको ब्याजको रूपमा पठाएको चाल पाउँदैनथेँ । सायद २०३०/०३१ सालदेखि यो परिपाटीमा कमी आयो तर प्रेमको सञ्चार भइरहेको पाउथेँ र त्यसैको निरन्तरताको पनि हो यो लेख । आज राजेश्वर दाइ, लक्ष्मीप्रसाद दाइ नभए पनि अमेरिका रहनुहुने दाइ जगदीश्वर र ईश्वरचन्द्रहरू भएका हुँदा मेरोश्रद्धा र प्रेमको सञ्चार भइरहेको महसुस गरेको छु । सात पुस्तासम्म धाइरहने, खाइरहने मामाली घर म त आफै दुई तीन पुस्तामा मात्र छु ।

राजेश्वर दाइ-माया भाउजू हुँदा हाम्रो मनले सोचेको हुन्थ्यो, केही अप्ठारो परे महाराजगञ्ज पुगौला अनि उम्कौँला । मनले कतै न कतै टेको खोज्दोरहेछ, त्यो टेकोको अनुभूति एकल भाउजू रमा, खुमलटार र जगदीश्वर दाइ-भाउजू अमेरिकाबाट पनि मैले गरिरहेको छु । यसपछि ईश्वर, सलिल, तारक र विजय पनि हाम्रो ममतापूर्ण सम्बन्धका आधार खम्बाका रूपमा दरिँदै आइरहेकै छन् । मनले पनि विश्वासिलो आधार खोज्दो रहेछ । नत्र निसासिँदो रहेछ । काठमाडौँमा ओत लाग्ने ठाउँ खोज्दा पनि मैले हिँडेर नै राजेश्वर दाइ कहाँ महाराजगञ्ज पुग्न १५-२० मिनेट, लेनचौर निवासी विद्वान् नरकान्त अधिकारी, राष्ट्रकविजी माधवप्रसाद घिमिरे कहाँ त १०-१५ मिनेटमा पुग्न सक्छु कपुरधाराको पानी खान्छु भनी कुमारीटोल, कपुरधारामा यो सानो विजय-वास बनाएको थिएँ जहाँ २०४७ सालदेखि बस्दै आएको छु । यस्तो मनोधार खोज्नु त मलाई मात्र होइन सायद सबैलाई परेकै हुन्छ होला । आ-आफ्नो मनले खाने त्यो व्यक्तित्वलाई आफ्नो सुरक्षाकवच आखिर हामी परमात्माका सन्तति नै त हौँ । सन्ततिले परम पिता-माताको स्नेह, आधार वा आश्रय जानी-नजानी खोजिएकै हुन्छ । भौतिक रूपमा उनै परमात्माका रूपमा आ-आफूले आधार ठानिएका गुरुजन, मान्यजन हाम्रो टेको हुन्छन् भने अभौतिक रूपमा परमात्मा । भौतिक रूपमा राजेश्वर-माया दाइ-भाउजू नरहनु मनको न्यास्रो हो भने उमेरले शताब्दी छोइरहेका पितातुल्यका राष्ट्रकविजी, नरकान्तजीलाई हामीले सेवाका हातको भरोसा दिनुपर्ने अवस्थामा पनि उहाँहरू पाउनु पनि मनको भरोसा

भएको छ । भरोसा खोज्ने मनको स्वभाव हुँदोरहेछ जसले गर्दा नै आज हामीले हाम्रा पुर्खा र अग्रजप्रति नतमस्तक भइरहेकै छौँ र गौरवान्वित पनि बनिरहेकै छौँ ।

लिगलिगमा हरिभक्तले बनाएको राजेश्वर, लक्ष्मीप्रसाद, जगदीश्वर जन्मी-हुर्की खेलेको, बढेको घरलाई नै ठूला घर भनिँदो रहेछ । देवकोटा कुलको जेठो हाँगोको प्रतिनिधित्व गर्दै 'ठुला घर' बनेको रहेछ । अनि त्यही घरमा जन्मेका चार भाइमध्ये जेठो भएर अर्थात् सबैभन्दा ठूलो भएर राजेश्वर दाइलाई 'ठूलो बाबु' भनिएको होला । मेरो पिताजीले चिठी लेख्दा राजेश्वर दाइलाई 'ठूलो बाबु' भनेर सम्बोधन गर्नुहुन्थ्यो भने दाइले मेरो पिताजीलाई चिठी लेख्दा 'पुज्य बाउनबा' भनेर सम्बोधन गरिएको हुन्थ्यो, अन्त्यमा लेखिएको हुन्थ्यो 'तपाईँको ठूलोबाबु' । मेरो बाल मस्तिष्कमा भने बाबुलाई धेरै आदर गरेर माया गरेर 'ठूलो बाबु' भनिएको होला भन्ने ठान्थ्यो । पक्कै त्यस्तो कुनै विशेषता होला ठूलो बावुसँग भन्ने पनि लाग्थ्यो कालान्तरमा 'ठूलो बाबु' बाट सम्बोधित राजेश्वर दाइलाई देख्दा भौतिक आकारले 'सानो बाबु' पो भनेको भए हुन्थ्यो जस्तो पनि ठान्यो मनले । तर सुन्दै बुझ्दै जाँदा दाइलाई 'बुद्धिको घैँटो' भन्ने गरिएको पनि पाइयो । उनीभित्र बुद्धि नै बुद्धि छ भन्ने लोकको अभिमत पाइन्थ्यो । सानो भएर पनि ठूलो मान्छे, होचो भएर पनि अग्लो मान्छेका रूपमा मैले पनि बुझ्दै गएँ । मैले बुझेअनुसार उनी नेपालको मौलिकता र राष्ट्रिय स्वाभिमानलाई सम्मान गर्ने एक चिन्तक थिए । राष्ट्रियतासहितको प्रजातन्त्र चाहने एक उदारवादी नेता थिए उनी । आफ्नो विचारमा टिकिरहने एक स्वाभिमानी चिन्तक पनि थिए । उनको विचार र राष्ट्रवादी चरित्रलाई महेन्द्रले चिने र सम्मान दिन खोजे भनिन्छ । पञ्चायती व्यवस्थालाई पनि अङ्कुश लगाउने, दरबारकै पञ्जामा सीमित गर्न खोजिने दरबारिया भाट प्रवृत्तिले पञ्चायतलाई मात्र सिद्ध्याएन राजतन्त्रलाई समेत सिद्ध्यायो भन्ने राजेश्वरको राजनीतिक विश्लेषण पाइन्छ । यसबाट के देखिन्छ भने उनी उदार (पञ्चायत विरोधीसमेत अट्न सक्ने) पञ्चायती चरित्रका पक्षपोषक, राजतन्त्रका चिन्तक थिए तर देखिँदा खोक्रो राजा र राष्ट्रवाद फलाक्नेहरूको भिडमा उनको स्वर सानो हुन गयो । अनि उनको स्वर न राजाले सुने न त राजाको खोक्रो राग अलाप्नेले सुने । राजतन्त्रकै अन्त्य भएपछि सायद उनीहरू झल्याँस्स ब्यूँझे होलान् भन्ने विश्लेषण उनको पाइन्छ । राजामा शक्ति केन्द्रित गराउन खोज्दा नै राजा निरङ्कुश भएको तस्विर त आज हामीले देखेकै छौँ । सही सिद्धान्त, लक्ष्य र योजनाबमोजिम जनाधारमा देशको शासन व्यवस्था

चले नै त्यसले गति (लय) पक्डन सक्छ र टिकाउ हुन सक्छ भन्ने सारभूत विचार उनले राखे । एक्का भए पनि उनको विचारले उनी टिके । भविष्यले उनको अभावमा ठण्डा दिमाग लिएर सोच्ने छ । उनी नेपाली माटो अनुकूलको मौलिक बाली लगाउनु पर्छ भन्ने यथार्थपरक स्वाभिमानी चिन्तक हुन् भनेर त सबैको भित्री मनले भनेको छ तर बाहिर मुख खोल्नेहरू कमै भेटिन्छन् । समयले उनको मूल्याङ्कन गर्ने नै छ ।

राजेश्वर अर्थात् 'ठूलो बाबु' नेपालको साहित्यिक फाँटमा पनि प्रकटित ठूला साहित्यकार हुन् । कथा, उपन्यास, निबन्ध र कविता विधामा समेत आफ्नो शिखर प्रतिभा प्रदर्शन गर्न सफल साहित्यकार हुन् । गण्डकी क्षेत्रले रष्ट्रिय शिखर प्रतिभाहरू आदिकवि भानुभक्त आचार्य, कविशिरोमणि लेखनाथ पौड्याल, राष्ट्रकवि माधवप्रसाद घिमिरे जन्मायो र चम्कायो । यिनै प्रतिभाहरूको चौथो लहरमा देखिने प्रतिमा हुन् राजेश्वर देवकोटा । भोलि साहित्यिक-समीक्षक, विश्लेषकहरूले विश्लेषण गरेर पुष्टि गर्ने नै छन् । स्वतन्त्र विचारप्रधान उनका कृतिहरू आफ्नै किसिमको मौलिक अभिव्यक्तिबाट प्रकटित छन् र विशिष्ट पनि छन् । हामीजस्ता पछिपछि लागेर साहित्यिक अभिरूचिमा रमाउनेहरूलाई समेत लेखिरहन उनी प्रेरणा दिन्थे र भन्थे, "लेखिरहनु, लेख्दा कहाँनेर एउटा त्यस्तो वाक्य पर्छ जसले सबैलाई छुन्छ र महान् लेखक, कवि बनाइदिन्छ । हामी आत्मप्रिय हुनुपर्छ । आत्माबाट कुन बेला अमृतमय विचारधारा तप्कन्छ स्वयम् लेखकलाई समेत थाहा नहुन पनि सक्छ ।" यसरी उनले स्वतन्त्र लेखनलाई जोड दिएको पाइन्थ्यो । मन, बुद्धि र आत्माको एकत्व कायम गरी स्वतन्त्र ढङ्गले लेख्न सक्नुपर्छ जहाँ लोककल्याणकारी भाव - छाल उर्लन सकून् भन्ने उनको लेखनको दर्शन पाइन्छ । यो कुराको अनुभूति उनका कृति पढ्दा स्वतन्त्र पाठकले गर्ने अनुभूति नै हो ।

राजनीतिक एवं साहित्यिक फाँटमा आफ्नो विशिष्ट पहिचान बनाएका राजेश्वर देवकोटाले आफ्ना पिता स्व. हरिभक्त देवकोटाको पौराणिक, साहित्यिक, सांस्कृतिक र स्वाभिमानी व्यक्तित्वलाई पहिचान गरी उनैको स्मृतिमा गोरखा, सदरमुकाममा हरि सांस्कृतिक केन्द्र २०४६ सालमा स्थापना गरेका हुन्, जुन आज पनि सिर्जनात्मक काम गरेर अस्तित्वमा रहेकै छ । अब यही केन्द्रले राजेश्वरका लक्ष्मीप्रसाद तथा सम्बन्धित अन्य देवकोटाको स्मृतिमा समेत रचनात्मक कार्यक्रम सञ्चालन गर्नु ठूलाघरको ठूलो र बुद्धिमत्ता हुनेछ ।

राजेश्वर देवकोटाले राजनीतिक, साहित्यिक, पारिवारिक हर क्षेत्रमा ठूलोघरको ठूलो बाबुको भूमिका निर्वाह मात्र होइन कायम गरेको पाइन्छ । सानैदेखि

उनले 'ठूलो बाबु' भन्ने मान, मर्यादा, प्रतिष्ठा जुन बनाए त्यसलाई चरितार्थ गराएर उनी सदाका लागि यो भौतिक संसारबाट बिदा भएका छन् । उनको आत्माले सदा चिरशान्ति पाओस् र पाउने छ भन्ने विश्वास राख्दै उनी र उनीसँग सम्बद्ध सबै स्मरणीय जनमा हार्दिक श्रद्धाञ्जलि प्रकट गर्छु ।

●●●

## राजेश्वरप्रति अन्तिम उद्गार

माया मुमाले जुन द्वार खोलिन्
खुला सदा राख्न वधू न छोडून्
जो स्थान राजेश्वर दाइ आए
सो स्थानमा ईश्वरचन्द्र आऊन् ।

दायाँ र बायाँ अब छर्न क्रान्ति
ती इन्दिराझैँ सरला उदाऊन्
फिरेर भू–दीश्वर सारतार
ल्याउन् सधैँ यो कुलमा उभार ।

सलिल साथै विजु भाइ–भाइ
बनुन् सधैँ यी अझ हाइ–हाइ
थपक्क आमा गुड ली रमाले
तताइ राखुन् दिलको भुवाले ।

गाई उजेली घर गोठ गाजु
यही म देख्थैं जगुसाथ रामु
बोल्ने सुशीला दिल–दीप बाली
दिने गएको अब दिन्छ ताली ।

जे होस् सबै होस् अब पुनः राम्रो
बाटो खुलोस् आउन फेरि हाम्रो
यो सृष्टिको चक्र चलोस् सदाझैँ
सद्भावना प्रेम मिलोस् सदाझैँ ।

छ शब्दश्रद्धाञ्जलि दाइ मेरो
छ भाउजूमा दिल–फूल मेरो
सदा मिलोस्, शान्ति त ओम शान्ति !
दो–फूल आत्माभरि शान्ति ! शान्ति !

●●●

# 'हिमालपारि' महाकाव्यका सङ्क्षिप्त काव्यिक विशेषता



–प्रा. कपिल अज्ञात
भरतपुर–१२, चितवन

**हिमालपारि** (२०७१) कृतिकार श्रमजीवी यात्री हुन् । उहाँको व्यावहारिक पूरा नाम फणीन्द्रराज देवकोटा (२०२५) हो । यो उहाँको महाकाव्यीय विधामा दर्ता गरिएको बृहद् काव्य हो । यस अघि उहाँका **मनाङ नियात्रा** (नियात्रा, २०६९), **कश्मिरतिर** (यात्रावृत्तान्त, २०७०) प्रकाशित भैसकेका छन् । यी दुवै गद्यधारामा आधारित छन् भने माननीय टेकबहादुर गुरुङ प्रकाशक रहेको यो **हिमालपारि** कृति पद्यधारामा आधारित छ। यी तीनै स्रष्टाका पर्वतीय सिर्जनाहरू हुन् ।

कृतिको शीर्षक छ – **हिमालपारि** । हिमालवारि नभनी हिमालपारि भन्दा चीन–तिब्बततिरको परिवेश हो कि भन्ने भ्रम पर्नसक्छ तर नेपालमै हिमालपारि मनाङ–मुस्ताङजस्ता विकट क्षेत्रहरू पनि रहेका छन्, तिनैको वर्णन–विवरणमा अधिक केन्द्रित रहेकाले र प्राकृतिक परिवेशलाई लक्ष्यित गर्ने प्रयोजनले कृतिको शीर्षक **हिमालपारि** राखिनु सार्थक नै रहन गएको छ। कृतिकार आफैँले जागिरको दौरानमा २०६८ सालमा हिमालपारिको रमणीय मनाङ जिल्लामा पुगेपछि मभित्र यायावर प्रवृत्तिले मलाई हिमाली धरोहर सम्पदाका रूपमा सुप्रथित, पिसाङ, स्वर्गद्वारी, नारफू काङ्ला, तिलिचो र थोराङलापास हुँदै मुस्ताङसम्मको हिमशैल यात्री बन्न पुऱ्यायो । तिनै हिमशैलका रसपान र प्राकृतिक दृश्यभेदबाट अन्तर्मनदेखि काव्यात्मक भावहरू छल्छलाए जसलाई लिपिबद्ध गर्ने जमर्को स्वरूप यी शब्दमाला सिर्जना हुन पुगेका छन् भन्ने आत्मकथ्यमा आफ्नो धारणा राख्नुभएको छ। यो सर्वोच्च तिलिचोदेखि मडारिएर आएको हिमाद्रीको भेल हो। यसमा हिलोको गन्ध र हिमकुसुमी सुवास अवश्यै होला । मर्मज्ञहरूबाट यसको परखसहित स्नेह, मलजल प्राप्त हुनेछ भन्ने कविले विश्वास पनि प्रकट गर्नु भएको छ। साथै वर्णन–विवरणमा कतै पट्यारिलो स्थिति पनि छ कि भन्दै आफ्ना भावनात्मक अभिव्यक्तिको माध्यमबाट विनयपूर्वक समीक्षा पनि गर्नुभएको छ।

आकार–प्रकारका दृष्टिले ३६८ पृष्ठमा फैलिएको यस कृतिभित्र २७ सर्गहरू छन् । प्रत्येक सर्गलाई शीर्षक दिइएको छ। यसले विषयबोधलाई सहज तुल्याउँछ।

त्यो सर्ग कुन छन्दबाट सुरु हुन्छ त्यस छन्दको नामसमेत उल्लेख छ। सर्गको अन्तमा जुन दृश्यलाई विषय–वर्णनको आलम्बन बनाइएको छ, त्यसको दृश्यचित्र पनि प्रस्तुत छ। छन्दप्रयोगका दृष्टिले पनि यसमा विविधता छ। शार्दूलविक्रीडित, भुजङ्गप्रयात, शिखरिणी, स्रग्विणी, मन्दाक्रान्ता, स्रग्धारा, मालिनी, शालिनी, अनुष्टुप, इन्द्रवज्रा, शशिवदना, वंशस्थ, वसन्ततिलका, चम्पकमाला, संयुक्ता, मणिमाला स्वागता, रथोद्धता, तोटक, द्रुतविलम्बित, लोकलय, भजनलय आदि शास्त्रीय छन्द र लोकछन्दको प्रयोग भएको छ। यसमा विषयको व्यापकता पनि छ। विविध विषयमा कृतिकारले आफ्नै नायकत्वमा आफ्ना सुकोमल भावनाहरू फिँजाउनु भएको छ। नेपालका विकट प्राकृतिक स्थान मात्र होइन भारतको दिल्ली र त्यहाँको रहन–सहन आदि विषयको पनि उन्मुक्त कण्ठले वर्णन गर्नुभएको छ। आफू कृषि पेसामा आबद्ध भएकाले कृषि संस्कृतिको पनि मनोरम वर्णन गर्नु भएको छ।

विषयविस्तार, सर्गविस्तार र छन्दोगत विविधताका आधारमा कृतिकारले आफ्नो बृहद् कृतिलाई महाकाव्य भन्नुभएको र भूमिकाकारहरूबाट सैद्धान्तिक आधारमा महाकाव्यकै अनुमोदन पनि गर्नुभएको छ । अहिले काव्यजगत्मा महाकाव्यका नाममा एकसय भन्दा बढी कविहरूले दुई सयभन्दा बढी महाकाव्य सिर्जेका छन् । अझ प्रयोगात्मक रूपमा त्रयोदश कविहरूले जागृतिको उद्देश्य राखी एउटै महाकाव्यको पनि रचना गरेका छन् । ती सबै महाकाव्यका कसीमा खरा महाकाव्य साबित हुन्छन् कि हुँदैनन्, त्यो समीक्षात्मक पाटो छँदैछ। चाहे महाकाव्य होस्, चाहे जीवनीकाव्य होस्, चाहे वर्णनात्मक काव्य होस्, चाहे विवरणात्मक काव्य होस्, चाहे कोषात्मक काव्य होस् अनि काव्यमा महान् चरित्रको महनीय विश्लेषण होस्–नहोस्, व्यापक अन्तर्द्वन्द्व वा अन्तर्संघर्ष होस्–नहोस्, काव्यात्मक वा कलात्मक कालीगढी होस्–नहोस्, अनुभूति वैचित्र्य वा अदभुत कल्पनाको सन्निवेश होस्–नहोस् लालित्यमय वर्णन र चामत्कारिक योजना होस्–नहोस् बृहद् रूपमा तयार पारिएकालाई सद्भाव र प्रेरणास्वरूप महाकाव्य भन्ने गरिन्छ।

महाकाव्य भन्नासाथ दुई तत्त्व सामु आउँछन् – महान् काव्य र बृहद् काव्य । अहिले दुवै दृष्टिकोणबाट महाकाव्यलाई बुझ्नुपर्ने हुन्छ, त्यहाँ जीवन–जगत्को भव्यता र विराट्ता हुन्छ, प्रयोगको पनि विशिष्टता हुन्छ, शैली र शिल्पको पनि उच्चता, भावना र विचारको पनि स्तरीयता हुन्छ । बृहद् काव्य भनेको ठूलो काव्य हो, त्यो आकार–प्रकारले ठूलो त हुन्छ नै त्यसमा भावना र विचार पनि सामान्य वर्णन–विवरणमा आधारित हुन्छन् तर महाकाव्य महान् साधककै प्राप्ति हो।

साधकको भगीरथ प्रयासविना महान् काव्यको सिर्जना हुनु असम्भव प्रायः छ। अचेल महाकाव्यको नामिक सन्दर्भमा ठूलोको अर्थमा धेरै महाकाव्यको कोटिमा दरिएका छन् । ती सबैलाई परम्पराले कसी लगाउँदै जान्छ र मूल्यकै आधारमा आफ्नो स्थान र पहिचान निर्धारण हुँदै जान्छ । जे होस्, हाल **हिमालपारि**लाई आकारगत सर्गगत, छन्दगत आदिका आधारमा महाकाव्यको रूपमा स्वीकार गर्नै पर्छ। उच्चता र पूर्णताको कुनै सीमा हुँदैन। गुणात्मक प्राप्तिको आकलन गर्नु समीक्षकको धर्म हो। विशेषताहरूको बोध नगराई कोरा प्रशंसा वा कटु आलोचना गर्नु दुवै अनर्थकारी कार्य हुन् । समीक्षकले बहस होइन विशेषताको विश्लेषण गर्नु र गम्भीरतातर्फ अभिप्रेरित गर्नु राम्रो हुन्छ। यहाँका चारै भूमिकाकारले पनि यही तथ्य प्रस्तुत गरेका छन् । मेरा विचारमा यहाँ कविको छन्दमा खेल्ने, भावनामा रम्ने, दृश्यमा नाच्ने प्रयास स्तुत्य छ । त्यसैले काव्यले काव्यिक विस्तार पायो । अब कवि त्यही विस्तारकै कार्यमा नलागी कविले विन्यासतर्फ लाग्नु आवश्यक छ । एकै तत्त्वको अधिकताले पनि त्यो जङ्गल हुन्छ र विविधताको समन्वितिले त्यो सुन्दर बगैंचा बनाउने प्रयास गर्नु पर्छ। कविको आफ्नो भावना वा कल्पना पनि महत्त्वपूर्ण पक्ष हो, त्यसलाई उत्कृष्ट अनुभूति, विचार र दर्शनमा समन्वित गरेर मात्र खर्च गर्न सके त्यस वस्तुको महत्त्व अधिक हुन जान्छ। प्रकृतिले श्रमजीवी यात्री कविलाई अद्‌भुत सिर्जनशील क्षमता दिएको छ भने त्यसलाई मूल्यवान बनाउनु पनि सम्बन्धित कविको कर्तव्य र धर्म हुन्छ । कृति जन्माउनु मात्र ठूलो कुरा होइन, त्यसलाई राम्रो बनाउनु महान् कार्य हो। यसै सन्दर्भमा आफ्नो सुकोमल भावधारालाई शक्तिशाली रचनातर्फ लैजान यो पङ्क्तिकार आग्रह गर्दछ। अब बहकिएर होइन सह्मालिएर जति सृष्टि गर्नसक्यो उति नै उच्च पहिचान बन्दछ।

हो, कवि पहिले शब्दसँग खेल्छ, लयसँग खेल्छ पछिपछि चेत बढ्दै गएपछि विचार, प्रतीक र बिम्बसँग खेल्छ। खेल्दा–खेल्दै प्रतिस्पर्धाको भाव जाग्छ र खेलमा कुशल वा निपुण भइसकेपछि उसले सबै तत्त्वहरूलाई एकसाथ खेलाउँछ र काव्यको चमत्कृत स्वरूप खडा गर्छ। यो एक–दुई महिना, एक–दुई वर्षको प्रयत्नले मात्र होइन दशकौं पछिको अध्ययन, अनुभव र प्रयत्नले प्राप्त हुन्छ। शास्त्रीय दृष्टिबाट भन्दा प्रतिभा, व्युत्पत्ति र अभ्यासले काव्यको स्वर्णिम पथ सृष्टि गर्छ। सिर्जनात्मक लेखनलाई यतिविधि विस्तार गर्न सक्नु भएको छ, यो नै यहाँको महनीय प्राप्ति हो। यसका अधिकतर स्थानमा मुख्य वा मनोरम वर्णनले पाठकलाई प्रभाव पार्न सफल हुनु भएको छ।

कोइलाको उत्खनन् हुँदाहुँदै गहिराइमा पुगेर हिराको प्राप्ति हुने हो । अब लाग्छ, कोइलाको प्राप्ति पर्याप्त भयो। यसको जतनबाट लाभान्वित हुने स्थिति पुग्यो। अब कवि हिराको पहिचान र प्राप्तितर्फ लाग्न एवं प्रतिस्पर्धी रचनाको सृष्टि गर्न आफैभित्रको आलोचकलाई सचेत गराई अध्ययन र अनुभव बढाई कवित्वको सृष्टि गर्ने शुभेच्छा प्रकट गर्दै अन्तमा यस काव्यका निहित विशेषतालाई पङ्क्तिकार बुँदागत रूपमा प्रस्तुत गर्दछ :

**'हिमालपारि' का विशेषताहरू**

- २७ सर्गमा वर्णन र विवरणको व्यापक विस्तार छ।
- कहीँ शृङ्गाररसका झल्का पाइए पनि काव्यभर शान्तरस प्रवाहित छ।
- प्रकृतिको नगिच पुगी प्राकृतिक दृश्यसँग रमाएर यात्राका नवीन दृश्यहरूलाई उतारिएको छ।
- भावनालाई शास्त्रीयदेखि लोकलयका विविध छन्दहरूलाई देखाइएको छ।
- बुद्धका दार्शनिक तथ्यलाई प्रस्तुत गर्ने प्रयास गरिएको छ।
- मानवतावादको प्रसङ्गलाई पनि उठाइएको छ।
- कठिनताभित्र कोमलता र कोमलताभित्र कठिनतालाई कुशलतासाथ उद्घाटन गरिएको छ।
- यात्राका नवीन परिवेशहरूलाई परिचित गराउँदै अनुभव र अनुभूतिको व्यापकतालाई समेट्नु भएको छ।

●●●

---

कविशिरोमणि लेखनाथको **बुद्धिविनोद** – प्रश्न :

*घसी खरानी शिरमा जटा धरी*
*श्मसानमा नित्यबनी दिगम्बरी*
*लडीरहेका शिव हो अहो ? किन*
*तँलाई मालुम छ कि यो कुरा मन ? ॥३७॥*

**विनोद पुष्पाञ्जलि**मा राजेश्वरको उत्तर :

*सबै धनी बन्न रुचाउने अनि*
*कुनै त नङ्ग्रा हुनु नै पऱ्यो नि त*
*दिगम्बरी हो तर शक्तिमान् छ उ*
*अपार शिक्षा बुझ ए दरिद्र हो ॥३७॥*

●●●

# पुरस्कृत कृतिका बारेमा



–गीता रेग्मी

गोरखा जिल्ला निवासी वा गोरखाको बारेमा लेखिएको कृतिहरू मध्येबाट छानेर प्रत्येक वर्ष 'हरि उत्कृष्ट प्रतिभा पुरस्कार' प्रदान गरिँदै आएकोमा यस वर्ष नियात्रा विधाका दुई पुस्तकले संयुक्त रूपमा पुरस्कृत हुने अवसर प्राप्त गरे। पुस्तकहरू क्रमशः राजेन्द्रप्रसाद अर्यालको **माल्भा** र नगेन्द्र न्यौपानेको **कङ्गो र इथियोपियाको सेरोफेरो** हुन्। दुबै कृति र कृतिकारलाई बधाई दिन चाहन्छु।

दुबै कृतिहरू र कृतिकारमा धेरै समानता रहेका छन् । दुबै लेखकहरू अमेरिकामा बस्दछन्। दुबै कृतिको सृजना अमेरिकामै भएको हो। त्यसैगरी दुबैजना सर्जकहरू पुरस्कार वितरण कार्यक्रममा उपस्थित हुन असमर्थ रहे । दुबै कृतिको समीक्षा वा परिचय गराउने अवसर मलाई प्राप्त भयो । राजेन्द्रप्रसाद अर्यालबाट लेखिएको **माल्भा** र नगेन्द्र न्यौपानेको **कङ्गो र इथियोपियाको सेरोफेरो** दुबै नियात्रासङ्ग्रहभित्र 'क' र 'ख' गरेर दुई खण्डमा छुट्याइएको छ । **माल्भा**को 'क खण्ड' मा अमेरिकाभित्रको यात्रा अनुभूति छन् भने 'खण्ड ख' भित्र युरोप र थाईल्याड घुमाईका अनुभूतिहरू समेटिएका छन्। नगेन्द्र न्यौपानेको **कङ्गो र इथियोपियाको सेरोफेरो**का 'पहिलो खण्ड' मा कङ्गो र 'दोस्रो खण्ड' मा इथियोपियाको सेरोफेरो रहेका छन्।

**माल्भा** पुस्तक पढ्दै गर्दा अमेरिका नगएका र जान चाहनेहरूलाई गाइडको पनि काम गरेको छ। अमेरिकाप्रति मोह र कौतूहलता जगाउने खालको छ। अमेरिकी रहनसहन, भूगोल र यस्को भौतिक सुख– सुविधालाई पाठकले साक्षात् अनुभूत गर्न पाउँछन्।

विश्वको ध्यान आफूतिर तान्न सक्ने क्षमता भएको ह्वाइट हाउसको सामान्य संरचनाले लेखकमा पारेको प्रभाव, अमेरिकामा गरिने वैवाहिक परम्परा जहाँ विवाह गरेपछि छोरीमात्र होइन छोरा पनि नयाँ घर जान्छन्, छोरी अन्माउँदा जस्तै छोरा अन्माइसकेपछि छोराका अविभावक पनि भावुक बन्ने कुरा लेखिएको छ, जुन कुरा हाम्रो देशका लागि बिलकुलै नयाँ र नौलो छ। अमेरिकी आदिवासीका रहनसहनका

कुरा समेटिएका छन् । अमेरिकी जीवनशैलीका कुरा छन् । बृद्ध अवस्थामा एज केयर होमका सकारात्मक दृष्टिकोणहरू छन् । यस अर्थमा लेखकको लेखकीय क्षमता सफल बनेको छ ।

पुस्तकमा काम र एकल पारिवारिक संरचनाका कारण एक्लिँदै गएका मानिसहरूको घरपालुवा जनावरप्रतिको अमेरिकीहरूको आसक्ति रोचकताका साथ प्रस्तुत गरिएको छ । सुन्दर प्रकृति र भौतिक विकास त आजकल प्रविधिले सबैको अगाडि पस्कन थालेको छ तर यात्रीको भोगाइ र अनुभूति दर्शाउने प्रविधि बनेको छैन । यस अर्थमा लेखकलाई साधुवाद छ । यी दुई पुस्तकका असमानताहरू पनि छन् – एउटा क्वाटी खाएजस्तो, अर्को भूतको फिल्म हेरेजस्तो, कतिखेर लेखकलाई के हुन्छ ? भनेर पाठक आत्तिइरहनु पर्ने ।

अत्यासलाग्दो छ **कङ्गो र ईथोपियाको सेरोफेरो** । तर लेखकको कलाकारिताले पाठकलाई यसरी समात्छ कि किताब पढेर नसकी उठ्नै दिँदैन । अमेरिकाबाट कङ्गो जान प्लेनमा उड्दादेखि मान्छेका प्रश्नवाचक आँखाले घेरिरहन्छन् लेखक । उहाँ पुगेपछि देखेका युद्धका डोबहरू, गरिबीले गाँजेका मान्छेहरू, जातीय दङ्गाले पारेको असर, जात र नाकका आधारमा मान्छेले मान्छेलाई नै काट्दै हिंडेको प्रसङ्ग, त्यति हुँदाहुँदै पनि लेखक घुम्न निस्किरहँदा पाठकको मन आत्तिन्छ ।


खनिज पदार्थको अथाह भण्डार भएको महादेशमाथि विदेशीको हस्तक्षेपले कसरी तहस–नहस हुँदो रहेछ भन्ने कुरा प्रष्ट रूपमा पुस्तकमा वर्णन गरिएको छ । देशका शासकहरू कमजोर भए भने देशको सम्पत्ति कसरी तस्करको हातमा पुग्दोरहेछ भन्ने उदाहरणहरू भेटिन्छन् बग्रेल्ती । जङ्गलको बीचमा तस्करहरूले निर्माण गरेका एयरपोर्टका कुरा पढ्दा सपनाजस्तो लाग्छ । 'तुत्सी जाति' अर्थात् लामो नाक हुने र छोटो नाक हुने 'हूटी' बीचको जातीय दङ्गाबाट बचेका मान्छेका कुरा पढ्दा दन्त्य कथाजस्तो लाग्छ । भ्रष्टाचारको चरमोत्कर्षमा पुगेका शासकहरू खान, लगाउन नपाएर नाङ्गा भएका गाउँहरू, उफ् ! साँच्चै 'हरहर शो' जस्तो लाग्छ । हूटी र तुत्सीहरूको हत्या मानव सभ्यताकै उपहासजस्तो लाग्छ । रूप र वर्णको आधारमा भनौं अझ नाकको लम्बाईको आधारमा एकले अर्कालाई मार्नुलाई खै के शब्दले परिभाषित गर्न सकिन्छ र ? तर पनि लेखक कोही न कोही मान्छेका साथ लागेर घुमिरहेछन् र कोट्याई–कोट्याई देखाइरहेछन नेतृत्वको कमजोरी । माल पाएर चाल नपाउने शासकहरू । नाईल नदीको मुहान, बसबाट झर्दै भिसा लगाउँदै गरेको कुरा


पनि कम रोचक छैन। एउटै गाडीमा चढेर साना–साना राज्यहरू पार गरिरहेको दृश्य सम्झन पाठक द्वन्द्वकालीन अवस्था सम्झन पुग्छन्।


यो किताब साहित्यकार र साहित्यप्रेमीले मात्र नभएर हाम्रा देशका नेताहरूले पढे हुने भन्ने लागिरहन्छ। उपन्यास पढिसकेपछि पनि केही बाँकी छजस्तो लागेजस्तै यो पुस्तक पढिसक्दा पनि लेखक किन कङ्गो गए  ? भन्ने प्रश्नले पाठकको मनमा जरो गाडिरहन्छ। **दरबार बाहिरकी महारानी** उपन्यासका सर्जकले त्यो आख्यानात्मक छाप यस पुस्तकमा पनि छोडेर गएका छन्।


●●●

## राजेश्वर देवकोटाका कृतिहरू खोजी–खोजी पढौँ



# राजेश्वर देवकोटाप्रति श्रद्धाञ्जली



–प्रा.डा. ऋषिराम पोखरेल

नेपाल संस्कृतछात्र संघको स्थापना भयो ।
इतिहास र भूगोल राजशास्त्र समेतको ॥१॥
पाठ्यपुस्तक नेपाली जनताले सबैतिर ।
पढ्न पाउन् भनी साझा माग राखि अघिल्तिर ॥२॥
भने सबै छात्र मिलि तर राणा दिँदैनथे ।
सोहि कारणले नारा लाग्यो 'जयतु संस्कृतम्' ॥३॥
पूर्णप्रसाद श्रीमद पद्मराजहरूसँगै ।
दाजै राजेश्वर सधैं हातमा हात पक्रदै ॥४॥
नेतृत्व पंक्तिमा बस्ने छात्र नेता बिदा भयौ ।
क्रान्तिकारी राष्ट्रवादी अस्तायौ किन निभ्दियौ ॥५॥
शान्त राजेश्वर प्राज्ञ योग्य राष्ट्र सुधारक ।
देश बुझ्ने र निःस्वार्थी कवि स्वच्छ समीक्षक ॥६॥
दूरदर्शी र गम्भीर मितभाषी स्वभावका ।
धर्म संस्कृतका प्रेमी प्रजातान्त्रिक चेतका ॥७॥
अग्रगामी थियौ राजनेता राष्ट्रिय सम्पत्ति ।
तिमी जाँदा आज भयो अपूरणीय यो क्षति ॥८॥
हामी टिकट पाएर विना मिति सबै यहाँ ।
आयौ दाजै तिमी नेता बनी चाँडै गयौ त्यहाँ ॥९॥
राज ईश्वर हुन् हाम्रो उनैका घरमा गयौ ।
यहीश्रद्धाञ्जली दाजैश्रद्धाका साथ अर्पियौं ॥१०॥

●●●

# एक नजर गोरखा वाङ्मयको संयुक्ताङ्कमाथि



–प्रा.डा. नारायणप्रसाद खनाल
त्रिवेणी साहित्य प्रतिष्ठान, नप. (बसुपू)

काठमाडौँमा बस्ने प्रबल उत्साही गोरखाली सर्जकहरूको तदारुकतामा गोरखा साहित्य प्रतिष्ठान २०५३ ले यसै वर्ष **गोरखा वाङ्मय** पत्रिकाको वर्ष १, अङ्क १, २०५५ मा वर्ष ३ संयुक्ताङ्क २ (कविता विशेषाङ्क र विचार विविध) प्रकाशन गऱ्यो । ३१ वर्ष पुग्दा आज यो संयुक्ताङ्क एउटा सिङ्गो इतिहास बनिसकेको छ । डिमाइ साइज पृ. १७६ +ज समेत पृ. १८४ को दोरङ्गा कभर लिएर उदाएको यस पत्रिकाको अन्तमा अङ्क १ को गौरीभक्त ढकालको 'गोरखा वाङ्मय पत्रिका : एक टिप्पणी' विवेचनात्मक लेख र अगाडि सम्पादकीय, विषयसूची तथा नयराज पन्तको 'नेपाली कवितामा स्तुतिपरम्परा चलिआएकोछ' र 'पृथ्वीको रूप' (पक), माधवप्रसाद घिमिरे, 'शैली : साधन, साध्य र व्यक्तित्वको परिचय हो' र 'अञ्जुलीमा उवाएर....' (गीक), विनोदप्रसाद धितालको 'लेखानाथ, सम र देवकोटा ठूला प्रतिभाशाली कवि हुन्' र 'सत्य सपना' (पक), भरतराज शर्मा मन्थलीयको 'साहित्यवादबाहेक अरू वादले साहित्य सृजना हुँदैन' र 'पुत्रलाई आजका पिताको मौन अर्ती' (पक), मोहन कोइरालाको 'बौद्धिकता भनेको साहित्यमा आरोपित कुरा हुन् र 'एक्ली चरी डाल डाल' (गक), पूर्णप्रकाश नेपाल 'यात्री' को 'नेपाली रचनाले दीर्घजीवन पाउने आधार राष्ट्रभक्ति हो' र 'वसन्तागमन' (पक), कृष्णप्रसाद पराजुलीको 'बालबालिकाका निम्ति बालकविता पापा र चाचा हुन्' र 'उसैलाई सम्झिएर झस्कें' (गीक), डा. मोहन हिमांशु थापाको 'कवितामा प्रकृति र प्रकृतिमा कविता पाइन्छ' र 'मुर्कट्टाको आँखामा मृत्युको लास' (गक), घटराज भट्टराईको 'समाजको यथार्थ इतिहास कविता, काव्य र साहित्यमा हुन्छ' र 'संसार' (पक), अभि सुवेदीको 'चेतना र मुक्तिको व्याख्याकै क्रममा पाश्चात्य परम्परा भित्रिएको हो' र 'दुई कविता' (गक), दैवज्ञराज न्यौपानेको 'रसहीन कविता कागजको फूलजस्तो हुन्छ' र 'पत्र मेरी प्रियालाई' (पक), केदार न्यौपानेको 'छन्द भनेको जीवनको सङ्गीतमय अभिव्यक्ति हो' र 'पृथ्वीको चिन्तन' (पक) ,राधेश्याम भट्टराईको 'अनपढ घाँसी र गोठालाहरू नै प्रतिभाशाली कलाकार

हुन्' र 'मेरो देश : मेरै उपहार' (पक), अच्युतरमण अधिकारीको 'परिवर्तनका हरेक छविलाई साहित्यले सुसूचित गरेको हुँदो रहेछ' र 'हस्स पर्‍याैं गाँठे' (पक), डा. माधव भट्टराईको 'स्रष्टाका कला र गला निरन्तर उकाली उक्लिरहने छन्' र 'प्रणयिनीको विरहमा' (पक), विष्णुविभु घिमिरेको 'नयाँ प्रस्तुतिको आवश्यकताका निम्ति गद्य कविताको आरम्भ भएको हो' र 'हिँड्दाहिँड्दै जीवनसँग' (गक) समेत प्रख्यात १६ जनाका अन्तर्वार्ता र प्रत्येकका कविता पनि समाविष्ट छन्, तीमध्ये हाल आठजनाको स्वर्गवास भइसकेको दुःखद संयोग पनि छ। सम्पादकको टिप्पणीअनुसार विविध विद्वज्जनका यी अन्तर्वार्ता यसै पत्रिकानिम्ति रामजी दाहालले सङ्कलन गरेका हुन्।

यस प्रकरणपछि ९४ कविका एकएकवटा कविता समाविष्ट छन्, जसमध्ये भरतराज पन्तको 'चोखो' (पक) पहिलो र मदन पुरस्कार विजेता गोरखाली स्रष्टा राजनेता राजेश्वर देवकोटाको 'लेखनाथप्रति श्रद्धाञ्जली' शीर्षकमा एक (पक) लेखनाथीय बुद्धिविनोदको 'कहाँ थियो बास ?' को उत्तर दोस्रो कविता रहेको छ :

*यहीँ थिएँ व्याप्त भई बसी रहेँ*
*सुयोगले देह बनेर देखिएँ*
*सखा छु आफैँ म हिँडिरहन्छु नि*
*छ है परंधाम मभित्र-भित्र छ।*

यस्तै गोरखाली स्रष्टामध्ये विष्णुप्रसाद धितालको 'देउराली (पक), चिरञ्जीवी वाग्लेको 'वसन्तश्री' (गक), प्रा. शिवहरि मरहट्टाको 'मिलनको आशा' (पक), सीताराम अधिकारीको 'स्वर्ण-भूमि' (पक), ठाकुर पाण्डेको 'सम्झनामा रुमलिँदा' (गक), जीवनराज वाग्लेको 'मेरो बस्ती' (गक), तुलसी न्यौपानेको 'मिश्रित वर्तमान' (गक), बुद्धिराज पाण्डेको 'पर्वको पात्र' (गक), केशव मरहट्टा 'लोमश'को 'माया मेरो देशको' (पक), तीर्थराज अधिकारीको 'ऊ जताततै दुखेको छ' (गक), नवराज कट्टेलको (गक) 'सृजनाको फूलबारीमा', स्व. भनञ्जय भट्ट 'यत्न' को 'वासन्ती वनमा' (पक), डा. राजेन्द्रराज वाग्लेको 'अब आउँछन् फागुनका दिनहरू' (गक), सुमन थापाको 'देख्ने यहाँ को छ र ?' (पक), मोदनाथ खनालको 'मेरो आस्था' (पक), गौतम न्यौपानेको 'प्रश्न' (गक), खिलनाथ वस्ताकोटीको 'चिठी पत्र' (पक), चन्द्रकान्त अधिकारीको 'म ज्ञानी बन्छु' (गीक), तारापति शर्मा ढकालको 'मेरा अल्झिएका सम्झनाहरू' (गक), वेदकुमारी न्यौपानेको 'भानुप्रति' (गक), भीम राना 'जिज्ञासु' को 'दुई टुक्रा' (गक), रामजी दाहालको 'ठेकेदारहरूको लाइसेन्स' (गक), स्व. ईश्वरीनन्दन धितालको 'नयाँ राम्रो' (पक), उपेन्द्रराज वाग्लेको 'के.....?' (गक),

बेनीबहादुर थापाको 'धिक्कार !' (पक), रामनारायण जोशीको 'असार' (गक), सीता पाण्डेको 'नारी–गुलाफ' (गक), वि.एच. परिवेशको 'समर्पित बस्तीमा' (गक), रश्मि भट्टको 'ऊ छोरी हो –एक्काइसौँ शताब्दीकी' (गक), रामप्रसाद खनालको 'गोरखा' (पक), शोभा भट्टको 'शुभकामना सन्देश' (गक), टुकनाथ अधिकारीको 'आत्म ज्ञान्' (पक), मकर पोखरेलको 'आफैं यता आऊ' (गक), सीताराम 'खोपलाङे'को 'पण्डाहरूको भागबण्डा' (गक), नूरेश्वर अधिकारीको 'कुहिरोभित्रको काग' (पक), वासुदेव भट्टको 'गोरखा सन्देश' (पक), तोयानाथ अधिकारीको 'मन्सिरी' (गक), शरण 'आँशु' को 'निर्वासित छोराको पत्र' (गक), अशोक 'दुस्खी' को 'दिल्ली कि घर ?' (गक), राजकुमार बानियाको 'गजल' निनिछ, मोहन देवकोटाको 'आरुघाटको चिनारी' (गीक), बासुदेव पहाडीको (झाडीमा जेलिन्छ' (गक), दामोदर दाहालको 'कविता' (गक), टङ्कनाथ अधिकारीको 'ढिस्काको उकाली' (गीक), पद्मराज पाठकको 'खोज्दा पाइँदैन' (गक), कृष्णप्रसाद पोखेलको 'फूलबारी : वनमारा र ऐजेरू' (गक), नगेन्द्रराज मरहट्टाको 'नाङ्गो भो नेपाल' (गीक), शम्भु अधिकारीको 'म आज कविता लेख्दिन' (गक), सुधा भट्टको 'मान्छे' (गक), मदन लामिछानेको 'मौनता' (गक), सुशीला वस्तीको 'लाटोकोसेराहरू पुनः मयूर बनिसकेछन्' (गक), सुनीलप्रसाद धितालको 'के को औचित्य ?' (गक), दीपचन्द्र रेग्मीको 'नेपाली आभा' (गक), उपासना वाग्ले 'चेतना' को 'जीवन' (गक), विष्णुलाल श्रेष्ठको 'सरस्वती वन्दना' (गीक)समेत जम्मा ५६ कविका कविता समावेश गरिएका छन्। अन्तर्वार्तादाता भने गोर्खाली अर्का मदन पुरस्कार विजेता विनोदप्रसाद धिताल एकजनामात्र हुन्, उनको कवितासमेत यो सङ्ख्या ५७ पुग्छ। यीमध्ये बिएच परिवेश तनहुँले हुन् भने ५६ नै हो।

पत्रिकामा अन्तर्वार्तादाताका १५ (पक) कपिलवस्तु, (गक) काठमाडौँ, (पक) कास्की, (पक) डोटी, (गीक) धनगढी, (गक) पर्सा, (पक) बझाङ, (पक) बर्दिया, (गक) बाँके, (गक) भक्तपुर, (गक) सर्लाही, (गक) सुनसरी जिल्लाका एक–एक छन्, तनहुँ, भोजपुर र स्याङजाका दुई–दुई छन्, खोटाङ र गुल्मीका तीन–तीन छन्, ओखलढुङ्गाका चार छन्, लमजुङका सातसमेत ५१ गद्य–पद्य र गीति कविता गोर्खाबाहेक अन्य जिल्लाका कविका कविता रहेका छन्।

तीर्थराज अधिकारीको अध्यक्षतामा गठित गोर्खा साहित्य प्रतिष्ठानको कार्यसमितिमा उपाध्यक्ष वेदकुमारी न्यौपाने, महासचिवमा नवराज कट्टेल, सचिवमा मोदनाथ खनाल, कोषाध्यक्षमा खिलनाथ बस्ताकोटी, सदस्यहरूमा चन्द्रकान्त

अधिकारी, तुलसीमान श्रेष्ठ, शोभा भट्ट, वासुदेव भट्ट छन् भने सल्लाहकारमा सीताराम अधिकारी रहेको देखिन्छ। विशेष सहयोगीमा सरोज देवकोटा, केशव मरहट्टा, तुलसी न्यौपाने, बाबुराम पोखरेल, पुष्प थपलिया छन् । नगण्य विज्ञापन रहेको यो पत्रिका कान्तिपुर कम्प्युटर सर्विस, चाबहिलमा सेटिङ गरिएको छ भने मुद्रण विभाग, सिंहदरबार, काठमाडौँमा छापिएको छ। सम्पादन समूहमा तीर्थराज अधिकारी, नवराज कट्टेल, मोदनाथ खनाल र रामजी दाहाल रहेका । यस पत्रिकाको कभरमा चारसय ग्राम आर्ट पेपर लगाइएको छ। भाषाको शुद्धतामा विशेष ध्यान दिइएको छ र अशुद्धि नगण्यप्रायः छ । यसमा समाविष्ट अन्तर्वार्ता आ–आफ्ना विषयगत दृष्टिले ठिकै छन् भने अन्तर्वार्तादाताका सबै कविता उत्कृष्ट नै छन्, साथै केही सिकारु कविका कविताबाहेक सबै कविता रमणीय नै छन्। कविता लयबद्ध नै हुने भएकाले लयका दृष्टिले हेर्दा गद्य कविता (गक), पद्य कविता (पक) र गीतिकविता (गीक) मा रहेको निजनिर्मित गद्यलय, शास्त्रीय पद्यलय र नेपाली गीतिलयको उपस्थिति महत्त्वपूर्ण छ।

सबभन्दा उत्कृष्ट यस पत्रिकाको ‘सम्पादकीय’को पूर्वार्ध भाग हो, जसमा कविताको सकल महत्त्व निकै सुन्दर मनोमोहक भावावलिमा प्रदर्शन गरिएको छ। यसै गरी अर्को एक वाक्यस्थापनाबाट सङ्केत गरिएको छ,जसमा “...अभावजन्य व्यवधानहरूले तगारो तेर्साएका ....” र “साधन र स्रोतको अभावमा .... इच्छाशक्तिको पराक्रमबाट....काम गर्ने” भनिएको छ। यी भावात्मक कुराले छपाइको भुक्तानी नहुने निश्चित छ । नेपाली पत्रपत्रिकाको सर्वविदित जुन हालत छ, सोही हालत भोग्न विवश यस पत्रिकाको यो अङ्क पनि सायद अन्तिम नै हो भन्नुपर्दा कुनै आश्चर्य मान्नु पर्लाजस्तो लाग्दैन।

**गोरखा वाङ्मय**का दुई अङ्क प्रकाशन गरेर गोरखा साहित्य प्रतिष्ठानले यति धेरै विद्वद्वर्गका अन्तर्वार्ता लिएर अनि करिब तीस जिल्लाका कविका शताधिक रचना समावेशपूर्वक कायम गरेको यो इतिहास नेपाली साहित्य भण्डारगृहमा सुनौला अक्षरले लेखिने छ भन्ने कुरामा सुदृढ हुन सकिन्छ। गोरखा साहित्य प्रतिष्ठानका प्रबलोत्साही संस्थापक धन्यधन्य छन्।

२०७८/०८/१४

drnpk09@gmail.com

●●●

# राजेश्वरका उपन्यासमा साङ्ख्यदर्शन किन खोजेँ ?



–डा. टीकाराम आचार्य 'आरुणि'

शान्ति माध्यमिक विद्यालय कुस्मिसेरा, बागलुङमा छ कक्षामा अध्ययन गर्दै थिएँ त्यतिबेलै पिताजीले संस्कृत भाषा अध्यापन गराउनका लागि भनेर जैमिनी संस्कृत पाठशाला शिवपुरी दमेकमा पठाउनु भयो । पिताजीको निर्णलाई नकार्न सकिनँ र पाठशालामा भर्ती भएँ। हुन पनि मलाई निरस गणित र विज्ञानका सूत्रभन्दा साहित्यका ग्रन्थ प्यारा लाग्थे । सोही समयदेखि म संस्कृत वाङ्मयको अध्ययन गर्ने कार्यमा तल्लीन हुन पुगेको थिएँ । पाठशालामा भर्ना भएपछि संस्कृत भाषामा लेखिएका व्याकरण, साहित्य र दार्शनिक विचारसँग घुलमिल हुँदै गएँ । त्यहाँ लगभग दुई वर्ष जति पढेपछि पोखराको विन्ध्यवासिनी वैदिक गुरुकुलमा ज्ञानको तीर्खा मेटाउन आएँ र काठमाडौँको दक्षिणामूर्ति संन्यास आश्रममा पनि बसेर पूर्वीय दर्शनका गहन विचार मनैमन मनन गरेँ। यी सबै पीठमा निधिध्यासनका लागि अनुकूल वातावरण बन्दै गयो। देवालयहरूमा प्रवचन सुन्दै र भन्दै जाँदा पूर्वका दर्शनका विषयमा एक किसिमको अवधारणा निर्माण भयो। त्यसपछि संस्कृत भाषा र वाङ्मयका क्षेत्रमा केही न केही योगदान दिनुपर्छ भन्ने एक किसिमको हुटहुटी जागेर आयो। संस्कृत भाषामा रहेका व्याकरणका नियम र सनातन धर्मसँग सम्बन्धित मान्यताहरूका बारेमा कलम चलाउँदै गएँ र अध्ययन पनि गर्दै गएँ।

अध्ययनका क्रममा पृथ्वीनारायण क्याम्पस पोखराका विद्वान् गुरु प्रा.डा. विष्णुप्रसाद पौडेलसँग स्नातकोत्तर तहका कक्षाहरू अध्ययन गर्ने सुनौलो मौका मिल्यो । उहाँसँग औपचारिक अध्ययनका अतिरिक्त अनौपचारिक छलफल पनि क्रमिक गतिमा हुन थाल्यो। अनौपचारिक छलफलका क्रममा पूर्वीय वाङ्मयका बारेमा धेरै प्राज्ञिक खोज अनुसन्धान सम्पादन हुन बाँकी रहेको अवगत भयो। मेरो रुचि र अध्ययनको पृष्ठभूमि पूर्वीय वाङ्मयसम्बद्ध रहेको छ भनेर मैले उहाँलाई बताएँ। उहाँले राजेश्वर देवकोटाका उपन्यास अध्ययनका क्षेत्र हुन सक्छन् भनेर सुझाउनु भयो। त्यसपछि मैले देवकोटाका सबै उपन्यास सङ्कलन गरेर पढेँ। मैले स्नातक र

स्नातकोत्तर तहमा शोधप्रबन्ध लेखिसकेको हुनाले फेरि विद्यावारिधि उपाधिका लागि पछि हट्नु पर्ने कुनै कारण थिएन ।

मैले देवकोटाका उपन्यास पढिसकेपछि देवकोटाका उपन्यासलाई दार्शनिक कोणबाट अनुसन्धान गर्न सकिन्छ भन्ने निचोडमा पुगेँ । आफूमा एक किसिमको अवधारणा निर्माण भएपछि गुरुलाई गएर देवकोटाका उपन्यासमा पूर्वका दर्शनको खोजी गर्न सकिन्छ भनेर तथ्यसहित सुनाएँ। त्यसपछि 'राजेश्वर देवकोटाका उपन्यासमा पूर्वीय दर्शन' शीर्षकको शोधप्रस्ताव निर्माण गरेर नेपाल संस्कृत विश्वविद्यालयमा प्रस्ताव पेस गरेँ । प्रस्ताव पेस भएपछि विद्यावारिधिको प्रक्रिया विश्वविद्यालयले अगाडि बढायो। अन्तर्वार्तालगायत पूर्व तयारीका काम सकिएपछि औपचारिक रूपमा 'राजेश्वर देवकोटाका उपन्यासमा साङ्ख्यदर्शन' शीर्षकको प्रस्ताव दर्ता भयो र काम आरम्भ भयो।

देवकोटाका उपन्यासलाई साङ्ख्यदर्शनको कसीबाट नियाल्न सकिन्छ कि सकिँदैन भनेर फेरि अध्ययन गरेँ। केही समालोचकहरूका रचना पनि खोजविन गरेर पढेँ। पूर्ववर्ती समालोचनात्मक कृतिमा राजेश्वर देवकोटाका उपन्यासहरू विचारप्रधान रहेका र त्यसमा पनि साङ्ख्यदर्शनको घनत्व बढी रहेको अवधारणा भेट्टाएँ। सो कुरा सत्य हो कि होइन भनेर साङ्ख्यदर्शनका आधिकारिक ग्रन्थ खोजेर पढेँ। त्यसपछि तेस्रोबाजी राजेश्वर देवकोटाका उपन्यास तेहेऱ्याएर पढेँ। साङ्ख्यदर्शनका सिद्धान्तलाई उपन्यासका तथ्यहरूसँग कसरी तादात्म्य गर्न सकिन्छ भनेर निरन्तर घोत्लिएँ। लामो समयको घोत्ल्याइपछि उपन्यासमा साङ्ख्यदर्शनको प्रभाव अनुशीलन गर्न सकिन्छ नै भनेर थप विश्वस्त बनेँ। उनका उपन्यासको अध्ययनपछि मलाई उपन्यासमा प्रस्तुत भएको उदात्त किसिमको ज्ञानको अभिव्यञ्जनाले साह्रै छोयो र उनका उपन्यासबाट म टाढा भाग्न सकिनँ।

अध्ययनका क्रममा धेरै सामग्री संस्कृत र हिन्दीमा लेखिएका भेटिए भने नेपाली भाषामा लेखेका सामग्री कम भेटिए। नेपाली भाषामा पश्चिमीवाद र सिद्धान्तलाई प्रतिमान मानेर उपन्यासको विश्लेषण गर्ने परिपाटी प्रचलनमा रहेको देखिए पनि पूर्वका प्रचीन दर्शनका विचारलाई शिरोपर गरेर अनुसन्धान गर्ने चलनको आरम्भ नेपाल संस्कृत विश्वविद्यालयले गरेको हो। त्यसो भए पनि दर्शनका कुन

आधारबाट उपन्यासको ठोस विश्लेषण गर्ने भन्ने एकिन हुन सकेको थिएन । त्यसै अभावको परिपूर्ति गर्नका लागि मैले देवकोटाका उपन्यासको अनुशीलनका क्रममा पूर्वका दर्शनका आधारमा उपन्यासको विश्लेषण गर्ने प्रतिमानको स्थापना गरेको छु। प्रतिमानको निर्माणपछि भावी पुस्ताले दर्शनका आधारमा उपन्यासको अनुशीलन गर्नका लागि विश्लेष्य आधार प्राप्त गर्नेछन् भन्ने विश्वास मलाई लागेको छ।

अध्ययन सामग्रीको खोजीका लागि भारतस्थित दिल्ली विश्वविद्यालयसम्म पनि धाउनुपर्‍यो र धेरै सन्दर्भसामग्री भारतबाटै आयात गर्नुपर्‍यो । त्यहाँको विश्वविद्यालयमा दर्शनका निक्खर अध्ययन गरिएका शोधसामग्री पाइए पनि पूर्वका दर्शनका आधारमा वा साङ्ख्यदर्शनका आधारमा समेत साहित्यिक कृतिको (विशेषतः उपन्यासको) विश्लेषण भएका शोधप्रबन्ध भने भेटिएनन्। सामग्रीसङ्कलन गरिसकेपछि सिद्धान्त निर्माण गर्न र त्यसलाई तार्किक शृङ्खलामा राखेर विश्लेषण गरी उपन्यास विश्लेषणका प्रतिमान निर्माण नगर्दासम्म काम गर्न सकिन्न कि भनेर लगभग बिचमै छोड्ने मनस्थिति पनि आयो तर हार भने मानिन । यस अवस्था म यस्तो ठाउँमा पुगेको थिएँ, छोडौँ चार वर्ष खेर जान्छ, नछोडौँ अगाडि जाने बाटो देखिन्न। अगाडि जाने बाटो भनेको त विश्लेष्य आधारको निर्माण पो रहेछ। जब उक्त विश्लेषणीय प्रतिमान निर्माण गरेँ त्यसपछि अब त काम सम्पन्न गर्न सकिने भयो भन्ने अभिप्रेरणा आफैँबाट लिएँ । त्यसपछि फेरि उपन्यासका तथ्यलाई दर्शनको सँचोमा ढालेर निहार्नुपर्ने अर्को चुनौती थपियो । लगभग **पूर्वकथा** उपन्यासका बारेमा लेखेको पचास पेज रचना बेकामे बन्यो । **पूर्वकथा** उपन्यासको कथावस्तुमा साङ्ख्यदर्शनका प्रकृति, पुरुष र मोक्षका विषलाई दोहोर्‍याएर अनुलेखन गरेपछि बल्ल तार्किक ढाँचाको निर्माण भयो र अनुसन्धान कर्मले गति लियो। अन्ततः कर्तव्य कर्मलाई निरन्तरता दिँदै जाँदा निष्कर्षसम्म पनि पुगियो।

वाल्मीकि विद्यापीठ वेदान्त दर्शन विभागका विभागीय प्रमुख प्रा. भवानीप्रसाद खतिवडा गुरुज्यूले साङ्ख्यदर्शनको अध्यापन केही समय घरमै राखेर गराउनु भयो । उहाँले विद्यावारिधिका समयमा मात्र होइन कि स्नातक (शास्त्री) तह अध्ययन गर्दादेखि नै मलाई बारम्बार हौसला दिनु हुन्थ्यो । उहाँसँगको सङ्गतबाट दर्शनका गहकिला ग्रन्थीहरू खुस्किएपछि ज्ञानको क्षितिज केही मात्रामा फराकिलो भएको अनुभव गरेँ।

मेरो अनुसन्धान पुरा गराउनका लागि देवकोटा पुत्र श्री ईश्वरचन्द्र देवकोटाज्यूले पनि ठुलो गुन लगाउनु भएको छ। उहाँले सामग्री जुटाउनेदेखि लिएर मलाई अभिप्रेरणा दिइरहनु भयो। उहाँको अभिप्रेरणा मेरा लागि थप ऊर्जाको स्रोत बन्यो। अन्ततः सबैको सहयोग र सद्भाव त छँदै थियो। त्यसमा पनि मैले अथक साधनाबाट पाँच वर्ष लगाएर राजेश्वर देवकोटाका उपन्यासमा साङ्ख्यदर्शन खोज्ने काम सकेँ। विद्यावारिधिको उपाधि पनि लिएँ। उपाधि लिएपछि म स्वाभाविक रूपमा हर्षित भएको छु तर मलाई थप जिम्मेबारी बोध भएको छ। विद्यावारिधि मेरो अध्ययनको समापन हैन बरू थालनी हो।

●●●

---

## हरि सांस्कृतिक केन्द्र, गोरखाबाट प्रकाशित कृतिहरू

१. मलाई विभाजित नगर (कवितासङ्ग्रह) – रामनारायण जोशी

२. समयको आवाज (कवितासङ्ग्रह) – भीम राना 'जिज्ञासु'

३. नेपाली साहित्यमा गोरखा (अनुसन्धानमूलक कृति) – दीनानाथ शर्मा पण्डित

४. गोरखागाथा (खण्डकाव्य) – धनेश्वर भट्टराई

५. गोरखाको डायरी (खोजपरक दैनिकी) – नारायणप्रसाद खनाल

६. ताक्लुङको मधुरिमा (काव्य) – केदारनाथ खनाल

७. राजेश्वरको उपन्यासमा साङ्ख्यदर्शन (शोधपरक समालोचना) – डा. टीकाराम आचार्य 'आरुणी'

८. राजेश्वर काव्यम् (जीवन सम्बलितम्) — प्रा.डा. नारायणप्रसादः खनालः

९. राजेश्वर स्मृतिग्रन्थ – प्र.सं. केदारनाथ खनाल

१०. आवर्तन (हरि सांस्कृतिक केन्द्र, गोरखाको मुखपत्र), अङ्क ३ सम्म प्रकाशित) – प्र.सं. केदारनाथ खनाल

# राजेश्वर देवकोटाको साहित्यिक र दार्शनिक व्यक्तित्वमाथि परिचर्चा

*जूम गोष्ठी*

अक्टोबर ३१, २०२१ (कार्तिक १४, २०७८)

अमेरिकास्थित 'नर्थ क्यारोलाइना नेपाली साहित्य समाज' को आयोजना र 'हरि सांस्कृतिक केन्द्र, गोरखाको सह–आयोजनामा 'राजेश्वर देवकोटाको साहित्यिक र दार्शनिक व्यक्तित्वमाथि परिचर्चा' शीर्षकमा एक साहित्यिक गोष्ठी सम्पन्न भयो। विशिष्ट विद्वान्हरूलगायत साहित्यमा रुचि राख्ने साहित्यिक अनुरागीहरूको ठूलो सङ्ख्यामा अमेरिकाका विभिन्न राज्यहरू, क्यानडा, फ्रान्स र नेपालको काठमाडौँ, पोखरा, गोरखा, चितवनका विशिष्ठ साहित्यकारहरू पनि सहभागीहरू रहेका थिए। जूम प्रविधिमा सञ्चालित यो कार्यक्रम करिब चार घण्टा चलेको थियो।

उक्त कार्यक्रममा नेपालका सम्बन्धित विषयका विद्वत् पाहुनाहरूमा डा. टीकाराम आचार्यद्वारा 'राजेश्वर देवकोटाका उपन्यासमा दर्शन पक्ष', श्री केदारनाथ खनालद्वारा उहाँको 'समग्र साहित्य र संस्थामा योगदान', प्रा.डा. नारायणप्रसाद खनालद्वारा 'कविता पक्षमा' तथा श्री विजयराज न्यौपानेद्वारा उहाँको 'भिन्न व्यक्तित्व र विशेषता' बारेमा विस्तृत प्रकाश पार्नुभएको थियो।

'देवकोटाका उपन्यासमा साङ्ख्यदर्शन' विषयमा विद्यावारिधि गर्नुभएका डा. आचार्यले देवकोटाका उपन्यासहरू अरू धेरै पक्षबाट पनि अनुसन्धान गर्न सकिने बताउनुभएको थियो। सकारात्मक सोचका धनी राजेश्वर देवकोटाका उपन्यासहरूमा साङ्ख्यदर्शनको बाहुल्यता पाइएको र उहाँका कृतिहरू यति दार्शनिक चिन्तनले भरिएका छन् कि छोटो समयमा राजेश्वरका कृतिहरूको विश्लेषण गर्नु भनेको 'एउटा डुङ्गाको सहायताले म समुद्र तर्छु भनेर धृष्टता गर्नु हो', उहाँको भनाइ थियो। करिब चालीस मिनेटसम्म उक्त विषयमा विश्लेषण गर्नुभएका डा. आचार्यले सबैश्रोतावर्गलाई बौद्धिक खुराकले मन्त्रमुग्ध बनाउनुभएको थियो।

प्रा.डा. नारायणप्रसाद खनालले देवकोटाको मूलधार आख्यान भए तापनि उहाँको कृति **बुद्धि विनोद**को व्यापक चर्चा गर्नुका साथै उहाँको अन्य काव्यको छोटो व्याख्या गर्नुभएको थियो। गोरखाका तीन साहित्यिक नक्षत्रमध्ये अन्य दुई श्री पूर्णप्रसाद ब्राह्मण र विनोदप्रसाद धितालका मूल विधा पनि आख्यान नै रहेको उल्लेख गर्नुभएको थियो।

श्री विजयराज न्यौपानेद्वारा उहाँको 'भिन्न व्यक्तित्व र विशेषता' माथि चर्चा गर्दै राजेश्वर देवकोटाको आख्यानमा दर्शनका कुरा, उहाँको काव्य व्यक्तित्वको कुरा साथै उहाँको जीवनका कुराहरूलाई सरल भाषामा चर्चा गर्नुभएको थियो। देवकोटाको पुर्ख्यौली केलाउँदै उहाँको परिवारसहित बसोवास भएको गाउँ नै 'पण्डित गाउँ' नाम आर्जित गरेको उल्लेख गर्दै बौद्धिक हिसाबले पण्डित गाउँ रहेको बताउनुभयो। सानो र झिनो कदका भए पनि राजेश्वर देवकोटाको प्रतिभा सशक्त हुँदै गएको देखिएको कुरा बताउनुभयो।

श्री केदारनाथ खनालद्वारा उहाँको समग्र साहित्य र हरि सांस्कृतिक केन्द्रको स्थापना र संस्थामा उहाँको योगदानका बारेमा चर्चा गर्दै राजेश्वर देवकोटा बौद्धिकताको शिखर पुरुष हुनुभएको बताउनुभयो। त्यो समयका **रुद्री**, **चण्डी**, **अमरकोश**, **कौमुदी** आदि संस्कृत र विदेशी हिन्दी भाषाका पुस्तक पनि पठनपाठन हुने गरेकामा उहाँले कक्षा एकदेखि आठसम्मका नेपाली भाषाको पाठ्यपुस्तक लेख्ने र **नेपाली व्याकरण**समेत प्रकाशन गर्नेजस्तो महत्त्वपूर्ण काम गरेको बताउनुभयो। मानवतावादी दृष्टिकोण र समाजसुधारका लागि अग्रगामी सोच राख्ने देवकोटाले आफ्नो उपन्यास **पूर्वकथा** र **उत्सर्ग प्रेम** कृतिले प्राप्त गरेका दुई पुरस्कार (साझा र मदन) को रकमबाट २०४६ सालमा स्व. पिता पं. हरिभक्तको पुण्यस्मृतिमा 'हरि सांस्कृतिक केन्द्र' गोरखाको स्थापना गरेको र सो संस्थामार्फत २०४८ सालदेखि नियमित रूपमा पुरस्कार वितरण, कृति प्रकाशन, साहित्य प्रतियोगिता गराउनुका साथै पुरस्कृत प्रतिभाहरूको विवरण प्रस्तुति, देवकोटाको समग्र व्यक्तित्वका अतिरिक्त कृतित्वबारे सङ्क्षिप्त चर्चा गर्नुभएको थियो। त्यसपछि नै जिल्लामा अन्य साहित्यिक संस्थाहरू खोल्न प्रोत्साहन गरेको प्रसङ्ग उल्लेख गर्नुभयो। संस्थापक, संरक्षकहरूबाट गोरखा सदरमुकाम, शक्तिमार्गमा निर्मित संस्थाको आफ्नै भवनबाट साहित्यिक गतिविधि सञ्चालन हुँदै आएको समेत बताउनुभयो।

सो कार्यक्रममा राजेश्वर देवकोटाका सुपुत्र श्री ईश्वरचन्द्र देवकोटाले आफूलाई कार्यक्रम पूज्य र पुण्य लागेको प्रकट भाव गर्दै पिताजीद्वारा रचित उपन्यास **द्वन्द्वको अवसान** को वाचन सुन्दा सङ्गीतमय अनुभूति हुने र सङ्गीतमय हुन लय र धून नै चाहिने रहेनछ भन्ने भावसमेत व्यक्त गर्नुभयो। त्यस्ता भावले नै फेरिफेरि सुन्दा पनि राग–पराग आइरहेको बताउनु भयो। राजेश्वर देवकोटाका भाइ डा. जगदीश्वर देवकोटाले विराट् व्यक्तित्वका आफ्ना दाइलाई अझै चिन्न बाँकी रहेको उल्लेख गर्नुभयो भने बुहारी कमला देवकोटाले बुबाको सामीप्यमा भाग्यले पुगेको भन्दै भक्तिभाव अर्पण गर्नुभयो।

राजेश्वर देवकोटाको गाउँनजिकै जन्मेका डा. ऋषि बस्ताकोटीले आफूले बाल्यकालदेखि सुन्दै आएका देवकोटाका अनेक बिम्बको चर्चा गर्दै कार्यक्रम रोचक ढङ्गले सहजीकरण गर्नुभएको थियो। नर्थ क्यारोलाइना नेपाली साहित्य समाजकी कोषाध्यक्ष सुजाता ढुङ्गेलले अध्यक्ष नम्रता गुरागाईंको शुभकामना सुनाउँदै सभा सुरुवात गर्नुभएको थियो।

अन्य विद्वान् वक्ताहरू र सहभागीहरूमा डा. हरिहर भट्टराई, श्रीप्रसाद पण्डित, डा. अच्युत शर्मा, हरि सांस्कृतिक केन्द्रले प्रदान गर्ने हरि उत्कृष्ट प्रतिभा पुरस्कारबाट सम्मानित स्रस्टाहरू : नेपाल संस्कृत विश्वविद्यालयका पूर्व–उपकुलपति प्रा. शिवहरि मरहट्टा, साहित्यकारद्वय श्री राजेन्द्र अर्याल, श्रीमती सीता अर्यालका साथै श्री दिनारश्रेष्ठले 'राजेश्वर देवकोटाको राजनैतिक व्यक्तित्वले ओझेल पारेको साहित्यिक र दार्शनिक आयाम' लाई प्रकाशमा ल्याउने काम भएकोमा प्रसन्नता व्यक्त गर्नुभयो। साहित्यकार राजेन्द्रप्रसाद अर्यालले आफ्नो पिता–पुर्खाको सम्मानमा समर्पित हरि सांस्कृतिक केन्द्रको प्रेरणाले नै 'दण्डपाणि अर्ज्याल स्मृति केन्द्र' को स्थापना गर्न प्रेरणा प्राप्त भएको र सो केन्द्रले पनि वार्षिक 'दण्डपाणि–नन्दकुमारी अर्ज्याल स्मृति पुरस्कार' अर्पण र साहित्यिक पत्रिका **ज्ञानविन्दु** प्रकाशन गर्दै आएको उल्लेख गर्नुभयो।

नर्थ क्यारोलाइना नेपाली साहित्य समाजकी उमा शर्माले देवकोटाका लेखनशैली प्रस्तुत गर्दै **द्वन्द्वका अवसान**का केही घतलाग्दा उद्धरणहरू वाचन गर्नुभयो भने यसै संस्थाकी महासचिव निर्मला राजभण्डारीले देवकोटाका केही कविता वाचन गर्नुभयो।

आयोजक संस्थाका निवर्तमान अध्यक्ष श्री शिखर दुलालले विशिष्ट पाहुना र सम्पूर्ण सहभागी महानुभावहरूलाई स्वागत गर्नुभएको थियो।

●●●

(टिपन–टापन)

**उत्सर्ग प्रेम**मा प्रकृतिलाई सर्वोपरि महत्त्व दिइएको छ। प्रकृतिबाहेक स्थिर र शाश्वत सत्य अरू केही छैन, प्रकृतिको विपरीत गए वा छेकथुन गरेर अप्राकृतिक बन्नु आफैमा पतन हुनु हो।

ठाकुरप्रसाद तिवारी,

**राजेश्वर देवकोटाको उत्सर्ग प्रेम एक अध्ययन** (२०६१)

# मैले चिनेका राजेश्वर देवकोटा



–तुलसीप्रसाद न्यौपाने

राजेश्वर देवकोटा राजनीति र साहित्यका क्षेत्रमा सुपरिचत नाम हो। गोरखा जिल्लाको लिगलिग (हालको पालुङ्टार नगरपालिकाका) मा जन्मनु भएका देवकोटा 'जयतु संस्कृतम्' आन्दोलनबाट अगाडि बढ्दै २००७ सालको राणा शासन विरुद्धको आन्दोलनमा गोरखा जिल्लाको क्रान्तिमा सक्रियरूपले लाग्नु भएको थियो।

उहाँका पिता पण्डित हरिभक्त देवकोटा त्यसताका राणा शासन विरुद्धको क्रान्तिमा महत्त्वपूर्ण भूमिका खेल्ने व्यक्ति हुनुहुन्थ्यो। उहाँलाई बाल्यकालमा देखेको हुँ। आफ्नो आँगन, गोठ खाली गरेर गाउँका बालकहरू जम्मा गरी अध्यापन गराएर शिक्षामा उहाँले ठूलो परिवर्तनको विजारोपण गर्नुभएको थियो। ती बालकमध्ये एक म पनि थिएँ। पछि बालकहरूको सङ्ख्या बढेर होला 'जयन्तीदेवी मन्दिर' को पेटीमा अध्यापन शुरु गर्नुभयो।

शिक्षा क्षेत्रमा जागरण ल्याएर सर्वसाधारण जनताहरूलाई शिक्षाको बाटोमा प्रवेश गराउने काम पण्डित हरिभक्त देवकोटाबाट भयो। हुन त बोहरा गाउँ (पछि गएर पण्डित गाउँ) का सबै देवकोटालाई पण्डित भनिन्थ्यो। खासमा हिन्दु रीतिरिवाजअनुसार धार्मिक कार्य चलाउने विषयहरू बनारस गएर पढेर आउने र भागवत भन्न सक्ने भएर त्यहाँका व्यक्तिहरूले अध्ययन गरेको हुनाले देवकोटाहरू सबैलाई पण्डित भनिन थाल्यो। विद्यामा यस गाउँका ब्यक्तिहरूको अग्रसरता रह्यो। संस्कृत विद्याको प्रचार राम्ररी भयो।

पं. हरिभक्त देवकोटाका छोरा राजेश्वर देवकोटा पनि संस्कृतका विद्वान् हुनुभयो। राणकालमा खोलिएको 'रानीपोखरी संस्कृत पाठशाला' र 'तीनधारा पाकशाला छात्राबास' ब्राह्मणका छोराहरूलाई शिक्षित बनाउने थलो थियो। चेतना बृद्धि भएपछि त्यहाँ अध्ययन गर्ने विद्यार्थीहरू राणा शासन विरोधमा लागे। 'जयतु संस्कृतम्' एउटा अभियान बन्यो। त्यसै अभियानका सिलसिलामा राजेश्वर देवकोटा २००७ सालको जनआन्दोलनमा गोरखाको नेतृत्व लिन जानुभएको रहेछ। पं. दुर्गाभक्त र उहाँ पण्डित गाउँबाट संस्कृत अध्ययन गर्नेहरू कांग्रेसमा लागेर गोरखाका बडाहाकिमलाई नै बन्दी बनाएर तहल्का मच्चाई रहँदा बडाहाकिम जेलबाट छुटेछन् र

राजेश्वर, दुर्गाभक्तसहित क्रान्तिकारीहरूलाई पक्डन लाग्दा भागाभाग भएछ। कतिपय समातिए, राजेश्वर देवकोटा सानो कदको ब्यक्ति हुनुभएकाले कता लुक्नुभयो, पक्डन सकेन छन् । हल्ला भयो, दुर्गाभक्तका ससुराली अर्यालहरूकहाँ उनीहरू लुकेका, सैनिकहरू त्यतैतिर खोजीरहे, तर भेट्टाउन सकेन छन् । त्यसबेला राजेश्वर परालको गुजुल्टोमा लुकेर बस्नुभएछ, सैनिकले पत्तै पाउन सकेनन् । यसरी उहाँ सैनिकको पकडाउबाट बच्नु भयो, उता दुर्गाभक्त पस्लाङतिर दौड्नुभएछ खाली खुट्टा। आत्तिएर दरौँदीको किनार–किनार भाग्दै रगताम्य फुटेका खुट्टामा गाउँ पसेको हल्ला मैले केटाकेटीमा सुनेको हुँ।

राजेश्वर देवकोटा काठमाडौँ आउनु भएपछि उहाँका भाइहरू लक्ष्मी र जगदीशलाई पनि सगैँ ल्याउनु भयो । त्यस समयमा त्यस क्षेत्रबाट काठमाडौँ बसेर अध्ययन गर्नेको सङ्ख्या कमै थियो । दशैँमा उहाँले गाउँले युवाहरू जम्मा गरेर रमाइलोसँग मनाउने गर्नुहुन्थ्यो । उहाँ पत्रकारिता र विज्ञापन एजेन्सी सञ्चालनमा संलग्न हुनुहुन्थ्यो । भाइ लक्ष्मी कृषि विशेषज्ञ हुनु भयो र जगदीश्वरले ईजिप्टबाट मेडिकल विज्ञानमा डाक्टरी गर्नुभयो, पछि उतै ईजिप्टकै युवतीसँग विवाह गर्नुभयो । उहाँ हाल अमेरिकामा हुनुहुन्छ।

हामी दशैँमा काठमाडौँबाट गोरखाको घर जाँदा बाटोमा चार रात बास बस्नु पर्थ्यो। उहाँ सानो कदको भए पनि अति छिटो हिँड्ने, उहाँको कान्छो भाइ जगदीश र म उहाँलाई भेट्टाउन सक्दैनथ्यौँ, अलि पर गएर हामीलाई पर्खनुहुन्थ्यो।

उहाँ प्रतिभाशाली, तीक्ष्ण बुद्धि भएको ब्यक्तिको रूपमा मैले चिनेको हुँ। कसैसँग डराउने स्वभाव थिएन। राजनीति र साहित्यलाई निरन्तरता दिएर जीवनको अन्त्यसम्म हिँड्नुभयो । उहाँ कट्टर राजावादी राजतन्त्रको समर्थक, पञ्चायती व्यवस्थामा सभामुख (राष्ट्रिय पञ्चायत अध्यक्ष) सम्म बनेको ब्यक्ति, उहाँलाई अभियोग लगाइयो भन्ने सुन्नमा आयो । दरबारले उहाँलाई अगाडि पनि नल्याउने, पछाडि पनि जान नदिने भन्ने नीति लिएको थियो रे। पछिल्लोपटक रा.प.स. मा उहाँले गोरखाबाट अत्यधिक मत ल्याएर जित्नु भयो। प्रधानमन्त्री बनाउने चर्चा निकै भयो, तर दरबारले लिएको नीतिको कारणले उहाँलाई प्रधानमन्त्री हुने अवसर मिलेन। उहाँ जीवनको अन्तिम समयसम्म पनि राजसंस्थाको पक्षमा वकालत गरिरहनु भयो तर राजसंस्थाले उहाँलाई साथ दिएन।

एउटा शालीन ब्यक्तित्वका धनी राजेश्वर देवकोटा साहित्यमा पनि प्रखर मानिनुहुन्छ। उहाँको **उत्सर्ग प्रेम** उपन्यासले २०४४ सालको मदन पुरस्कार प्राप्त

गरेको हो। **द्वन्द्वको अवशान**, **पूर्णिमा**, **पूर्वकथा**, **आवर्तन** नामको उपन्यास बजारमा छन्। **पुस्तान्तर**, **संयुक्त कथासङ्ग्रह**मा पनि उहाँका तीनवटा कथा छन्। यस पुस्तकमा गोरखाका आठजना कथाकारका कथा सङ्कलित छन्। कथाकार राजुबाबुश्रेष्ठको प्रयासमा यो काम भएको हो।

उहाँको सादा जीवन, आदर्श स्वभावमा हामीले निकै अनुभव गरेका छौँ। उहाँकी धर्मपत्नी माया एउटी उदाहरणीय नारी हुनुहुन्थ्यो। उहाँहरूको जीवनशैली गाउँ र शहरबीचमा पाइने सबै कुराले परिपूर्ण थियो। एक दिन बिहान कामविशेषले उहाँको घर पुग्दा उहाँ प्लाष्टिकको लम्बे बुट लगाएर हातमा लट्ठी र हँसिया लिएर बारीतिर काम गरेको देखें। पत्यारै लागेन। उहाँ आउनु भयो, भलाकुसारी भयो। समय–समयमा खेतबारी र बगैँचामा जाँदा आनन्द हुन्छ, शरीरलाई पनि चलाउन पाइन्छ। कहिलेकाहीँ खेतबारीमा चल्छु भन्नु भयो। उहाँको त्यो सरल र आत्मीय पक्ष सधैँ स्मरण रहिरहन्छ।

राजेश्वर देवकोटाका साहित्यिक र राजनीतिक विषयमा धेरै कुरा गर्न, लेख्न सकिन्छ। उहाँले आफ्नो जीवन यी क्षेत्रमार्फत् राष्ट्रलाई लगानी गर्नु भयो। तर उहाँकी जीवन सङ्गिनी दुई वर्ष अगाडि गुमाएर आँफू जाँदै गर्दा उहाँ निकै चिन्तित हुनुहुन्थ्यो। वास्तवमै पत्नी गुमाएको पुरुष निरीह नै बन्नुपर्ने रहेछ। उहाँले मलाई केही भन्नु भएन।


केदारनाथ खनालले मेरो **महादेशीय यात्रा** यात्रासंस्मरण किताब अध्ययनको लागि फोन गर्नुभयो। अध्यक्ष त मोहननारायणश्रेष्ठ हुनुहुन्थ्यो क्यारे, केही समयपछि खबर आयो, हरि सांस्कृतिक केन्द्रबाट मेरो त्यो पुस्तक पुरस्कृत भएको रहेछ। साहित्यमा म आँफू पनि उहाँबाट प्रभावित थिएँ र प्रेरणा पनि प्राप्त गरेको हुँ।

उहाँ बिरामी भएर न्युरो अस्पताल महाराजगञ्जमा भर्ना भएको थाहा पाएर म र मेरी श्रीमती भेट्न गयौँ। जनै खटिराको समस्याले भर्ना हुनुभएको, पछि निमोनिया देखियो। त्यही रोगले उहाँको देहावसान भयो।

मुलुकले एउटा कुशल राष्ट्रचिन्तक र साहित्यसेवी गुमायो। हामीले पनि अभिभावक गुमायौँ। पण्डित गाउँले एउटा महापण्डित गुमायो।

●●●

# स्थानीय पाठ्यक्रममा 'हरि सांस्कृतिक केन्द्र' को प्रविष्टि



–भरत निरौला
शिक्षक, जनता मा.वि., आँपपिपल

नेपालको संविधानको अनुसूची ८ मा आधारभूत र माध्यमिक तहको शिक्षाको व्यवस्थापनका लागि स्थानीय तहलाई अधिकार प्रत्यायोजन गरिएको छ । संविधानप्रदत्त अधिकारको कार्यान्वयन गर्नु सबै स्थानीय तहको कर्तव्य हो । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा भएको प्रावधानअनुसार स्थानीय तहले विद्यालय तहमा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्न पाउने व्यवस्था गरिएको छ । नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरबाट प्रकाशित **स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६** ले स्थानीय पाठ्यक्रमको सन्दर्भ, अवधारणा, पाठ्यक्रम विकास कार्यान्वयन प्रक्रिया, स्थानीय पाठ्यक्रमको ढाँचालगायतका विषयमा स्पष्ट मार्गनिर्देशन गरेको छ।

स्थानीय पाठ्यक्रमको स्रोत सामग्री २०६६ ले स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण गरिएको पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रमका रूपमा परिभाषित गरेकाले सोही परिभाषालाई आधार मानी गोरखा जिल्लाको *पालुङ्टार नगरपालिकाले स्थानीय शिक्षाविद्, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधि, नगरपालिकाका सदस्यहरू र पाठ्यक्रम विज्ञहरूसँग* छलफल, अन्तर्क्रिया तथा कार्यशाला बैठकको आयोजना गरी प्राप्त सुझाव तथा पृष्ठपोषणका आधारमा पालुङ्टार नगरपालिकाको परिचय; प्राकृतिक स्रोत र सम्पदा, संस्कार र संस्कृति; पेसा, प्रविधि र उद्यमशीलता; पर्यावरण र हरित विद्यालय; विद्यालय, व्यक्ति र संस्थाको परिचयजस्ता विषय क्षेत्रलाई समेटेर आधारभूत विद्यालय तह कक्षा एकदेखि आठसम्मका लागि पाठ्यक्रम निर्माण गरेको छ।

राष्ट्रिय स्तरमा तयार पारिएको पाठ्यक्रमले सबै क्षेत्र तथा वर्गका विद्यार्थीहरूको दैनिक जीवनमा आइपर्ने ज्ञान, सीप, आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न सक्दैन । बालबालिकाले शिक्षा आर्जन गर्ने पहिलो पाठशाला घरपरिवार हो

भने त्यसपछि आफू जन्मे–हुर्केको समुदाय । त्यसैले उनीहरूले आफ्नो गाउँ तथा समुदायको पहिचान गर्नुपर्ने हुन्छ। सिकाइ सहजीकरण गराउँदा स्थानीय परिवेशबाट थालनी गर्दा बालबालिकाहरूलाई सिक्नका लागि सहज तथा सरल हुन्छ । तसर्थ पालुङटार नगरपालिकाले आफ्नो सेरोफेरोलाई समेटेर स्थानीय पाठ्यक्रम निर्माण गर्ने क्रममा व्यक्ति तथा संस्थाको परिचयका लागि कक्षा सातको पाठ्यक्रममा राणा शासनकालमा पनि शिक्षा, साहित्य, कला र संस्कृतिका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने व्यक्तित्व स्व. पं. हरिभक्त देवकोटा र उनको नाममा स्थापना भई वर्तमान अवस्थामा पनि नेपाली साहित्यका क्षेत्रमा महत्त्वपूर्ण टेवा पुऱ्याउँदै आएको संस्था 'हरि सांस्कृतिक केन्द्र, गोरखा' लाई छनोट गरी समावेश गरेको हो ।


गोरखा जिल्लाको ऐतिहासिक तथा पर्यटकीय स्थल लिगलिगको पण्डित गाउँमा १९८६ सालमा जन्मनुभएका हरिभक्त देवकोटाको २०११ सालमा उपचारका क्रममा भारतको दरभङ्गामा अल्पायुमै निधन भएको थियो । उहाँ आफ्नो समयमा कवि, शिक्षक र प्रसिद्ध पुराणवाचक हुनुहुन्थ्यो। गोरखाको लिगलिग र यसको नजिक रहेका लमजुङ र तनहुँका धेरैजसो ठाउँमा शिक्षाको ज्योति जगाउन उहाँको ठूलो योगदान रहेको छ । ग्रामीण भेगमा शिक्षा सर्वसुलभ नभएको समयमा पनि उहाँले आफ्नै घर–आँगनमा शिष्यहरू राखेर निःशुल्क पढाउनु भयो। उहाँले कहिले वैतनिक भई पाठशालामा अध्यापन गराउनु भयो भने कहिले अवैतनिक रूपमा पनि आफ्नै घर–पिँढीमा शिष्यहरूलाई पढाउनु भयो। पं. हरिभक्तले दिएको शिक्षाको जगमा टेकेर उहाँका कतिपय चेलाहरू राज्यका महत्त्वपूर्ण निकायमा रही काम गर्न सफल भए भने कति डाक्टर, इन्जिनियर, प्राध्यापक, वकिल, शिक्षक आदि बन्न सफल भए; कति शिक्षित बनेर सहजरूपमा जीविकोपार्जन गर्न सक्षम भए। उहाँले शिक्षण र पौरोहित्य क्षेत्रमा पुऱ्याएको योगदानका बारेमा यस क्षेत्रका बृद्धबृद्धा तथा अग्रजहरू आजसम्म पनि मुक्तकण्ठले प्रशंसा गर्दै आएको पाइन्छ । हरि सांस्कृतिक केन्द्र उहाँको पुण्य स्मृतिमा स्थापना भएको एक सामाजिक र साहित्यिक संस्था हो। संस्थापक राजेश्वर देवकोटाको धर्मपत्नी मायादेवी देवकोटा, भाइ भुवनेश्वर, छोरा ईश्वरचन्द्र र भतिजा सलिल देवकोटा पारिवारिक संरक्षक र प्रा.डा वासुदेव त्रिपाठीको अभिभावकत्व एवं संस्थापक अध्यक्ष मोहननारायण श्रेष्ठ, केदारनाथ खनाललगायतका साहित्यकार तथा साहित्यानुरागी एवं प्रबुद्धजनहरूबाट संस्था सञ्चालन हुँदै आइरहेको छ।


नेपाली साहित्यका धरोहर तथा राजनीतिज्ञका रूपमा सुपरिचित राजेश्वर देवकोटाले आफ्नो औपन्यासिक कृति **उत्सर्ग प्रेम**का लागि प्राप्त मदन पुरस्कार र साझा पुरस्कार समेतमा थप गरी अक्षयकोष राखेर स्थापना भएको यस केन्द्रको

भवन निर्माणका लागि उहाँकी धर्मपत्नी स्व. मायादेवी देवकोटाले लाखौ रुपियाँ मूल्य पर्ने जग्गा र भवन निर्माणका लागि आवश्यक पर्ने सम्पूर्ण रकम उपलब्ध गराउनु भएको हो । जिल्लाको कला, संस्कृति, साहित्य, गीत–सङ्गीतजस्ता विविध विषयमा खोज–अनुसन्धान गरी लेखिएका कृति वा पाण्डुलिपि प्रकाशन गर्ने; पुरस्कृत गरेर सर्जकलाई प्रोत्साहित गर्ने; जिल्लाव्यापी रूपमा मा.वि. तहका विद्यार्थीहरूबीच कविता, निबन्ध, वक्तृत्वकलाजस्ता प्रतियोगितात्मक कार्यक्रमहरू सञ्चालन गरेर पुरस्कृत गर्ने तथा नवप्रतिभाको पहिचान गरी साहित्यलेखनतर्फ अभिरुचि जगाउनेजस्ता प्रशंसनीय कार्य गर्दै आएकाले यस संस्थालाई शिक्षक, विद्यार्थीको माध्यमबाट नगरपालिकाभरि परिचित गराउने र नेपाली साहित्यको श्रीवृद्धिका लागि पालुङटारका सर्जक तथा साहित्यानुरागीलाई उत्प्रेरित गर्ने हेतुले यस नगरपालिकाले आफ्नो स्थानीय पाठ्यक्रममा विषय क्षेत्रका रूपमा छनोट गरी समावेश गरेको हो भन्ने ठहर छ। *पालुङटार नगरपालिकाको आधारभूत तहको स्था( नीय विषयको पाठ्यक्रममा 'हरि सांस्कृतिक केन्द्र' र पालुङटारको साहित्य*जस्तो उपयुक्त र गरिमामय शीर्षक चयन गरी समावेश गरिदिनु भएकोमा पाठ्यक्रम निर्माताप्रति आफू साहित्यको विद्यार्थी भएका नाताले हार्दिक कृतज्ञता व्यक्त गर्दछु। साथै शिक्षाप्रेमी स्व. पं. हरिभक्त देवकोटाप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दै गोरखाली साहित्यकारहरूका लागि प्रेरणाका रूपमा स्थापित हरि सांस्कृतिक केन्द्रको उज्ज्वल भविष्यको कामना गर्दछु।

●●●

## राजेश्वर देवकोटाका कृतिहरू खोजी–खोजी पढौँ



# जूम गोष्ठीमा वाचन गरिएका
# 'द्वन्द्वको अवसान' का केही मननीय अंशहरू



–उमा शर्मा

राजेश्वर देवकोटाको **द्वन्द्वको अवसान** पौराणिक महाकाव्य महाभारतको पुनाराख्यान गरेर लेखिएको उपन्यास हो। यो औपन्यासिक कृतिमा मानव जीवनका विभिन्न आयामहरू समाबेश भएको छ। अविवाहित आमाको गर्भबाट जन्मिएको कारणले आफ्नै आमाले परित्याग गरेर सूत जातको सइसकी पत्नी राधाद्वारा पालन–पोषण गरिएको कर्ण यो उपन्यासको नायक हो। यसमा रहेका सशक्त सम्वादहरू हामीजस्ता सामान्य पाठकका लागि आकर्षणको प्रमुख केन्द्र भएको छ।

मान्छेको प्रकृति के हो?, जीवन के हो?, जिउनुको उद्देश्य के हो?, युग के हो?, सत्य के हो?, युग परिवर्तन कसरी हुन्छ?, कर्म के हो? नारी महत्ता के हो? यी सबै विषयहरूमा सशक्त संवादहरू यस पुस्तकमा भेटिन्छ र सम्वादहरूमा मान्छे र देवताबीच स्पष्ट रेखा कोरिएको देखिन्छ। यस उपन्यासका नायक आफूलाई साधारण मान्छे भन्न रुचाउने दृष्टान्तहरू धेरै छन्।

कर्ण भन्छन्, "देवताहरू आफ्नो बल र उपायले असम्भव उपायहरूलाई सम्भव सिद्ध गरून् तर मनुष्यले त तर्क र औचित्यको मार्ग अपनाएर सम्भव उपायहरूलाई असम्भव सिद्ध गर्नेतिर लाग्नु पर्छ।"

अविश्वास र विसङ्गतिको संचार साधारण मनुष्य जीवनमा गर्न चाहने यी देवताहरूको युग परीको कथा जस्तो छ।

आफ्नी पत्नीसँगको संवादका क्रममा कर्ण भन्छन्, "म एक साधारण मनुष्यले झैँ जीवन यापन गर्न चाहन्थेँ। जन्म, जीवन र मृत्युको कथा स्वाभाविक होस्, सङ्गतिपूर्ण होस्, सम्भव होस्, यस्तो कथा सबैको लागि हुन्छ। सबैले बुझ्न सक्छन्। हामी पनि सबैमा एक हुन पाउने छौँ। असाध्य कर्महरू गर्ने, असम्भव कल्पनाहरू पूरा गर्ने महान् वीर, योगी, तपस्वीहरूको कथा त फुर्सदको बेला सुन्ने कुरा मात्रै हुन्। द्वापरयुगका सम्भव र असम्भव मिश्रित जीवनलाई एक सम्भव युगमा बदल्न चाहन्थेँ। म सम्भव संसार बसाउन चाहन्थेँ।"

**राधेय कर्ण र उसका मान्यता**

जन्मनेबित्तिकै आमाबाट त्यागिनु र उही आमाले आफ्नो स्वार्थको लागि आमा हुनुको हतियार देखाई प्रलोभनमा पार्न खोज्नु कुन्तीको द्वैध चरित्र यस उपन्यासमा देखिन्छ। यसै सन्दर्भमा आक्रोशित कर्ण भन्छन्, "एउटा शिशुले आफ्नो आमाको

काखमा बस्न पाएन, त्यसै समाजमा त्यसै आमाको छोरो भएकोले मात्र सम्राटको स्थान पाउनु, अचम्म !"

कर्ण सूतपुत्र हुनुमै गर्व गर्दै भन्छन्, "कलमी लगाएको विरुवामा फलेको फलबाट उसको नाम बोध हुन्छ न कि मूलबाट। मनुष्यले ठूला–ठूला दुर्ग र वियोगको भेदन गर्न सक्छ तर आफ्नै चरित्रको शृङ्खला नाघ्न सक्दैन। रूप बदलिरहन सक्ने शक्ति देवताहरूमा मात्रै विद्यमान हुन्छ नकि देवताहरूको नक्कल गर्नेहरूमा। अब म कौन्तेय कहलाउन चाहेँ भने म एक नक्कली प्राणी हुनेछु।"

सिद्धान्त र धर्मको लागि आफूभन्दा पछिका युग र युगका मनुष्यले त्यो सिद्धान्तको रक्षा गर्नेछन् भन्ने कर्णको विश्वास छ।

कर्ण भन्छन्, "म यस युगको लागि नै जन्मेको हैन। यस युगको लागि भए म राजकुमार जन्मिनु पर्ने, सुनको थालमा भात खाने भएर जन्मिनु पर्ने। ठूलो जात, कुलमा जन्मिनु पर्ने। म द्वापरयुगको एक व्यङ्ग्य हुँ। जन्मिन त यसै जन्मिएँ तर जन्मिए पछि फ्याँकिएँ, त्यसकारण मेरा सबै कर्म युगान्तरका लागि सन्देश हुनेछन्। म युगान्तरका सन्ततिको लागि समात्ने एक सानो तृण हुन चाहन्छु तर यस विकृत युगको विकृत समाजको राजा हुन चाहन्न। म एक साधारण मनुष्यले झैँ कर्म गर्न चाहन्छु, म एक मनुष्यले झैँ बाँच्न चाहन्छु र आउने मनुष्य युगको लागि सन्देश दिन चाहन्छु। म आज ठूलो सम्राट हुनभन्दा युग–युगान्तरसम्म पनि सम्झिरहने सानो मान्छे हुन चाहन्छु।

यस्तो नयाँ युग ल्याउने मेरो विचार छ, जहाँ मान्छेको अगाडि देवताहरू देखा नपरून। उनीहरू आफ्नो अस्तित्व आफै मर्यादित गर्न, आफ्नो चरित्रबाट दिने प्रेरणा दिऊन्। सराप र वरदानबाट कसैलाई होच्याउने र उचाल्ने चालबाजीको युग समाप्त होस्।

भारत वर्षको एक सम्राटले जुन देन दिन सक्छ त्यसभन्दा ठूलो देन एक साधारण व्यक्तिको आचारले दिन सक्छ। सबै सम्राट र महात्मा हुँदैनन् त्यसकारण धेरै ले सम्राट र महात्माको अनुसरण पनि गर्दैनन्,धेरैले त साधारण जनहरूको पो सिको गर्छन्। द्वापरयुगका सम्भव र असम्भव मिश्रित जीवनलाई एक सम्भव युगमा बदल्न चाहन्थेँ। म सम्भव संसार बसाउन चाहन्थेँ।"

**मित्र कर्ण**

मित्रको ऋण चुकाउनु कर्णको अभिप्राय देखिन्छ। मित्र के हो भन्ने बारेमा सशक्त सम्वादहरू भेटिन्छन्।

*दुर्योधन र कर्ण सम्वाद* – मान्छेले जीवनमा एउटा पनि वास्तविक मित्र फेला

पाऱ्यो भने उसको जीवन सार्थक सम्झनु पर्छ। मरेपछि सती जाने काम पत्नीहरूको हो, शोकाकुलमा डढ्ने काम भृत्यहरूको हो तर म मित्र हुँ। मित्रको लागि पहिले मर्न तयार हुने मात्र मित्र हुन्छ।

*महादेवी र राधेयको सम्वाद* – मनुष्यलाई एउटा मित्र चाहिन्छ, पापी भए पनि हुन्छ किनकि मान्छे एक्लै बस्न सक्दैन। मित्र भनेका पति–पत्नी होइनन् जो रूप, कुल, गोत्र जुराएर सङ्गी भएका हुन् मित्रता त कुनै घटना या दुर्घटनाको छेउछाउमा कायम हुन्छ। कुनै घटना मनुष्यले रोजेर घट्ने पनि त होइन।

**सत्य के हो?**

विश्वसनीय हुनको लागि सङ्गति चाहिन्छ। सत्य हुँदैमा कुनै कुरा मनुष्य जीवनमा विश्वसनीय ठहर्रिंदैन। सत्य के हो ? तथ्य सत्य हैन, तथ्य प्रमाण प्रमेयको विषय हो। कसैलाई चित्त बुझे पनि नबुझे पनि तथ्य सबैको निम्ति एउटै हुन्छ। सत्य आफ्नो मनले ठानेको हुनुपर्छ, जसको हृदयमा जुन जचेन त्यो के सत्य?

**सम्बन्ध र सीमा**

सन्ततिको लागि, परिवार कल्याणको लागि, गृहस्थीको लागि पति पत्नी एक छन् एउटै जिम्मेदारी छ, त्यस बाहेक त आफ्नो आफ्नो स्वतन्त्र अस्तित्व र व्यक्तित्व पनि हुन्छ। म तिम्रो प्रियतम र विश्वासी पति हुनका लागि तिम्रा सबै गोप्य कुरा तिमीले मसँग खोलिरहनुपर्ने ठान्दिन।

*राधेय युग युगान्तरको लागि जन्मिएका महापुरुष हुन्* — सिद्धान्त र धर्मको लागि मैले मर्नुपर्छ भन्दै राधेय भन्छन्, "मभन्दा पछिको युग र युगका मनुष्यले त्यो सिद्धान्तको रक्षा गर्नेछन् । मेरो आत्म त्यागको वृत्तिकामना सिद्धान्तले जरा हाल्ने अवसर पाउनेछ। त्यसलाई मलजल गरेर हुर्काउनेहरू समय–समयमा भैरहने छन्।

*कर्ण मान्छे पात्र हो* – म ठूलो सम्राटभन्दा पनि युग–युगान्तरसम्म सम्झिरहने सानो मान्छे हुन चाहन्छु।

*कर्णको महादेवीसँगको मानवीय पाटोको अर्को सम्वाद जसमा उनको मानवीय पाटो* – तिमी मेरी सङ्गिनी हौ मनुष्यमा अर्धाङ्गी भन्ने प्राणी हुँदैन, त्यो त देवताहरूको कला कुशल हो। तिमी र म एक हौँ ।

**नारी महत्ता**

जननीहरू फलामको मनुष्य बनाएर फूलको हृदय हालिदिन्छन्। नारीहरूको स्वरूप बेलामा मात्र प्रकट हुन्छ। साधारण अवस्थामा नारीहरूलाई कसले चिन्न सक्छ र? सुकोमल पात्रभित्र जति कोमल हृदय हुन्छ, त्यसैले त पाषाण पगाल्न सक्छ। सूर्यका मोहक बालकिरणले पगाल्ने टाटो बन्चराले फोर्न सक्दैन।

**उपेक्षा**

यस उपन्यासमा विभिन्न सन्दर्भहरूमा उपेक्षा सबैभन्दा ठूलो प्रहार हो भन्ने देखाइएको छ। पहिलो सन्दर्भ जहाँ "घृणाभन्दा पनि ठूलो प्रहार केही हुन्छ र ?" भनेर राधेयले प्रश्न गर्दा दुर्योधन भन्छन्, "हुन्छ, उपेक्षा।"

*यसैलाई पुष्टि गर्ने अर्को सन्दर्भ कर्ण र राधेय सम्वाद* – भीष्म महान् मान्छे हुन्। उनी ठूला त्यागी र तपस्वीमध्ये गनिन्छन्, उति नै वीर र साहसी पनि छन्। यति हुँदाहुँदै पनि उनको मनुष्यत्वको अंश पनि त छ। महाभारतको यत्रो ठूलो युद्धमा भीष्मजस्तो पराक्रमी मान्छेलाई दरबारको एउटा कुनामा उपेक्षित् भएर बस्न सह्य होला र? घृणाभन्दा पनि ठूलो प्रहार केही हुन्छ र ? भनेर राधेयले प्रश्न गर्दा दुर्योधन भन्छन्, "हुन्छ, उपेक्षा।"

**सिद्धान्त र व्यवहारका कुराहरू**

कसैको आलोचना गर्नु छ भने ऊभन्दा आफू पवित्र हुनुपर्छ। साध्यभन्दा साधन मुख्य विषय हो। जस्तो साधन अपनाइन्छ साध्य पनि त्यसै प्रकारको हुन्छ। अपवित्र साधन अपनाएर पनि पवित्र साध्यको प्राप्ति हुन्छ र?

*युधिष्ठिर र कृष्ण सम्वाद* — कसैले केही लिए पछि केही दिनैपर्छ। धर्तिको रचना नै यस आधारमा भएको छ। यहाँ हरेक विषयमा एक सन्तुलन र नियम छ। यसै आधारमा यो धर्ति सधैँ स्वतः चलिरहन्छ। नियम र सन्तुलन नै धर्तिका नियन्ता हुन्। जसलाई कुनै मोह र स्वार्थ नै छैन त्यस्तासित को लड्न सक्छ? हामी त राज्य लोभले लड्न लागिरहेछौँ। निर्मोहीसँग कोही लड्न सक्छ?

मनुष्य आफ्नो सिद्धान्त र प्रतिज्ञाबाट विचलित नभएसम्म उसलाई देवताहरूले नै के गर्न सक्छन् र? देवताहरूले पनि उसैको शरणमा पर्न पर्छ। देवताहरू अरूबाट आफ्नो पूजा गराउँछन तर उनीहरू पनि कसैको पूजा गर्छन्। त्यसै कारणले यी देवता भएका हुन्। एक शक्ति धर्मरायो भने सृष्टि थाम्न अर्को शक्तिको उदय हुनै पर्छ।

*दान र त्यागको अन्तर* – दान सृष्टिको सङ्केत हो, प्रवृत्ति हो। त्याग विसर्जन हो, निबृत्ति हो।

*कर्ण र महादेवी संवाद* – जुन काम, कुरा गर्नाले र सुन्नाले मानसिक उत्तेजना बढ्छ त्यस्ता विषयलाई कि आफ्नै मानसिक शक्तिले जित्न सक्नुपर्छ कि त्यसबाट आफू पन्छिनु पर्छ। हामीले आफ्नो शान्ति र सुखी व्यवहारिक जीवन धान्न जति बुझ्नु र सुन्नु पर्छ त यसबाट अतिरिक्त विषयमा मन डुलाउनाले सुख र शान्ति बिलाउँछ।

अहम् र अस्तित्वको स्थापनाको लागि जुन सङ्घर्ष हुन्छ त्यस विकास क्रममा सत् वा असत् कुनै एउटाको अन्त हुनुपर्छ जो तटस्थता या मध्यस्थताको कुरा गर्छन् त्यो शक्तिहीनहरूको पलायनको उपाय हो। कर्तव्य आ–आफ्नो हुन्छ। आमा र

छोरा, पति र पत्नीबीच जति तादाम्य भए पनि यी दुबै परस्परमा बिलाउने तत्त्व होइन।

**जीवन र क्रिया**

भीष्म ---- जीवन क्रिया हो उद्देश्य होइन।

*कर्मिष्ठ भीष्म र विदुर सम्वाद* – कर्मिष्ठहरूको निमित्त कर्मको फल गौण हुन्छ, कर्म नै मुख्य हुन्छ। कस्तो कर्म भन्ने पनि गौण हुन्छ। जस्तो सुकै भए पनि कर्म प्रधान हुन्छ। ज्ञानीहरू विवेक खोज्छन् तर कर्म सदा विवेकको ख्याल गरिरहँदैन।

**जातीय विभेदका सम्बन्धमा**

देहावसानपछि राजा भएका कर्णलाई सम्पूर्ण राज्य सुम्पेर युधिष्ठिर भन्छन्, "म त्यससित डराउँछु, म उच्च कुलको अधम र ऊ अधम कुलको उच्च।"

घामलाई बिम्ब बनाएर पात्रहरूको मनोभाव वर्णन गरिएको छ धेरै ठाउँमा। राधेयले बिहानको घामझैँ कोमल र विनम्र भएर सभामा प्रवेश गरे, दिनको घामले झैँ अरूलाई निस्तेज पारे। बेलुकाको घामले झैँ सबैको मुख रातो बनाएर उनी सभाबाट निस्किए।

रिस बढ्दा बढ्दै घाम अस्ताचलमा पुग्दा रानीको रिस पनि चरम चुलीमा पुग्यो। राधेयको अनुहार घामजस्तो प्रदीप्त थियो तर उनको वचन जूनजस्तो शीतल थियो।

**मनुष्य युगको कामना**

उपन्यासको सुरुवातमा नै आधा मनुष्य र आधा देवताको चरित्रले निर्मित समाजको अन्त्य गरी मनुष्यको मात्र युग ल्याउनु नै कर्णको मूल अभिप्राय रहेको हुन्छ। यस्ता धेरै सम्वादहरू छन्, जसले कर्णको यो अभिप्रायलाई परिपोषित गरेको देखिञ्छ। कर्ण भन्छन्, "द्वापर दैवी माया, छल र प्रपञ्चले धेरै दुषित भैसकेको छ।" यसको अन्तको लागि महाभारत युद्ध हुनु स्वाभाविक प्रक्रिया भएको छ। कर्ण भन्छन्, "द्वापरको द्वैध चरित्रको अन्तको लागि युद्ध अनिवार्य छ।"

अन्त्यमा निस्प्राण ढलेको कर्णका समीप युधिष्ठिर भन्छन्, "हे जगन्नियन्ता महाभारतको यत्रो युद्ध भयो यो अर्थहीन नहोस्। म पुकार गर्छु अब मनुष्य अदृश्य शक्तिद्वारा सञ्चालित नहोस्। उसका आफ्ना मन, मस्तिष्क र इन्द्रियले अनुभव नगरेको तत्त्वले ऊ सञ्चालित नहोस्। मान्छे आफू आफ्नै विधाता र अधिष्ठाता बनोस्। नयाँ युगको लागि यस युगको यही अर्थ बनोस्।

●●●

# मदन पुरस्कार विजेता दुई गोरखाली उपन्यासकार : देवकोटा र धिताल

*नारायणप्रसाद खनाल*

साभार : **गोरखाको डायरी** (२०६१, पृ. १६८–१७०)
गोरखा : हरि सांस्कृतिक केन्द्र

नेपाली गद्य साहित्यको उठान **दिव्यउपदेश** हो र करीव सवा दुई सय वर्षपश्चात् पनि गोरखालीहरूको योगदान यस भाषाका गद्याख्यानतिर कम रहेको पाइन्न। यस परिप्रेक्ष्यमा विनोदप्रसाद धिताल (१९८०) र राजेश्वर देवकोटा (१९८७) लाई अग्रगामी सिर्जनशील व्यक्तित्वका रूपमा प्रस्तुत गर्न सकिन्छ। यद्यपि यी दुवै का कविहृदय छाम्न सकिन्छ, निबन्धात्मक गद्यको धुक्धुकी स्पष्ट अनुभव गर्न सकिन्छ तथापि साहित्यिक गौरवको चरम शिखर भने उपन्यासमै चुलिएको पाइन्छ। अझ धितालमा अनुवादशील व्यक्तित्व र देवकोटामा व्याकरणकार व्यक्तित्व पनि झल्किन्छ। यसरी दुवै साहित्यमहारथीहरूमा बहुमुखीप्रतिभा–सम्पन्नता छ र राष्ट्रले यस्तै व्यक्तित्वबाट महान् साहित्य–सिर्जनाको आशा गरेको हुन्छ – त्यो पूरा हुन सक्छ, अझै समय छ। गोरखनाथ, गोरखाली र मनकामनाले हाम्रो मन–आकाङ्क्षा पूरा गरून् – हामी समयलाई चिन्न सिकौँ !

पूर्णप्रसाद ब्राह्मण (१९७९–२०४६) ले **एक कथा** (२०४३) नामक उपन्यास दिए पनि उनी नेपालीमा कथाकार र संस्कृतमा महाकाव्यकार हुन्। उनका पाँचवटा कथासङ्ग्रह प्रकाशित छन् तर औपचारिक रूपमा कुनै गोरखाली साहित्यकारको उपन्यास भने **आचार्य विष्णुगुप्त चाणक्य** (२०२२ अनूदित) र मौलिक–आञ्चलिक उपन्यास **उज्यालो हुनु अघि** (२०२८) नै हो। यसरी गोरखाबाट आधुनिक नेपाली साहित्य मैदानमा प्रथम–प्रथम उपन्यास–कलाप्रदर्शन गर्ने श्रेय छ – विनोदप्रसाद धितालालाई ! लामो समयसम्म रिक्त रहे पनि २०४१ सालमा दोस्रो उपन्यासकार राजेश्वरको **आवर्तन** उदाउँछ भने **एक कथा** (२०४२) ले शृङ्खलाबद्धता गर्ने प्रयास गर्छ। यसै वर्ष देवकोटा **द्वन्द्वको अवसान** लिएर देखा पर्छन् भने **पूर्वकथा** (२०४३) तेस्रो उपन्यास दिन सफल हुन्छन्। यसरी गोरखाली साहित्यकारहरूले उपन्यास–जगत्मा यौटा नवीनतम मार्ग तयार गरिसक्छन् र उनीहरूमा औपचारिक सिर्जन–कलामा परिपक्व धारणा, विम्ब र प्रतीकहरू देखा पर्न थाल्छन्। फलतः राजेश्वर देवकोटाको यो उपन्यास **उत्सर्ग प्रेम** (२०४४) ले यस वर्ष एक तहल्का मच्चाउँछ। जीवन के हो? भन्ने प्रश्नको उत्तरमा प्रस्तुत भएको यो उपन्यास जीवनका जटिलता र राजनैतिक

शक्ति– सङ्घर्ष एवं विश्वमा व्याप्त अवसरवाद तथा अन्तर्राष्ट्रिय साम्राज्यवादी दबाव जस्ता विषयमा दृष्टिक्षेप गर्दै अन्ततः सिद्धान्तको राजनीतिभन्दा व्यवहारको राजनीति सफल हुने कुरालाई लक्ष्य बनाएर आएको छ। यही उपन्यास हो, जसले सर्वप्रथम कुनै गोरखा निवासीलाई नेपालको नोबेल पुरस्कार मानिने मदन पुरस्कारबाट विभूषित हुने अवसर प्रदान गऱ्यो। देवकोटालाई यस निम्ति बधाई छ र आगामी दिनमा आशा गरौँ, नेपाली साहित्यमा यस्ता उपन्यासहरू अझै सशक्त बनेर आउने छन् र गोरखाको मात्र होइन नेपाली साहित्य–जगत्कै कोसेढुङ्गो बन्न सफल हुनेछन्।

यद्यपि निर्मल जोशी (२०१०) को **कठपुतलीको घर** (२०४०) अनूदित नाटक (मूल इब्सेनको **डोल्स हाउस**), सूर्यमान श्रेष्ठ (२००५) को **प्रीति मुस्कुराएको रात** (२०३६) र सुनील मास्के (२०१५) को **पवित्र याद** (२०४६) उपन्यास प्रकाशित छन् भने सुशीलचन्द श्रेष्ठ (२०२५) को **कालो गुलाफ** (२०४८) उपन्यास पनि गोरखाको गद्याख्यानका निमित नौसिकारू नै भए पनि सिर्जनशीलताको अविरल प्रकृतिलाई कायम राख्न सफल रहेको मान्न सकिन्छ तथापि धिताल र राजेश्वरको उचाइमा पुग्ने प्रतिभा भने अझै देख्न पाइएको छैन, समय छ – आशा गरौँ। किन्तु साझा प्रकाशनबाट ५२२ पेजका एक वृहत् महाभारत जन्मन्छ २०५२ सालमा **योजनगन्धा** नाम लिएर विनोदप्रसाद धितालको! **महाभारत**की एक महत्त्वपूर्ण पात्र सत्यवती, त्यस अघि मत्स्यगन्धा र धितालको कलम–कलाको फेरमा परिसकेपछि **योजनगन्धा** उनको नामकरण हुन्छ। गातामै एक चित्र छ उनको – सम्पूर्ण **महाभारत** कन्ठै सुनाउँछिन् कि झैँ। उनी माछाझैँ गन्हाउँथिन् रे ! अब योजनौँ परसम्म उनी गन्हाउन सक्ने भइन् – चार कोसको एक योजन हुन्छ क्यारे !

पौराणिक आख्यानयुक्त यस उपन्यासमा ४९ खण्ड छन् र पचासौँ टुक्रो 'सत्यवतीको पूर्ववृत्तान्त' लाई मान्न सकिन्छ। 'योजनगन्धा' भन्नु सत्यवतीको एकोहोरो आलाप हो, जो कालिन्दीलाई सुनाउने बहानामा प्रस्तुत छ। यस उपन्यासले २०५२ को महिमामण्डित मदन पुरस्कार प्राप्त गर्न सक्यो – गोरखाका साहित्यकारमध्ये दोस्रो मदन पुरस्कार त यसले पायो नै, साथै नेपाली साहित्य र अझ खास गरी नेपाली उपन्यास–साहित्यमा यो थप कोसेढुङ्गो बन्न सफल भयो।

अन्ततः देवकोटा नेपालका एक महान् समाजसेवी, राजनीतिज्ञ र धिताल एक महान् प्रशासक, राष्ट्रसेवक भएर पनि, जीवनको सम्पूर्ण भाग भनेजस्तै समाज–राष्ट्रसेवामा अर्पित गरेर पनि नेपाली साहित्यको आख्यान वा उपन्यास साहित्य–भण्डार भर्नमा 'गोरखाली' का हैसियतले गरेको योगदान र उपलब्धि चिरस्मरणीय छन्, गोरखाली हो ! यी दुवैको अनुकरण गरौँ र साहित्य सेवामा जुटौँ।

●●●

# हरि सांस्कृतिक केन्द्रमा मेरो संलग्नता



दिलीप देवकोटा
पालुङ्टार न.पा.-४, गोरखा

परिवार पाल्नका लागि भारतमा कार्यरत, प्रायः गरी वर्षमा एकपटक करिब १५-२० दिनका लागि पाहुनाझैँ घर आउने मेरो बुवालाई म १४ वर्षको हुँदा क्यान्सर जस्तो घातक रोगले हामीबाट खोसेर लग्यो । बलेको आगो ताप्ने हाम्रो समाज, सहारा विहीन ग्रामीण कृषिमा आधारित हाम्रो परिवार, छरछिमेक तथा आफन्तहरूका साँधकिलो, पानीपँधेरो तथा अन्य व्यवहारलाई जेठो छोराको हैसियतले आमाको साथमा अनुभूत गरेका पीडाको कारण ममा सानैदेखि विद्रोही वा प्रतिरोधात्मक स्वभाव विकास हुन गएको रहेछ । परिणाम, वामपन्थी कित्तामा स्वतः सामेल भएर कार्य गर्न पुगेँछु । तत्कालीन पञ्चायती व्यवस्थाको विरुद्ध र गणतन्त्रको पक्षमा विद्यार्थी मोर्चामा रही कार्य गर्ने क्रममा कयौंपटक हिरासत र धेरैपटक जेल जीवन बिताउँदै अध्ययन कार्यमा अगाडि बढ्ने क्रममा २०४६ सालको जनआन्दोलनले कीर्तिपुरको विद्यार्थी जीवन अस्तव्यस्त भयो र बिरामी परियो । स्वच्छ खाना र आराम गर्ने सोचले औषधीका साथ आफ्नै घर पालुङ्टार पुगेको भोलिपल्ट बेलुका ७:०० बजे पक्राउ भई ३१ दिन हिरासत बसाइपछि गोरखा जेल चलान भइयो । गोरखा जेलको राम्रो अनुभव लिन नपाउँदै तेस्रो दिनमै मोहननारायण श्रेष्ठ र शिव अर्याल सरहरूको जमानतमा छुटी द्रव्य शाह बहुमुखी क्याम्पसमा अध्यापनको कार्य सुरु गरियो ।

संयोग, म गोरखाबजार कर्मथलो कायम गरी कार्यरत भएको केही समयपश्चात् २०४६ साल श्रावण महिनामा 'हरि सांस्कृतिक केन्द्र' दर्ता भई कार्य गर्न सुरु गऱ्यो, जसले गोरखालीहरूमा विविध सोच र विश्लेषण देखा परे । विशेष गरी म कार्यरत साङ्गठनिक धारले पञ्चायती व्यवस्थाका हिमायती राजतन्त्रका पृष्ठपोषक तथा गणतन्त्र विरोधी राजेश्वर देवकोटाको संस्थामा संलग्नता र सहयोग नगर्ने माहोल सृजना गऱ्यो । फलस्वरूप गोरखाका पदेन सदस्य बनेका प्रधानाध्यापकहरू बैठकमा नआउने मात्र नभई पुरस्कृत स्रष्टाहरूले समेत पुरस्कार नबुझ्ने अवस्था बन्यो । तथापि मेरा अन्तर आत्मामा बुबाश्री राजेश्वर देवकोटा र 'हरि सांस्कृतिक केन्द्र'प्रति गहिरो सम्मान र सकारात्मक सोंच कायमै थियो । यस दुबिधा र द्वन्द्वको मनस्थितिमा मेरा

आत्मीय मित्र पवनरमण खनाल र मैले 'हरि सांस्कृतिक केन्द्र' लाई औपचारिक पदीय दायित्वमा नरही हार्दिक सहयोग गर्ने सोच विकास गऱ्यौं र सोअनुसार सहयोग गर्दै आयौं । यो सोच विकास हुनुका प्रमुख कारणहरू निम्नानुसार रहेका छन् ः

**अभिभावकत्व ग्रहण**

राजनैतिक धरातलभन्दामाथि उठी आम गोरखालीको अभिभावकत्व ग्रहण गर्ने राजेश्वर देवकोटामा अन्तर्निहित गुण वा स्वभाव रहेको मेरो अनुभूति छ । सानै उमेरमा बुबा गुमाएको व्यक्ति म अध्ययनका लागि काठमाडौं बस्ने क्रममा राजेश्वर देवकोटाको महराजगञ्ज स्थित घरमा पुग्दा पहिलो भेटमै मैले यो अनुभूति गरेँ र बारम्बार भेट्ने, दुःख बाँड्ने, उचित सल्लाह र सहयोग समेत प्राप्त गरी आफ्नो अध्ययनकार्य वा आफ्नो मार्गमा अगाडि बढ्न सहजता अनुभूत गर्थें । मैले अभिभावकको महत्त्व वास्तविक अनुभूत गरेको अवस्था हो, जब माओवादी द्वन्द्व तीव्र थियो, गोरखामा ने.वि. सङ्घका विद्यार्थी नेता श्यामसुन्दरको हत्या भयो, माओवादी निकट बुद्धिजीवीहरूको अवस्थामा असहजता आयो, धेरैले अनावश्यक दुःख पाउनु भयो । मेरो व्यक्तिगत केसमा मेरो सरल स्वभाव र बानी-ब्यहोराले होला सिधै भौतिक आक्रमण त ममा भएन तर केही धमिलो पानीमा माछा मार्न चाहने राजनैतिक बुद्धिजीवीहरूबाट मेरा आफ्ना नजिकका नाताका मानिस प्रयोग गरी मेरो परिवारमा मलाई प्रहरीले समात्ने र अमुक नेतालाई भेट्दा राम्रो हुने खबर आएपश्चात् मैले विगतदेखि आफ्नो अभिभावकको रूपमा स्वीकारेका उनै राजेश्वर देवकोटालाई सम्झिएँ र सतर्क हुँदै सिधै महाराजगञ्ज पुगी आफ्नो वास्तविकता बताएँ । बुबाले मेरा कुरा सुनेपछि बोल्दै नबोली टेलिफोन डायल गर्न थाल्नु भयो । गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय, गोरखा सि.डि.ओ. तथा प्रहरी कार्यालय र केही प्रमुख राजनैतिक व्यक्तिहरूसँगको टेलिफोन वार्तापश्चात्, अलि हड्बडाएको मनस्थितिको मलाई ढाडसको शैलीमा आस्वस्त पार्दै भन्नुभयो, "बाबु ! तिमी गोरखा तत्काल फर्क र आफ्नो कार्यमा लाग । यदि कुनै दुराग्रह बोकेका व्यक्तिले केही दुःख दिने चेष्टा गरे तुरून्त मलाई सम्पर्क गर, कसैले केही गर्न सक्दैन" भन्ने वचनले म आफ्नो कर्मक्षेत्रमा डटेर रहें ।

**पारिवारिक सम्बन्ध**

जन्मका हिसाबले एउटै देवकोटा परिवार र सो परिवारका विद्वत् व्यक्तित्व हरिभक्त र उहाँको छोरा राजेश्वर देवकोटा आफैमा विद्वान्का साथै सचेत भएकाले लिगलिग क्षेत्रका व्यक्तिहरूले उहाँको परिवारसँग पारिवारिक निकटता कायम राख्नु स्वाभाविकै हो । हाम्रो पारिवारिक सम्बन्धका साथसाथै आमा माया देवकोटासँग

नाताका हिसाबले बढी निकटता थियो । जब म महाराजगञ्ज पुग्दथेँ, धेरै मानिसहरू आँगन-पिँढीमा गफगर्दै रहेका हुन्थे । म तीमध्ये केही चिनेकालाई अभिवादन गर्दै सरासर घरको पछाडिपट्टिको सिँढी चढी प्रायः आमा रहने भान्साकोठामा पुग्दथेँ, जहाँ मलाई मेरो आफ्नै आमाले जस्तै माया गर्ने, पाकेका मिठोपिठो खानदिने (कम्तीमा दूध, चिउरा र चिनी त अनिवार्य) र मेरा परिवारजन तथा नातागोताको सञ्चो-बिसञ्चोका साथ दिनचर्या वा अवस्थाबारे चासोका साथ सोध्नुहुन्थ्यो । यस्ता धेरै व्यावहारिक गफ गरी फर्कने काम हुन्थ्यो । बुवासँग त विशेष सल्लाह र सहयोगको अपेक्षा भएका बेलामात्र भेटिन्थ्यो । तिनै ममतामयी आमाले २०४६ सालमा 'हरि सांस्कृतिक केन्द्र' दर्तापश्चात्को भेटमा मलाई भन्नुभएको वाक्य "दिलीपबाबु ! बुवाले संस्था खोल्नु भयो, तिमीहरू गोरखामा छौ, तिमीहरूले सहयोग नगरे कसले गर्दछ ?" यो आत्मीय र विश्वासले भरिएको वाक्य नै मलाई केन्द्रसँग निकटमा रहने दायित्वबोध गरायो ।

**पारिवारिक सद्भाव**

महाराजगञ्जको घर वा राजेश्वर देवकोटाजस्तो पारिवारिक र नाताको निकटता अनुभूति नगरेको साहिँला काका लक्ष्मी देवकोटाको मप्रतिको सद्भाव पनि अति उत्तमस्तरको महसुस गरेको छु । २०४२ सालतिरको कुरा हो म बि.कम. तह सकेर बसेको अवस्था थियो । एक विशेष पारिवारिक भेटघाटमा पहिलोपटक लक्ष्मी काकासँग भेट भयो । मैले अभिवादनका साथ 'म दिलीप' भनेर परिचय गर्ने बित्तिकै धेरै मायालु भावले ढाडमा ढाप मार्दै "के गर्दै छौ, कति पढ्यौ ?" भन्नु भयो । मैले आफ्ना कुरा फटाफट राखेँ र जागिर बारे प्रश्न उठाएँ । उत्तर आयो "भोलि मलाई अफिसमा भेट", त्यसै गरेँ । एउटा चिठी हातमा दिँदै "गोरखा गई भेटनरी कार्यालयको हाकिमलाई यो चिठी देऊ । तिमीलाई चरण विकासअन्तर्गत सह-लेखापालको जागिर मिल्छ" भन्नुभयो । खुसी हुँदै आएँ जागिर खान थालेँ । तीन महिनापश्चात् चरण विकास कार्यालय सिर्दिबास जानुपर्ने कुरा आयो । काठमाडौँ गएँ र काकालाई जान्न भनेँ, उहाँले "कम्तीमा एकपटक जाऊ, एक महिनाको तलब त्यहाँबाट बुझ अनि केही गरौँला" भन्नुभयो तर म प्राइभेट जागिर खाएर पनि एम.बि.एस. पढ्ने निर्णय गरी काठमाडौँ लागेँ ।

**सलिलसँगको निकटता**

विद्वान् हरिभक्त देवकोटाका कुलमा जन्मिएर ठूलो बुवा राजेश्वर तथा बुबा लक्ष्मी देवकोटाको पारिवारिक संस्कार र अभिभावकत्वमा हुर्किएका सलिलसँगको 'हरि सांस्कृतिक केन्द्र'का कार्यक्रममा गोरखामा बारम्बार भेट हुँदै गर्दा उनीमा भएको

आफ्नो क्षेत्रको विज्ञता, गच्छेअनुसार आदर, सम्मान तथा माया गर्ने शालीन स्वभाव, प्रस्ट वक्ता तथा समाज विकासका पक्षपाती भावनाले मलाई हरि सांस्कृतिक केन्द्रसँग अझै निकटता ल्यायो । सलिलसँगको निकटताको कडीका रूपमा मेरा आत्मीय मित्र पवनरमण खनाल पनि जोडिनु भएको हो ।

**मोहन सरप्रतिको आदर तथा सद्भाव**

मैले आफ्नो जीवनमा मेरै मातापितापश्चात् मलाई यो अवस्थामा स्थापित हुन मार्गनिर्देशन गर्ने सही अभिभावकमध्ये महत्त्वपूर्ण एक अभिभावकको रूपमा स्वीकारेका आदरणीय सबैका गुरु मोहननारायण सरले नै 'हरि सांस्कृतिक केन्द्र'को नेतृत्व गर्नु नै केन्द्रसँग मलाई निकटता कायम गर्ने नैतिक दबाव बनेको वास्तविकता स्वीकार्नै पर्दछ ।

माओवादी द्वन्द्वको निकास र गणतन्त्रको स्थापनापश्चात् पनि देखिएको राजनैतिक संस्कारका कारण ममा वर्गीय उत्थानको सोचका साथ विकास भएको ऊर्जामा स्खलन आउने क्रमले आफ्नो राजनैतिक आस्था अन्तरआत्मामा कायम राख्दै हाम्रोलाई राम्रो नभनी राम्रोलाई राम्रो र नराम्रोलाई नराम्रो भन्ने र सोहीअनुसार व्यवहार गर्ने सोचको विकास हुँदै गयो । म कुनै पनि राजनैतिक पूर्वाग्रहबिना सामाजिक कार्यकर्ताको रूपमा समाज परिवर्तन तथा निम्नवर्गको उत्थानमा संलग्न हुने निर्णयमा पुगेँ । फलस्वरूप केही विभिन्न स्वयंसेवी सामाजिक सङ्घ-संस्थाको साथ साहित्यिक मार्गमार्फत् समाज परिवर्तन तथा उत्थानमा समर्पित 'हरि सांस्कृतिक केन्द्र'मा २०७३ सालदेखि प्रत्यक्ष संलग्न भई कार्य गर्न सुरु गरेँ । २०७३ सालमा विगत १२ वर्षदेखि नवीकरण नभएको केन्द्रलाई नवीकरण गरी वैधानिकता दिन विशेष पहल गर्ने अवसर प्राप्त गरी हाल उपाध्यक्षजस्तो महत्त्वपूर्ण पदमा रही सेवा गर्ने मौका प्रदान गर्नुहुने सबैप्रति हार्दिकताका साथ धन्यवाद टक्र्याउँदै यहाँहरूको आवश्यकताको अनुभूतिको आधारमा अझै समर्पित भई कार्य गर्ने विश्वास दिलाउँदछु ।

●●●

# गोर्खाली स्रष्टा सुरेश भट्टका एकैपटक पाँच पुस्तक

हिरण्यगर्भः

**पृष्ठभूमि**

धनप्रसाद र मधुमायाका पुत्ररत्नका रूपमा गोरखाको मसेल, भट्टगाउँमा २००८मा जन्मेर एम.ए., बि.एड. पढी ४० वर्षे सेवाबाट निवृत्त शिक्षक सुरेशकुमार भट्ट नै 'भट्ट सुकुमार' साहित्यिक नाम भएका व्यक्ति हुन्। यिनले विभिन्न कालखण्डमा रचित पाँचवटा पुस्तक एकैपटक प्रकाशन–विमोचन गर्ने सौभाग्य कमाएका छन् भने सबै पुस्तक मित्र प्रेसमा छापिई २०७८ मा प्रकाशित देखिन्छन्। भट्टजीका सम्पादनमा केही कृति र विभिन्न पत्र–पत्रिकाको सम्पादन र 'तत्वदर्शन'(२०६५) लगायत दुई पुस्तक लेखन–प्रकाशन यसअघि नै भइसकेका देखिन्छन्। हाइकु, उक्तक, मुक्तक र कवितामा लोकतत्त्व मिश्रण गरेर आफ्नै पारा र पनमा रचित–विमोचित यी पुस्तकमाथि कृतिनामको वर्णानुक्रमिक ढाँचामा सङ्क्षिप्त दृष्टिपात गर्ने मनसायसाथ यो प्रयास गरिएको छ।

१. **'काँचुली' (उक्तकसङ्ग्रह)**

**काँचुली** (उक्तकसङ्ग्रह) नाम दिइएको पुस्तक उक्तक खण्ड र मुक्तक खण्ड गरी दुई खण्डमा विभाजित छ। प्राज्ञहरू गङ्गाप्रसाद उप्रेती, डा. जगमान गुरुङ, डा. देवी नेपालका शुभकामना र भूमिका स्वानुभवसिद्ध शैलीमा लेखिएका छन् भने रामकाजी कोने र तिलकप्रसाद लुइटेलका पनि मन्तव्य समाविष्ट छन्। लेखक–स्रष्टाले 'काँचुली उक्तकसङ्ग्रह नै किन ?' स्वकीय मन्तव्य राख्दै यसलाई मौलिक मुक्तकजस्तो नभई त्यसैको काँचुलीको आवरणमा तयार भएको अमौलिक रचना उक्तक भनेका छन्। भित्री आत्मा भाव अर्कैको हुने लोकोक्ति वा सूक्तिलाई जडानमात्र आफूले गरेको र पार्टपूर्जा अर्कैको भएकाले उक्तक भनिएको हो भन्ने लेखकीय राय छ। यति हुँदाहुँदै पनि उक्तककारले यो मौलिक मुक्तक सदृश नयाँ प्रयोग हो भनेका छन्। जस्तै :

*उक्तक र मुक्तक एउटै सिक्काका दुई पाटा हुन्*
*दुवै एउटै सिक्का त हुन् तर भिन्न दुई पाटा हुन्*
*मुक्तक मौलिक भावको उक्तक उद्धृत भावको*
*कलेवर एक, भावसार प्रस्तुति अलग दुई पाटा हुन्। (११९)*

यस परिभाषा उक्तकले भने बमोजिमको उक्तक यो हुन सक्छ–

*क्या लड्छन् च्याखुरा बजाई पाखुरा साँढे पहलमानहरू*
*कि लड्छन् सउता समाति चुल्ठा भाँचेर कम्मर बरु*

*लड्दैछन् यी नेता रसाकसी गरी स्वार्थान्ध मत्तै भई*
*कि लड्छन् बनका ती सिंह–सिंहिनी ठड्याइ पुच्छर अरु। (१९०)*

यी उत्तक नेपाली लोकोक्ति, उखान–टुक्का, भनाइ, गाउँखाने कथा आदिलाई गर्भस्थ गरेका हुनाले नै अमौलिक मानिएका हुन् तर यीनै लोकतत्त्वलाई सही समुचित साहित्यिक प्रयोग गर्न सकेको भए लोकोक्ति अलङ्कारमूलक काव्य तयार हुन सक्थ्यो, यतातिर लेखकको ध्यान नपुगेझैं लाग्छ। त यति हुँदाहुँदै पनि लेखकको परिभाषानुसार पनि सबै रचना निखार उत्तक नै छैनन् किनभने केही शुद्ध मुक्तक पनि यसभित्र छन्।

पहिलो खण्डमा गैर–छन्दोबद्ध लामा–छोटा ३०१ उत्तक र दोस्रो खण्डमा पनि उस्तै गैर–छन्दोबद्ध मुक्तक ११८ वटा गरी ४१९ चतुष्पदी समाविष्ट छन्। यसप्रकार छ मुक्तक खण्डका अन्तिम मुक्तकको एक नमुना :

*कर्म खोटो आफ्नै रैछ, खोई कसरी भनौं ?*
*धोकाधडी कति भयो, खोई कसरी गनौँ ?*
*जीवनभरि साढेसातको दशा लागिरह्यो*
*पीडा बोकी पिल्सिरहें, खोई कसरी कनौँ?* (११८)

डिमाई साइजका २४ पृ. अगाडि र ७२ पछाडि गरी ९६ पृष्ठ, प्रकाशक लेखक स्वयं रहेको दोरङ्गा कभरसहित एक हजार प्रति छापिएका यस पुस्तकको मूल्य जम्मा रू १७५। – (विदेशमा ७ डलर) अङ्कित छ। उत्तक नौलो लेखन भएकाले पनि लेखकको प्रयास स्तुत्य छ।

## २. ‘तृतीय समर कोरोना कहर’ (कवितासङ्ग्रह)

कतै गद्यलयजस्तो कतै लोकलयको ढाँचामा रचित प्रस्तुत कवितासङ्ग्रहका आदि भाग वा ‘क’ खण्डमा ५७ हाइकु समावेश गरिएका छन् भने ‘ख’ खण्डमा कविता समाविष्ट छन्, तर यी कविता तालतालका छन्। कुनै चारचरणका उत्तकसमान पद्यात्मक, कुनै गद्यात्मक, कुनै धेरै लामा र कुनै निकै छोटा कविता यसमा समाविष्ट छन्। शीर्षकलाई तृतीय विश्वयुद्धको नाममा संरचना गरिएको छ भने विषयवस्तु पनि कोरोना नै रहेको छ। नमुना एक हाइकु :

*“जाडोको बेथा*
*यो हो कोरोना कथा*
*चिसोमा ज्यादा”* (६)

लाखौं मृतकको चिरशान्तिको कामना र जीवितलाई समवेदना दिइएको यस सङ्ग्रहका दोस्रो खण्डमा उत्तक, मुक्तक र निजी लय, लोकलयका रचना, स्तुति–बन्दना र सिलोक पनि छन्। लेखकले हाइकुमा होस् कि अन्यत्र होस् देशको अवस्था, राजनीतिक विकृति–विसङ्गति र कोरोना महामारीका बारे धेरै बोलेको पाइन्छ।

साँच्चै भन्नुपर्दा यो कृति कोरोनाले जीवन गुमाएकाप्रति समवेदना र बाँचेकाप्रतिको बधाई नै हो भन्दा फरक पर्दैन। जस्तै :

*कोविड-१९ बाट मृत्यु हुनेलाई*
*कोरोनाबाट मर्नेलाई दिनहुँ दिन्छु म अञ्जुली*
*म श्रद्धाञ्जली*
*तृतीय समर कोरोना काव्य यो पिण्डदान होस्*
*त्यही पिण्ड गरेँ अर्पण श्रद्धाले शब्द-पुष्पाञ्जली*
*सबैको आत्मालाई शान्ति मिलोस् हे कृष्ण, हरि !*
*सधैँको पूर्ण अन्त होस् कोरोना महामारी।*

पत्रकार प्रा. पुरुषोत्तम दाहालको भूमिका र लेखकको 'तृतीय समरको रचना सन्दर्भमा' मन्तव्य रहेका यस डिमाई साइजका पुस्तकभित्र ४८ पृष्ठ छन्। चार रङ्गको कभर, एक हजार प्रति छापिएका यस पुस्तकको मूल्य रु. १५०। - (६ डलर) रहेको छ । कोरोनाजस्तो समसामयिक विषयलाई तृतीय विश्वयुद्धको नाम दिएर रचित लेखकको यो प्रयास प्रशंसनीय छ।

**३. 'मलाई मन पर्छ' (बालगीति-कवितासङ्ग्रह)**

यो कृति २०६१मैं तयार भेसकेको बुझिन्छ, राष्ट्र कवि माधव घिमिरे पूर्व-कुलपति, प्रा.डा.वासुदेव त्रिपाठी उपकुलपति, विष्णुविभु घिमिरे पूर्व-उपकुलपति, वर्तमान प्रा.डा. देवी नेपालसमेतका मन्तव्यको हिसाब गर्दा सत्र वर्षका अन्तरालमा २०७८ मा प्रकाशित भएको देखिन्छ। यसलाई पनि दुई खण्डमा विभाजन गरेर खण्ड 'क' मा १८ सचित्र बालगीति-कविता समावेश गरिएका छन्, जो लोकलयमा आबद्ध छन् भने खण्ड 'ख' मा पनि लोकलयाबद्ध १९ बालगीति-कविता समाविष्ट छन्, तर चित्राङ्कन गरिएको छैन । हुन सक्छ साझाबाट फिर्ता आएपछि पछिल्ला १९ चित्ररहित कविता समावेश गरिएका होऊन् । बच्चालाई अक्षरसमेत लेख्न सिकाउने कला सिकाइएको ए-फोर साइजको यो सङ्ग्रह अगाडि आठ र पछाडि चालिस गरी ४८ पृष्ठमा अटाएको छ भने चौरङ्गी कभरले आकर्षक बनेको छ। एक हजार प्रति छापिएका यस कृतिको मूल्य १५०। - (डलरमा ६। -) रहेको छ । बालबालिकाका लागि गरिएको पहिलो प्रयास, पुस्तक ठिकै छ।

**४. 'साइनु' (लोककाव्य)**

नेपाली समाजमा प्रचलित विभिन्न किसिमका उखान-टुक्कालाई प्रयोग गर्दै लयदार बनाउने प्रयत्न गरिएको साइनु एक चित्रात्मक लोक-कवितासङ्ग्रह बन्न खोजेको प्रतीत हुन्छ। प्राज्ञ डा. तुलसी भट्टराई र प्राज्ञ प्रा.डा. हेमराज पौडेलका शुभकामनाका साथ प्रकाशित यस कृतिभित्र १२६ शीर्षकका लोकविशेषतायुक्त कविताकार रचना छरपस्टिएका छन्। यिनले कतै मानेको आकार र कतै शिखराकार

वा पिरामिडको आकार ग्रहण गर्ने प्रयत्नसमेत गरेका छन् किनभने यस प्रयत्नमा कवि भट्टको अधिकतर समय व्यतित भएको देखिन्छ।

'साइनु' एक नेपाली शब्द हो, जसको अर्थ नातागोता भन्ने नै हुने गर्दछ। नालनाता र गोत्रे भाइबन्धुहरू ज्ञाति कहलाउँछन् । यी कुलकुटुम्ब पनि हुनसक्छन्, तर साहिनु चाहिँ 'सम्बन्धिनः'को विकसित रूप प्रतीत हुन्छ र यसलाई नातेदार मान्न सकिन्छ । वैवाहिक सम्बन्ध वा मैत्री सम्बन्ध, गुरु–शिष्यसम्बन्ध, नालनाताको सम्बन्ध, रगतको सम्बन्ध, हाडनाताको सम्बन्ध र हुँदाहुँदै गोरु बेचेको साइनो वा गुन्यू लाएको साइनो वा फरियावादको सम्बन्ध पनि हुन सक्छ। जे होस् भट्टजीले यस्ता सम्बन्धलाई लौकिक दृष्टिकोणले राम्रैसँग जोड्ने काम गरेको देखिन्छ। वास्तवमा यी लोकोक्तिहरू राष्ट्रियताले भरिपूर्ण छन्, सन्देशवाहक र मननीय, पठनीय, चिन्तनीय छन् किनकि यिनीभित्र भाषा, धर्म, संस्कृति, लोकोक्ति, लोकमर्यादा, सुसङ्गत र विकृति–विहीन समाज, पारिवारिक र वैश्विक माया–प्रेम, पारस्परिक सुसम्बन्ध, केही रोचक, केही घोचक कुरा पनि रचनाको आयाममा आएका छन् । यो नेपाली लोकपरम्पराको एउटा बिर्सनै लागेको ठूलो पाटो हो, जो भट्टजीका कलमले सृजनाको धारमा ल्याउने प्रयास गऱ्यो । लोकमा यदाकदा नजानिँदो किसिमले वा बहु अर्थी भएर श्लीलतालाई बलिदान दिएका उक्ति पनि नआउने होइनन्, तर भट्टजीले तिनलाई पनि श्लील नै बनाएर पेस गर्ने प्रयत्न गरेको प्रष्टै देखिन्छ, तथापि यथावसर छेड हान्न चाहिँ पछिपरेको मान्न सकिन्न। यहाँ नारीशक्तिका सासू–बुहारी, आमा–छोरी, नन्द–भाउजू, दिदी–बहिनी, फुपू–भदई, पत्नी–सौता, राँडी–फुँडी र तिनका पीडा–व्यथा, अधिकारसम्पन्नता, सम्बन्ध–विच्छेद, सामाजिक नैतिक मूल्य–मान्यता र बाँच्ने हुटहुटीका विषयमा धेरै कुरा आएका छन्, जो मानव अधिकारका विषय बन्न सक्छन्। के नारीबिना पुरुषको अस्तित्व सम्भव छ त? यी दुबैका बाल्यावस्था, शैशव, कैशोर्य, तारुण्य, प्रौढत्व र वार्धक्यको चिन्ता तथा कसरी नारी अस्मिता जोगाउन सकिन्छ भन्ने सन्दर्भका जोडदार कुरा, लोकभावना, लोकपुकार, लोकवार्ता, लोकधुन, लोकहित, लोककर्म, लोकव्यवसाय, लोककला, लोकवृत्त, लोकजीवन, लोकमर्यादा, लोककानुन, लोकगाथा, लोककथा, लोकसाम्राज्यका उत्थानका बहानामा वर्तमान शासक र सत्तालाई झापट हान्ने खालका यी साइना त्यस्ता साइना हुन्, जहाँ लोक भन्छ – 'गाउँभरि साइना, हात धुन पाइना!' यसभित्र देश त चित्रित छँदै छ, साथै विदेश पनि अछुतो रहेको छैन दर्शनिक मान्यता पनि कम छैन।। यहाँ जनस्वास्थ्य र सोह्र संस्कार पनि आएका छन्, व्रत–पर्वबारेका भाव पनि लेखिएका छन् भने पितामाताका वृद्धावस्थामा सन्तानका कर्तव्य पनि टड्कारो रूपमा उठाइएका छन् । यहाँ कतैकतै पुराना लोकगीत, कहावत, शास्तर, सिलोक, झ्याउरे, असारे, सवाईका उतार पनि छन्, तिनका आफ्नै मूल्य–मान्यता छन् । यहां देखिएको अर्को जोडदार

प्रसङ्ग हो नेपाली कुटनीति–राजनीतिको विकृत रूपको पर्दाफास ! सत्तासङ्घर्ष, भ्रष्टाचार, सत्तासाझेदारी, गठबन्धन अनि कोरोनाको कहाली लाग्दो महामारी! भाषिक प्राधान्यमा नेपाली छ, त्यसमा कुनै शङ्का छैन तापनि लहडमा हिन्दी र कतै अङ्ग्रेजी शब्दले यत्रतत्र स्थान पाएका छन्, जो मिठै बनेको छ। हिन्दीको एक नमुना :

*'ठग से ठग लागे तब लागे ठग*
*आग से आग धसे जब मागे हग'*

केही अङ्ग्रेजी शब्दावली : नर्सरी, बेस्ट, आइस–नआइस, एनसेल, एन्टेना, एलटिटी, किचन, क्यान्टोन्मेन्ट, क्यास टेस्ट, टेलिस्कोप, टेस्टट्युब, ड्याङ, ड्रम, ड्रागन, डन, ड्रइङ टेबल, मेट्रिक, रेस्ट, रेस्टुराँ, लास्ट बेन्च, वर्कर, वाइडबडी, विकेन्ड, वेटर–वनर, शो कार्ड, सेल्फल्यान्डिङ इत्यादि।

अन्तमा अगाडिका बाह्र, पछाडिका १२८ समेत १४० पृष्ठ, चौरङ्गी कभर, डिमाई साइज, मूल्य २००।–(१० डलर) रहेको यो पुस्तक आफैमा अनौठो छ, पठनीय र सङ्ग्रहणीय समेत छ।

**५. 'सोली डोली' (लोक वेद)**

अनुप्रासयुक्त हाइकु शैलीको बृहत् ग्रन्थ, जसलाई हाइकु महाकाव्य भन्ने पारामा लोक वेदको उपाधि दिएर रचना गरिएको छ। प्रज्ञाका कुलपति गङ्गाप्रसाद उप्रेतीको 'शुभकमना', पूर्व उपकुलपति प्रा.डा. कुलप्रसाद कोइरालाको 'सुरेशकुमार भट्टलाई बधाई', प्रा.डा. कुसुमाकर न्यौपानेको 'सिर्जनशील सुरेशकुमार भट्ट', डा. हरिप्रसाद सिलवालको 'लोककाव्य सोलीडोलीको सङ्क्षिप्त समीक्षा' र पुष्कर लोहनीको 'सोली डोली खोली हेर्दा' शीर्षकबाट समुपस्थापित सोलीडोली लोक वेद भट्ट सकुमारको झट्ट हेर्दा महाकाव्याकार नै लाग्ने विशालकाय कृति हो। यसभित्र बिना खण्डका दुई पर्व 'धरती बन्दना' र 'पूर्वाङ्ग बन्दना' खण्ड 'क' भित्र संस्कृति, प्रकृति, राजनीति, समसामयिक गति, धनसम्पत्ति, जीवन गति, जुझारु गति, मायाप्रीति, प्रवृत्तिजस्ता नौपर्व रहेका छन् भने 'ख' खण्डभित्र दुईवटा प्रवास संस्कृति पर्व र प्रवास प्रकृति पर्वसमेत १३ पर्व रहेका छन्। विषयक्रममा लेखकको भूमिका पनि 'ख' खण्डमा पर्नु दुर्भाग्यकै कुरा हो, यसको खास विवरण फरक चिन्हमा यसरी दिइएको हुनुपर्थ्यो – 'ग' खण्ड 'लेखकीय भूमिका तथा स्पष्टीकरण' हाइकुको जरा खोतल्दै जाँदा, जुन कुरा अन्तमामात्र दिइएको छ। जम्मा ३३२३ हाइकु यस कृतिको पूर्ण आत्मा हो भने पर्वकै शीर्षकानुकूल विषय पनि प्रतिपादन गरिएको छ। लोक वेद भनिएकाले यसको गहिराइ काव्यकोटिक नहुन पनि सक्ने सङ्केत हो भन्ने पाठकलाई बुझ्न त्यति गाह्रो पर्ने कुरा भएन। साथै यसलाई अनुप्रासयुक्त भन्नाले पनि यो भावात्मक नभएर शब्दचित्रणप्रधान रचना हो भन्ने नै बुझिन्छ। ग्रन्थका भूमिकाहरूमा विद्वान्हरूका मत नै बाझेका छन् – कोही भन्छन् यो महाकाव्य होइन,

कोही भन्छन् – यो महाकाव्य नै हो । वास्तवमा यो कृति महाकाव्य हो र होइनकै बीचको कृति हो भन्ने जान्नु नै उपयुक्त कुरा हो भन्ने लाग्दछ। 'हाइकुको जरा खोतल्दै जाँदा' स्रष्टाको आत्मकथन पढ्दा पाठक–भावकले निर्णय गरून् भने तापनि यसमा महाकाव्य भनाउने आग्रह नै बढ्ता रहेकोजस्तो लाग्छ नत्र 'लोक वेद' जस्तो अत्यधिक उपयुक्त एवं गम्भीर अर्थपूर्ण विधानिर्धारणबाट फेरि महाकाव्यतर्फ दौड्न हुने थिएन। सृजनाअनुकूलको विधानिर्धारण त 'लोक वेद' मै भएको छ किनभने महाकाव्यभन्दा त 'लोक वेद' नै वरिष्ठ र गौरवपूर्ण श्रुतिशास्त्र हो। यस दृष्टिले पनि छिटोचाँडो स्रष्टा भट्टले महाकाव्यतर्फको अभिलाषालाई संवरण गर्नु नै उपयुक्त हुन्छ किनकि जेजस्ता तर्क आए तापनि पूर्वीय साहित्यसिद्धान्तका सन्दर्भमा जतिसुकै विधाभञ्जन भए पनि अझै महाकाव्यीय परम्परागत मूल्य, मान्यतामा त्यति साह्रो ह्रास आइसकेको छैन र बुझेका स्रष्टाले नै महाकाव्यगत वजन घटाउने प्रयास पनि गर्न हुँदैन।

प्रस्तुत 'लोक वेद' लाई उखान र टुक्का काव्य बनाउने लेखकको विनम्र प्रयास र मौखिक श्रुतिकथनको भाषा संरक्षण गर्ने पवित्र उद्देश्य राम्रैसित परिपूर्ति भएको छ। यसरी डिमाई साइजमा २८ अगाडि, माझमा २४४ र पछाडि १८ गरी जम्मा २९० पृष्ठ, चौरङ्गी आवरण, ३००।– (१५ डलर) मूल्य र प्रकाशक लेखक आफै रहेको हाइकु काव्य लौकिक कथनशैली र कथ्यभाषिक शिल्पमा प्रस्तुत भएकाले यो पठनीय, सङ्ग्रहणीय रहेको मान्न सकिन्छ।

अन्तमा, एकैचोटि धेरै कृतिप्रकाशनको चटारोले पनि हुन सक्छ, यी कृतिहरूमा भाषिक परिष्कारको पक्ष कमजोर देखापरेको छ भने विधागत पक्ष पनि फितलो नै देखिन्छ तर आगामी संस्करण वा कृतिहरूमा यो पक्ष परिमार्जित भएर आउने आशा गर्न सकिन्छ । जाँदाजाँदै कवि तथा साहित्यकार भट्ट सुकुमार उर्फ सुरेशकुमार भट्ट गोरखा भूमिलाई साहित्यिक सांस्कृतिक ऊर्जावान् बनाउने धेरै हस्तीमध्ये एक रहेको देख्न–जान्न सकिन्छ। एकैपटक पाँचपाँचवटा फरक धारका भएर पनि कतिपय अर्थमा अझ भनौं विधागत हिसाबले कविता नै भएकाले समान धारका कृति प्रकाशन गर्नुका साथै केही प्रयोगात्मक कृति जस्तो कि उक्तक नै भनौं वा लोक वेद नै भनौं अथवा हाइकु महाकाव्यकै प्रस्ताव भनौं, यी यस्ता कुरा हुन्, जसले परम्परागत मूल्य, मान्यतामा संशोधनको आवश्यकतालाई औँल्याउँछन्, त्यस्तो महत्त्वपूर्ण कार्यबाट आफ्नो ज्ञानगरिमालाई प्रसारण गर्न सकेकोमा धन्यवाद भन्दै आगामी दिनमा पनि यो गोरखाली रफ्तार अझ गतिशील रहने विश्वास गर्न सकिन्छ, लेखकलाई पुनःहार्दिक बधाई!!

२०७८।१२।२०।१

मुकामः चन्द्रागिरि नपा–१२, बलम्बु

# हरि सांस्कृतिक केन्द्र विगतदेखि वर्तमानसम्म



*–सुनील अर्याल*
सचिव - हरि सांस्कृतिक केन्द्र, गोरखा

हरि सांस्कृतिक केन्द्र एक विशुद्ध साहित्य र संस्कृतिको संरक्षणका निम्ति स्थापित संस्था हो । गोरखा जिल्ला (हाल पालुङ्टार नगरपालिकाका), लिगलिग पण्डित गाउँका पिता पं. हरिभक्त देवकोटा (वि.सं. १९६६-२०११) र माता वसुन्धरा देवकोटाबाट वि.सं. १९८६ असोज २३ गते जन्मनु भएका राजेश्वर देवकोटा प्रसिद्ध साहित्यकार, राजनीतिज्ञ र चिन्तक हुनुहुन्थ्यो । उहाँका स्वर्गीय पिता आफ्ना जमानाका प्रख्यात पौराणिक विद्वान गुरु पं. हरिभक्त देवकोटाको पुण्य स्मृतिमा २०४४ सालमा आफ्नो औपन्यासिक कृति **उत्सर्ग प्रेम**को लागि प्राप्त मदन पुरस्कार र साझा प्रकाशनबाट प्राप्त पुरस्कार रकम समेत अक्षायकोषमा राखी हरि सांस्कृतिक केन्द्र गोरखा-२०४६ स्थापना भएको हो ।

यस संस्थाले समग्र जिल्लाको कला, साहित्य, संस्कृति, गीत, सङ्गीतको खोज-अनुसन्धान गरिएका प्रकाशित कृति वा पाण्डुलिपिलाई पुरस्कार र प्रकाशन गर्दै आएको छ । गोरखा जन्मथलो वा कर्मथलो भएका स्रस्टालाई 'हरि उत्कृष्ट प्रतिभा' पुरस्कारद्वारा सम्मान गरिन्छ । जिल्लाव्यापी मा.वि. स्तरका विद्यार्थीबीच कविता, निबन्ध, वक्तृत्वकलाजस्ता प्रतियोगितात्मक क्रियाकलापका माध्यमबाट नवोदित प्रतिभाहरूलाई पुरस्कारद्वारा प्रोत्साहित गर्दै भाषा, साहित्य, संस्कृतिप्रति अभिरुचि जगाउने कार्य गर्दै आएको छ । विगत ३३ वर्षदेखि क्रियाशील यस संस्थाबाट हालसम्म पाण्डुलिपि पुरस्कृत गर्नुका साथै नौवटा कृति प्रकाशन गरिसकेको छ । उपन्यास, महाकाव्य, खण्डकाव्य, कवितासङ्ग्रह, नियात्रा, डायरीलेखन, सम्पादित कृतिसमेत विभिन्न विधाका करिब दुई दर्जन कृतिका सर्जकहरू पुरस्कृत एवं सम्मानित भइसक्नु भएको छ । संस्थापक संरक्षक राजेश्वर देवकोटा (स्व.) र प्रा.डा. वासुदेव त्रिपाठीको अभिभावकत्व एवं मोहननारायण श्रेष्ठ (स्व.) को अध्यक्षतामा स्थापित यस केन्द्रको वर्तमान अध्यक्ष श्री केदारनाथ खनाल रहनु

भएको छ । जिल्लाको सदरमुकाम गोरखा नगरपालिका वडा नं. ६, शक्तिमार्गमा आफ्नै भवनमा कार्यालय सञ्चालन, साहित्यिक गोष्ठी, सभा समारोह, सेमिनार आदि गतिविधिहरू हुँदै आएका छन् र निकट भविष्यमा एउटा व्यवस्थित पुस्तकालय सञ्चालन गर्ने लक्ष्य रहेको छ । २०७४ साल फागुन १० गते पुनर्गठित कार्यसमिति यसप्रकार रहेको छ :

अध्यक्ष श्री केदारनाथ खनाल, उपाध्यक्ष डा. प्रभा कैनी र श्री दिलीप देवकोटा, सचिव श्री सुनील अर्याल, कोषाध्यक्ष श्री सलिल देवकोटा, सहसचिव श्री ईश्वरीप्रसाद मरहठ्ठा, सदस्यहरू श्री विजयराज न्यौपाने, श्री गीता रेग्मी र श्री विष्णुप्रसाद पोखरेल ।

यस केन्द्रले आफ्नो स्थापनाको दोस्रो वर्षदेखि उत्कृष्ट प्रतिभाहरू खोजी गर्दै 'हरि उत्कृष्ट प्रतिभा पुरस्कार' द्वारा सम्मान गर्दै र पाण्डुलिपिसमेत छापिदिएर प्रतिभाहरूलाई प्रोत्साहान गर्ने गर्दै आएको व्यहोरा सङ्क्षेपमा उल्लेख गरिन्छ :

- २०४८ सालमा रामनारायण जोशीको मलाई **विभाजित नगर** कवितासङ्ग्रहको पाण्डुलिपिलाई पुरस्कृत गरी केन्द्रले नै प्रकाशन गरेको ।
- २०४९ सालमा भीम राना जिज्ञासुको **समयको आवाज** कवितासङ्ग्रहको पाण्डुलिपिलाई पुरस्कृत गरी केन्द्रले नै प्रकाशन गरेको ।
- २०५० सालमा विष्णुप्रसाद धितालको **नि** कवितासङ्ग्रह पुरस्कृत भएको ।
- २०५१ सालमा वि.पि. गोरखालीको **कवितासङ्ग्रह** पुरस्कृत भएको ।
- २०५२ सालमा विनोदप्रसाद धितालको **योजन गन्धा** उपन्यास पुरस्कृत भएको ।
- २०५३ सालमा तीर्थराज वन्तको **आँखामा हिजोको इतिहास** पुरस्कृत भएको ।
- २०५४ सालमा धन्न्जय भट्टको **यत्न** कवितासङ्ग्रह पुरस्कृत भएको ।
- २०५५ सालमा दीनानाथ शर्माको **नेपाली साहित्यमा गोरखा** अनुसन्धानमूलक कृति पुरस्कृत भएको ।
- २०५६ साल र सो पछि २०६३ सालसम्मका दिनहरूमा, देशको राजनैतिक र सामाजिक समस्याहरूको बीचबाट उठेर अस्थिरता तथा अराजकता हुँदाहुँदै पनि यस संस्थाले आफ्नो निरन्तरतालाई कायम राख्दै प्रत्येक वर्ष कुनै न कुनै विधाका सर्जक सम्मानित हुँदै आउनु भएको छ । यसै अवधिमा राजुबाबु श्रेष्ठको **मनहरू** कवितासङ्ग्रह, सुशीलबाबु श्रेष्ठको **कालखण्ड** उपन्यास, नेत्रमणि आचार्यको **दर्जी सुजेरो** कवितासङ्ग्रह, रुद्रनाथ पोखरेलको पूर्णप्रसाद

ब्राह्मणको **साहित्यिक योगदान** खोजमूलक लेख, सीता अर्यालको **उपमा** कथासङ्ग्रह, शिवहरि मरहट्टाको **मति विनोद** काव्य र रामशरण शर्माको सम्पादकत्वमा प्रकाशित **गायत्री गणेश स्मृतिग्रन्थ** पुरस्कृत भएका छन् । त्यसैगरी नारायणप्रसाद खनालको **गोरखा डायरी** र धनेश्वर भट्टराईको **गोरखागाथा** खण्डकाव्य पनि प्रकाशित र पुरस्कृत भएका छन् ।

- २०६४ सालमा नारायणप्रसाद पोखरेलको **प्रतिबिम्ब** कवितासङ्ग्रह पुरस्कृत ।
- २०६५ सालमा केदारनाथ खनालको **यात्राका स्पन्दनहरू** नियात्रासङ्ग्रह पुरस्कृत ।
- २०६६ सालमा डा. प्रभा कैनीको **अनावृत** उपन्यास पुरस्कृत ।
- २०६७ सालमा तुलसी न्यौपानेको **महादेशीय यात्रा** नियात्रासङ्ग्रह पुरस्कृत ।
- २०६८ सालमा विकलचन्द्र आचार्यको **मोह** उपन्यास पुरस्कृत ।
- २०६९ सालमा तुलसीमानश्रेष्ठको **लोकगीत परिचय र विश्लेषण** पुरस्कृत ।
- २०७० सालमा रमेशचन्द्र देवकोटाको **स्वाभिमान** महाकाव्य पुरस्कृत ।
- २०७१ सालमा डा. फणिन्द्रराज देवकोटाको **हिमालपारि** महाकाव्य पुरस्कृत ।
- २०७२ सालमा सीताराम अधिकारीको **आँधी** कवितासङ्ग्रह पुरस्कृत ।
- २०७३ सालमा राजेन्द्र अर्यालको **माल्भा** नियात्रासङ्ग्रह र नगेन्द्र न्यौपानेको **कङ्गो र इथियोपियाको सेरोफेरो** यात्रा संस्करण (संयुक्त) पुरस्कृत ।
- २०७४ सालमा कवि त्रयोदशको **आरोहण** महाकाव्य पुरस्कृत ।
- २०७८ साल माघ २३ गते श्रीपञ्चमीको पावन अवसरमा कृति लोकार्पणसहित २०७५, २०७६, २०७७ र २०७८ सालको पुरस्कारद्वारा स्रष्टा सम्मान गर्ने योजना रहेकोमा कोरोना कहरका कारण स्थगित कार्यक्रम २०७९ जेष्ठ २८ गते संस्थाको आफ्नै भवन गोरखामा विशेष समारोहका बीच आयोजना गरिँदै छ ।

●●●

"म दुईटै आँखाले हेर्छु– अन्ध परम्परावादमा, अभिचार विधिमा, मूर्तिपूजामा समय खेर फाल्दिनँ तर म वैदिक आस्तिक हुँ । यो ब्रह्माण्ड चलाउने कोही छ त्यसैलाई म ईश्वर मान्छु । भौतिकवादीहरू प्रकृति भन्छन् । जे भने पनि सञ्चालक शक्तिशाली छ, हामी शक्तिको वशमा छौँ ।"

राजेश्वर देवकोटा, **माया** (२०६८) पृ. २१ बाट

# राजेश्वर देवकोटाका प्रकाशित कृतिहरू

| क्र.सं. | कृतिको नाम | विधा | प्रकाशन साल | प्रकाशक |
|---|---|---|---|---|
| 1 | शाही भोज | निबन्ध | 2014 | |
| 2 | राम्रो नेपाली साहित्य (९ भाग) | सहलेखन जनकलाल शर्मा | 2017 | रत्न पुस्तक भण्डार |
| 3 | नेपाली व्याकरण | व्याकरण | 2018 | सहयोगी प्रकाशन |
| 4 | नेपाली निबन्धावली | सहलेखन जनकलाल शर्मा | 2019 | रत्न पुस्तक भण्डार |
| 5 | असल पञ्चको लागि अनिवार्य पाठ | राजनैतिक लेख | 2024 | |
| 6 | निबन्ध र चिठ्ठी | सहलेखन जनकलाल शर्मा | 2026 | एजुकेशनल इन्टरप्राइजेज |
| 7 | हाम्रा पुर्खाहरू | जीवनीसङ्ग्रह | 2055 | साझा प्रकाशन ईश्वरचन्द्र देवकोटा |
| 8 | युगल काव्य | हास्यव्यङ्ग्य | 2039 | कौवा प्रकाशन |
| 9 | आवर्तन | उपन्यास | 2041, 073 | साझा प्रकाशन, लिपि बुक्स प्रा.लि. |
| 10 | द्वन्द्वको अवसान | उपन्यास | 2044, 075 | साझा प्रकाशन, लिपि बुक्स प्रा.लि. |
| 11 | पूर्वकथा | उपन्यास (नवौँ सं.) | 2043, 2075 | साझा प्रकाशन, लिपि बुक्स प्रा.लि. |
| 12 | उत्सर्ग प्रेम | उपन्यास | 2044, 075 | जनकलाल शर्मा र लिपि बुक्स प्रा.लि. |
| 13 | पूर्णिमा | उपन्यास (नवौँ सं.) | 2054 2075 | साझा प्रकाशन लिपि बुक्स प्रा.लि. |
| 14 | विनोद पुष्पाञ्जलि | काव्य | 2058 | आँखा प्रकाशन |
| 15 | डबली Journey's End | उपन्यास English Transleted | 2059 2068 | साझा प्रकाशन Adarsha Enterprises |
| 16 | पाँच कथा | कथासङ्ग्रह | 2067 | शब्दार्थ प्रकाशन |
| 17 | स्वन | काव्य | 2067 | शब्दार्थ प्रकाशन |
| 18 | आफू-आफैमा | संस्मरण | 2067 | |
| 19 | महाराजको भूत | उपन्यास | 2068 | हिमालय बुक स्टल |
| 20 | माया | संस्मरणात्मक जीवनी | 2068 | नइ प्रकाशन |
| 21 | विश्वास | उपन्यास | 2071 | सेन्चुरी प्रिन्टिङ |
| 22 | वसन्त काव्य | काव्य | 2071 | हिमालय बुक्स |
| 23 | आत्मकथा | आत्म कथा | 2073 | ईश्वरचन्द्र देवकोटा |
| 24 | उदारवाद | राजनैतिक लेख | 2065 | राष्ट्रिय प्रजातन्त्र पार्टी |